वर्ष : १३, अंक : ३६, काठमाडौं, २०७४ पुस १४ गते शुक्रबार 29 December 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस्।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

# चुनाव पछिको मधेश

## मुद्दा जोगाउने कि सत्तामा जाने ?

## एकीकरणको "राजनीति"

काठमाडौं। प्रतिनिधिसभा र प्रदेशसभाको चुनावले एउटा स्पष्ट सन्देश दिएको छ-त्यो हो मधेशका दुई शक्तिबीचको एकीकरण। दुई शक्ति मिले मधेशको नम्बर एक शक्ति बन्न सक्छ। प्रदेश सभा र संसदको चुनावमा पनि उनीहरूले मधेशमा स्वीप गरेको छ। मधेश आन्दोलन र हालै सम्पन्न भएको तीनै तहको चुनावले खोजेको एउटै मुद्दा भनेको मधेशी दलहरूको एकीकरण हो। तर के उनीहरूबीचको एकीकरण सम्भव छ या एकीकरणको नाममा राजनीति मात्र भइरहेको छ।

मधेशले खोजेको संविधान संशोधन सम्भव बनाउन सबैभन्दा चाहिने, सबैभन्दा महत्वको कदम नै यो एकीकरण हो। यहि कुरालाई ध्यानमा दिएर यस वर्षकै प्रारम्भमा गत बैशाख पहिलोसाता ६ वटा मधेशी दल मिलेर राजपा भन्ने एकीकृत दलको निर्माण भयो भने अब राजपा र संघीय समाजवादी फोरमबीच एकीकरणका लागि जनस्तरबाट दबाब सिर्जना भएको छ। यद्यपी हालैको निर्वाचनमा दुबै दलले तालमेल गरी लड्दा सम्मानजनक मत पाएका छन् भने मधेशबाट काँग्रेस, एमाले र माओवादी केन्द्रको 'पत्ता साफ' भएको छ। एकतामै बल छ भन्ने सिद्धान्तको प्रमाणीकरण यो चुनावले प्रष्टसँग दिएको छ।

यद्यपी पछिल्लो तालमेलको कुरा वाम र लोकतान्त्रिक गठबन्धनको निर्माणको परिणति पनि हो, जसले मधेशी दल खासगरी राजपा र संघीय फोरमलाई एक आपसमा तालमेल गर्न बाध्य पार्‍यो। बृहत् वामपन्थी समीकरणमा नेकपा एमाले र माओवादी केन्द्र मिसिएपछि मधेशी दलले पनि एकता प्रक्रिया अगाडि बढाएका छन्। प्रतिनिधिसभा र प्रदेशसभाको चुनावमा भएको तालमेल दीर्घकालीन एकताका लागि पहल हो भने यसलाई सुखद सुरूवात मान्न सकिन्छ। एमाले-माओवादी गठबन्धनले मधेशी दललाई आफ्नो समीकरणमा समेट्न राजपा फोड्ने प्रयास गरिरहेका बेला दुई मधेशी दलबीच एकता अपरिहार्य छ।

राजपा र फोरमकै नेताहरूका अनुसार निर्वाचन अघिको तालमेल र दीर्घकालीन रूपमा पार्टी एकताबारे छलफल चलिरहेको छ। यदि वामपन्थी एकताले उनीहरूलाई झस्काएको छ भने अब मधेशका मुद्दामा लडिरहेका दलहरू किन नमिल्ने ? मुद्दा समान छन्, फरक-फरक रूपमा किन जाने भन्ने प्रश्न पनि तेर्सिएको छ। राजपा र संघीय फोरमबीच चुनावमा तालमेल गर्ने सहमति भएपछि मधेशमा उत्साह छाएको थियो। मधेशी जनता तालमेल मात्र होइन, सबै मधेशी दलबीच एकीकरण भएको हेर्न चाहेका छन्। यो एकीकरण सम्भवत: संघीय प्रदेश अघि भयो भने मधेशका २० जिल्लामा मधेशी दल एक नम्बरमा आउने पक्का छ।

पछिल्ला राजनीतिक दृश्यले मुलुकको राजनीतिक कोर्स बदलिएको संकेत गर्दैछ। एक दशकअघि सुरू भएको क्षेत्रीय, जातीय राजनीतिक मुद्दाले राष्ट्रिय स्वरूप धारण गर्ने अवस्था देखिएको छ। एकीकृत हुनु आफैँमा सकारात्मक पक्ष हो तर क्षेत्रीय र जातीय राजनीतिक धरातलबाट ती दलले कसरी राष्ट्रिय स्वरूप लिन्छन् त्यो भने प्रतीक्षाको विषय बनेको छ। राजनीतिक दृश्यमा ठूलो आकार लिएका नवघोषित राजपा र संघीय समाजवादी फोरमको एकीकरणका आआफ्नै किस्ता छन्। राजपामा ६ वटा दल एकीकृत हुनु र संघीय फोरमलाई अहिले एकीकरणको लागि दबाब पर्नु पछिल्लो मत परिणामको अवस्था हो। तर फरक फरक राजनीतिक धारका यी दुई दलले तराई मधेशको राजनीतिक माहौलमा कस्तो भूमिका खेल्छन् त्यसले भोलिको त्यहाँको राजनीति निर्देशित गर्नेछ। कारण, मधेश शब्द पार्टी नामबाट 'डिलिट' गरेका भए पनि मधेशको राजनीतिक मसला त्याग्न सक्ने अवस्थामा दुवै पक्ष शायद छैनन्। मधेश आन्दोलन मधेशी पहिचान, अधिकार र समावेशितासँग सम्बन्धित थियो र छ पनि। ती अधिकार दलहरूका दृष्टिमा राजनीतिक अधिकार हुन् र प्रमुखताका साथ संघीयतालाई महत्व दिइएको थियो। अहिले संघीयताको चुरो कुरा सम्बोधन हुने दिशामा छ। तर तराई मधेशमा व्याप्त जातीय, भाषिक, लैंगिक विभेद, धनी-गरिबको भिन्नता, छुवाछूत, कुरीति र भौतिक समाजिक विकासमा समग्र मधेश मुलुकको अन्य क्षेत्रमा भन्दा पछाडि देखिन्छ। सामाजिक अजेन्डामा उदासीन मधेशी दलले एकाएक राष्ट्रिय स्वरूप धारण गरेपछि मधेशका खास सामाजिक मुद्दामा ध्यान दिन्छन् वा दिँदैनन, मधेशबारे कस्तो नीति लिन्छन, त्यसैमा मधेशको भावी राजनीति निर्भर रहन्छ।




**मधेशवाणी डेस्क**

काठमाडौं। हालै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको चुनावपछि मधेशमा दुई मधेशी पार्टी तथा राष्ट्रिय दलको मान्यता पाएका राष्ट्रिय जनता पार्टी (राजपा) र संघीय समाजवादी फोरम क्षेत्रीय शक्तिको रूपमा फेरि उदाएको छ। निर्वाचनको परिणामले उनीहरू मधेशमा मात्र होइन, राष्ट्रिय राजनीतिमा फेरि पनि निर्णायक शक्ति बन्ने संकेत देखिएको छ।

दुबै मधेशी दलहरू चुनावमा सविधान संशोधनलाई मुख्य एजेण्डा बनाएर सहभागी भएका थिए। धेरै हदसम्म सो एजेण्डामार्फत जनतालाई प्रभावित पारेर उनीहरू जीत पनि हात पारेका छन्। र, जनताले फेरी उनीहरूको कुरालाई विश्वास गर्दै मत पनि दिए। मधेशी दलबाट उम्मेदवारी बनेकालाई जिताएर पठाए पनि संसदमा गणितको हिसाब मिल्दैन भन्ने सामान्य अंकगणितलाई मतदाताले कुनै चासो दिएन। अहिले आएर त्यहीँ हिसाब मलेको छैन। अहिले पनि वाम गठबन्धन र काँग्रेसले सविधान संशोधन गराउन नचाहेसम्म संशोधन हुने अवस्था छैन। यस्तोमा मधेशी दलले एउटा तप्कालाई फकाएर मात्र नहुन सक्छ। त्यसका लागि उनीहरूले वाम गठबन्धन र काँग्रेससँग समदुरी बनाएर बस्नु बाहेक अरू कुनै विकल्प छैन। निर्वाचन परिणाम अनुसार समानुपातिकबाहेक प्रतिनिधिसभाको प्रत्यक्षमा एमाले एक्लैले ८०, माओवादी केन्द्रले ३६, नेपाली काँग्रेसले २३ सीट ल्याएको छ। उता राजपा नेपालले ११ र फोरम नेपालले १० सीट ल्याएका छन्। दुइटै दलको मिलाएर २१ सीट मात्र हुन्छ। प्रत्यक्षमा वाम गठबन्धनको ११६ सीट छ। समानुपातिकको मतबाहेक पनि हिसाब गर्दा मधेशी दलहरूले अन्य दलको सहयोग बिना सविधान संशोधन कुनै पनि हालतमा गराउन सक्दैन। र, वाम गठबन्धन र काँग्रेसका लागि सविधान संशोधन गर्नु बाध्यता पनि छैन। किनभने सविधान संशोधन उनीहरूको मुख्य एजेण्डाभित्र पर्दैन। स्मरणीय रहोस्, चुनाव प्रचारका लागि प्रदेश २ मा एमाले अध्यक्ष केपी ओली र प्रचण्ड भने गएका थिएनन्। परिणमत: बाम गठबन्धनले त्यहाँबाट सोचेको जस्तो सीट ल्याउन सकेन। काँग्रेसको हविगत पनि अत्यन्तै खराब रहेको छ। यसकारण सविधान संशोधन उनीहरूका लागि बाध्यता नहुन सक्छ।

**सजिलो छैन संशोधन**

मधेशी दलले दुई नम्बर प्रदेशमा सरकार गठन गर्ने तयारी गरिरहेका छन्। यदि प्रदेश २ मा राजपा र संघीय फोरमको नेतृत्वमा सरकार गठन भयो भने सविधान संशोधनका लागि आन्दोलन गर्न उनीहरूलाई त्यति सजिलो हुने छैन।

आन्दोलनको केन्द्रविन्दु प्रदेश २ नै हो। सविधान संशोधनको कुरा सबभन्दा बढी त्यहींबाट उठेको छ। आन्दोलन गर्ने शक्ति नै त्यहाँ सरकार बनायो भने केन्द्रलाई संशोधनका लागि दवाब दिन गाह्रो पनि हुनेछ। यसकारण, राजनीतिक र नैतिक रूपमा आन्दोलनको कमाण्ड सम्हाल्न मधेशी दललाई गाह्रो हुनेछ यसपटक। मधेशका विश्लेषकहरूका अनुसार तीन ठूला दलका लागि सविधान संशोधन आवश्यकता भएपनि बाध्यता भने होइन।

यद्यपी चुनावमा तीन ठूला दलले पनि सविधान संशोधनको मुद्दालाई आफ्नो एजेण्डा बनाएका थिए। तर त्यो अनुसार मधेशी जनताबाट मत नपाएपछि उनीहरू यसबाट पछाडि हट्न सक्छन्। तर सविधान संशोधन गर्नु आवश्यक छ भनेर संशोधन गर्न ती दलहरू पनि तयार हुनुपर्ने जरूरी हुन्छ। तर संविधान संशोधन गरिएन भने देशमा द्वन्द्व कायम नै रहन्छ त्यो कुरा काँग्रेस, एमाले र माओवादी केन्द्रका नेताले बुझ्नुपर्छ। एमाले ठूलो दल बनेको छ। सम्भवत: उसको नेतृत्वमा सरकार गठन हुन्छ। सविधान संशोधनको प्रस्तावमाथि बहस र छलफल गराउने काम सरकारको हुन्छ। तर, शुरूदेखि नै एमाले सविधान संशोधनप्रति सकारात्मक नदेखिएकाले उसको चासो नहुन सक्छ भन्ने विश्लेषण पनि भइरहेको छ र यो कुराको हेक्का मधेशी दलले पनि राख्नु बुद्धिमानी हुनेछ। प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यमा जितेका मधेशी नेताहरू जनतासँग भेटघाटको क्रममा पनि सविधान संशोधन गराउने आश्वासन दिइरहेका छन्। तर कसरी गराउने ? त्यसको कुनै रोडम्याप छैन। मधेशी दलले आ-आफ्नो चुनावी घोषणापत्रमा पनि सविधान संशोधनका विषयलाई प्राथमिकताको रूपमा राखेका छन्। तर कसरी गर्ने ? त्यसको कुनै आधार प्रस्तुत गरेको छैन। उनीहरूले एउटै आधार प्रस्तुत गर्छन् 'त्यो हो आन्दोलन।' तर के संविधान संशोधनका लागि आन्दोलनको औचित्य अब फेरि छ वा मधेशी दलहरू फेरि आन्दोलन गर्ने क्षमता राख्नछन् भन्ने अर्को बहसको विषय हो।

**सत्तामा साने सम्भावना**

वाम एकतामा भइरहेको ढिलाइले केन्द्रमा सरकार गठन प्रक्रिया पनि अवरूद्ध भएको छ। यद्यपी राष्ट्रपतिबाट राष्ट्रियसभासम्बन्धी अध्यादेश पनि पारित नहुँदा नयाँ सरकार बन्न सकेको छैन। तर नयाँ सरकार बन्न जति-जति ढिलो हुँदैजान्छ, सत्ता समीकरण पनि बद्लिदै जाने सम्भावना पनि रहन्छ। यहि सम्भावनालाई दृष्टिगत गरी एमाले अध्यक्ष केपी ओलीले संघीय फोरमका अध्यक्ष उपेन्द्र यादवसँग भावी समीकरणका लागि छलफल गरेर मधेशी दललाई पनि सत्तामा ल्याउने योजना बनाउन थालेका छन्। किनभने विगतमा सत्ताकेन्द्रित राजनीति गरेको आरोप लाग्ने गरेका मधेशी दल फेरि पनि नयाँ संसदमा पनि सत्ता राजनीतिको जोड घटाउका लागि निर्णायक पात्र बन्ने सम्भावना छ। नेकपा एमालेको नेतृत्वमा बनेको वामपन्थी गठबन्धनले फोरमलाई सरकारमा सहभागी गराउन गरेको प्रयास यसै कुरालाई संकेत गर्छ। स्थानीय तहको चुनाव अगाडिसम्म 'संविधान पुनर्लेखन'को नारा चर्काएका मधेशी दलहरूले अहिले 'संविधान संशोधन'लाई राजनीतिक एजेण्डा बनाएका छन्।

नेकपा माओवादी केन्द्रले समर्थन नगरेको अवस्थामा पनि संसदमा सामान्य बहुमत पुर्‍याउन एमालेलाई फोरम, राष्ट्रिय जनमोर्चा लगायत साना दलको समर्थन भए पुग्ने भएकोले फोरमको संख्यालाई महत्वपूर्ण ठानिएको छ।

फोरमलाई सरकारमा सहभागी गराउन नेकपा एमालेले प्रयत्न गरिरहेको छ। फोरमलाई लिएर बहुमतको सरकार बनाउँदा आलोपालो सरकार गठनको लफडा नउठ्ने एकथरिको विश्लेषण छ। एमाले फोरमसँग लहसिएको माओवादी वृत्तमा चर्चा छ।

प्रदेश नम्बर २ मा भने प्रदेश सरकार गठनका लागि मधेशी दुई दल नै निर्णायक बन्ने छन्। तालमेल गरेर चुनावमा गएका राजपा र फोरमले प्रदेश सभामा मिलिजुली सरकार बनाउने तयारी शुरू गरेका छन्।

यद्यपी फोरम अध्यक्ष स्वयं आफूहरूको रूची सत्तामा नभएको प्रष्टीकरण दिइरहँदा पनि उनी संविधान संशोधनमा वाम गठबन्धन लचिलो भए, ठोस प्रतिवद्धता ल्याए भने सरकारमा जान सकिने खालको द्विअर्थी कुरा गरेर भ्रम सिर्जना गरेका छन्। यस्तै खालको अभिव्यक्ति राजपाका नेताहरूबाट पनि आउने गरेको छ।

राजपा भने एमालेप्रति लचक नभएपनि उ एमाले बाहेकको गठबन्धन बने त्यसलाई सघाउने पक्षमा रहेको छ। तर महत्वपूर्ण मन्त्रालयको 'अफर' आयो भने राजपा र संघीय फोरम दुबै 'संविधान संशोधनका लागि भन्दै' सत्तामा जान सकिने सम्भावनालाई नकार्न सकिदैन।

## प्रदेशसभा समानुपातिकमा कुन दलले कति सिट पाए ?

काठमाडौं। प्रदेशसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फ सातवटै प्रदेशमा दलहरूले प्राप्त गरेको सिट संख्या निर्वाचन आयोगले सार्वजनिक गरेको छ। प्रदेशसभामा समानुपातिकतर्फको २२० स्थानका लागि दलहरूले प्राप्त गरेको सिट संख्यालाई अन्तिम रूप दिएको हो। समानुपातिकतर्फ प्रदेश नं. १ मा ३७, प्रदेश नं. २ मा ४३, प्रदेश नं. ३ ४४, प्रदेश नं. ४ मा २४, प्रदेश नं. ५ मा ३५, प्रदेश नं. ६ मा १६ र प्रदेश नं. ७ मा २१ गरी २२० स्थानका लागि मतदान भएको थियो। प्रदेशसभामा कूल २२० सिटमध्ये नेकपा एमालेले ७५, नेपाली कांग्रेसले ७२, नेकपा माओवादी केन्द्रले ३५, संघीय समाजवादी फोरम नेपालले १३, राष्ट्रिय जनता पार्टी नेपालले १२, राप्रपा र विवेकशील साझा पार्टीले ३/३, राष्ट्रिय जनमोर्चाले २ र नयाँ शक्ति पार्टी, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेपाल संघीय समाजवादी पार्टी, नेपाल मजदूर किसान पार्टी र राप्रपा प्रजातान्त्रिकले १/१ सीट प्राप्त गरेका छन्।

अब बन्ने मधेश प्रदेश सरकारले मधेश आन्दोलनका शहीद परिवारलाई ५० लाख दिने कुरामा विचार गर्छ।



उपेन्द्र यादव

अन्तर्वार्ता पृष्ठ ३ मा

## राष्ट्रपति र मधेशी नेताहरूबीच छलफल



काठमाडौं। राष्ट्रपति विद्यादेवी भण्डारीले मधेशकेन्द्रित दलका शीर्ष नेताहरूसँग छलफल गरेकी छन्। उनले राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका नेताहरू र संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव लगायतसँग मुलुकको समसामयिक राजनीतिक अवस्थाबारे छलफल गरेकी छन्। मंगलबार साँझ राष्ट्रपति भवन शितल निवासमा राष्ट्रपति भण्डारी र राजपा अध्यक्षमण्डलका संयोजक महन्थ ठाकुर, नेताहरू राजेन्द्र महतो, शरत्सिंह भण्डारी, अनिलकुमार झा, राजकिशोर यादवबीच भेटघाट भएको हो। राजपा नेताहरूले राष्ट्रियसभा गठनसम्बन्धी अध्यादेश स्वीकृत गर्न सुझाव दिएका थिए। राजपा अध्यक्षमण्डलका एक नेताका अनुसार राजनीतिक गतिरोध अन्त्यका लागि राष्ट्रपतिले आफूहरूसँग छलफल गरेकी छन्। राष्ट्रपति भण्डारीले चुनावीमा सहभागी भई निर्वाचित भएका राजपाका नेताहरूलाई बधाई दिदैं मुलुकका मुख्य राजनीतिक पार्टी जिम्मेवार हुनुपर्ने र वर्तमान अवस्थामा देखिएको गतिरोधलाई धैर्यतापूर्वक अगाडि बढाउनुपर्ने बताइन्। यसैगरी राष्ट्रपति भण्डारी र संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्रबीच सोमबार छलफल भएको थियो।

## फोरमसँग छिट्टै पार्टी एकता हुने महतोको दाबी



काठमाडौं। राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोले संघीय समाजवादी फोरम र राजपा नेपालबीच तत्काल पार्टी एकता हुने दाबी गरेका छन्। काठमाडौंमा भएको साक्षात्कारमा बोल्दै नेता महतोले तत्काल फोरमसँग एकता प्रक्रिया सुरू गर्ने विश्वास दिलाए। उनले भने,'राजपा र फोरमवीच एकता हुन्छ, यसमा कुनै दुई मत छैन, कुरा मिलेको दिन एकता हुन्छ, अहिलेको जनमत पनि दुई वटा पार्टी एकताको लागि नै हो, एकता अहिले हाम्रो प्राथमिकतामा छ।' साक्षात्कारमा उनले ६ वटा पार्टी मिलेर राजपा बनाएको उल्लेख गर्दै अब फोरमसँग पनि एकता हुनेमा शंका नगर्न आग्रह गरे। त्यस्तै उनले २ नम्बर प्रदेशमा राजपा र फोरम गठबन्धनको सरकार बनाउने समेत दाबी गरे। उनले भने,'मुख्यमन्त्री दुई वटा पार्टीमध्ये एउटाबाट बन्नुपर्छ, फोरमबाट बन्दा पनि ठिकै छ, हामीलाई कुनै आपत्ति छैन, उहाँहरूको नै बढि सिट छ।' आफूहरूले निर्वाचनलाई आन्दोलनकै रूपमा उपयोग गरेको उल्लेख गर्दै नेता महतोले भने,'निर्वाचनमा हाम्रो विजयीसँगै आन्दोलनको जीत भएको छ, सहिदको पक्षमा मतदान भएको छ, यो वास्तवमा मधेश आन्दोलनको जित हो, आन्दोलनको जुन एजेण्डा थियो, त्यसको जित हो।' धनुषा निर्वाचन क्षेत्र नम्बर ३ बाट प्रतिनिधि सभाका लागि विजयी सांसद समेत रहेका नेता महतोले निर्वाचनपछि आफूहरूको राजनीतिक केन्द्रविन्दु र एजेण्डाको केन्द्रविन्दुमा संविधान संशोधन रहेको बताए। उनले भने,'संविधान संशोधन र जनताको अधिकारलाई केन्द्रविन्दुमा राखेर हामी अघि बढेका छौं।' उनले आफूहरूको ध्यान सरकार बनाउने तिर नभएको समेत स्पष्ट पार्दै भने,'केन्द्रीय सरकार बनाउने तिर हाम्रो कुनै चासो र ध्यान छैन, हामी त संविधान संशोधनको पक्षमा छौं, संशोधन नहुञ्जेलसम्म हामी आन्दोलनमै रहन्छौं, संघर्ष गर्छौं।'

## राजपाले सांसद चौधरीबारे कानूनी उपचार खोज्ने



काठमाडौं। राष्ट्रिय जनता पार्टीले टीकापुर घटनाका मुख्य अभियुक्त एवम सांसद रेशम चौधरीको विषयमा राजनीतिक र कानूनी उपचार खोज्न पार्टी नेतृत्वको ध्यानाकर्षण गराएको छ। राजधानीमा बसेको राजपाको राजनीतिक समितिको बैठकले चौधरीको विषयमा स्पष्ट धारणा तय गर्न नेतृत्वलाई सुझाउने निर्णय गरेको हो। टीकापुर घटनापछि फरार रहेका चौधरी गत मंसिर २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा कैलाली १ बाट विजयी भएका थिए। चौधरीलाई प्रहरीले जहाँ भेटे पनि नियन्त्रणमा लिएर अदालतमा पेस गर्ने यसअघि नै जानकारी गराइसकेको छ। यस्तै बैठकले प्रदेश सभाको समानुपातिक तर्फ प्राप्त सिटका आधारमा उम्मेदवार तय गर्ने जिम्मा अध्यक्ष मण्डललाई दिएको छ। निर्वाचन आयोगले सार्वजनिक गरेको प्रदेशसभा तर्फको सिट बाँडफाँटमा राजपाले १२ सिट पाएको छ। प्रदेशसभा तर्फको उम्मेदवारको नामावली तय गरेर पठाउन निर्वाचन आयोगले दलहरूलाई पत्राचार गरिसकेको छ।

**संघीय बहस** — संगीता रेग्मी



## प्रदेश २ को राजधानी : जनकपुर कि वीरगञ्ज ?

**मधेशी दलले आठवटै जिल्लामा अन्तरक्रिया, सम्वाद, सहमति र मेलमिलापको माध्यमबाट प्रदेशको राजधानी र नाम टुंगो लगाउनु उत्तम हुन्छ। यसले विवाद निम्त्याउँदैन भने सबैको सहमति र सहकार्यलाई समेट्न सक्छ।**

राणाकाल, प्रजातन्त्र, पञ्चायती व्यवस्था पार गर्दै लोकतान्त्रिक गणत्रतात्मक मुलुकको रूपमा पहिचान बनाएको नेपाल अब बहुदलीय व्यवस्थाबाट संघीय व्यवस्थामा अगाडि बढिसक्को छ। संविधानसभाबाट बनेको संविधान कार्यान्वयनको चरणमा स्थानीय, प्रदेश र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भईसकेपछि अब प्रदेशको राजधानी कहाँ बनाउने भन्ने बहस सुरू भएको छ।

'समग्र मधेश स्वायत्त प्रदेश' को माग गर्दै २०६३ सालमा अन्तरिम संविधान घोषणा भएदेखि आन्दोलनमा रहेका मधेशी दलहरूले २०७२ सालमा नयाँ संविधानको घोषणासम्म आइपुग्दा मधेशमा दुई प्रदेश भन्ने नारा लिएर अगाडि बढे।

मधेशलाई ६ भागमा विभाजित गरी ७ प्रदेशको खाका आइसकेपछि पनि यसको विरोधमा मधेशमा आन्दोलन चर्कियो। मधेशका आठवटा जिल्लालाई दुई नम्बर प्रदेश बनाएर अन्य भू-भागलाई पहाडसँग मिसाएर सीमांकन गरियो। विभिन्न पार्टीका नेताहरूले आफ्नो चुनाव क्षेत्र सुरक्षित राख्नका लागि कुनै जिल्लालाई दुई भागमा विभाजन गरी सीमांकन गरे।

मधेशका २२ जिल्लालाई आफ्नो क्षेत्र मान्दै आएका मधेशी दलहरू अन्तत: प्रदेश नम्बर दुईको आठवटा जिल्लामा सीमित हुन पुगे।

निर्वाचनको प्रचारपसारको क्रममा सबै दलका नेताहरूले आफ्नो क्षेत्रलाई प्रादेशिक राजधानी बनाउन पहल गर्ने भन्ने चुनावी एजेण्डा बनाए। तर अहिलसम्म सात वटै प्रदेशको राजधानी कहाँ बनाउने भन्ने टुंगो लागेको छैन्। यद्यपी सरकारले सात वटै प्रदेशको अस्थायी मुकाम तोके पनि स्थायी राजधानीका लागि हरेक तह, तप्का र वर्गबाट दबाब र माग भइरहेको छ।

अहिले चर्चामा रहेको प्रदेश २ को राजधानी जनकपुर कि वीरगन्ज भन्ने बहस सतहमा आएको छ।

पहिलो पटक प्रदेश राजधानी बन्न लागेको परिपेक्ष्यमा यस्ता माग र दाबी आउनु स्वभाविक हो। प्रदेश २ का जनतालाई वीरगञ्ज र जनकपुर उतिकै प्यारो छ तर आम चासो भनेको राजधानी कहाँ बनाउने भन्ने हो।

यद्यपी जनकपुर र वीरगञ्ज प्रदेश राजधानीका लागि उपयुक्त स्थल हो र सरकारले तत्कालका लागि अस्थायी राजधानी जनकपुरलाई नै तोकपछि सम्भवत: जनकपुरको सम्भावना बढी नै छ।

तर संविधानत: प्रदेश राजधानी तोक्ने अधिकार प्रदेशसभालाई रहेकाले उसको निर्णय नआएसम्म अहिलेलाई केही भन्न सकिन्न। तर उसले पनि वीरगञ्ज र जनकपुरबाहेक अन्य ठाउँलाई राजधानी नबनाउने करिब निश्चित छ।

**जनकपुर किन ?**

प्राचीन मिथिलाको राजधानी जनकपुर प्रादेशिक राजधानीका रूपमा पुन: तयार हुँदैछ। राजा जनकको मिथिला राज्यमा जनकपुर एक समृद्ध, सक्षम र विद्वानहरूको कर्मभूमिका रूपमा रहेको धार्मिक इतिहास छ। सीताको माइती र नेपालकै प्रसिद्ध पर्यटकीय थलोका रूपमा विश्वसामु पहिचान स्थापित गरिसकेको जनकपुरलाई नै प्रदेश २ को राजधानीका रूपमा प्रस्ताव गरिनुपर्छ भन्ने मत एकथरीको रहेको छ।

वास्तवमा जनकपुर एक पवित्र स्थान हो जसको धर्मग्रन्थ, काव्य एवम् रामायणमा उत्कृष्ट वर्णन छ। जनकपुरलाई स्वर्गभन्दा पनि माथिल्लो स्थान दिईएको छ, जहाँ मर्यादा पुरूषोत्तम राम एवम् आदर्श नारी सीताको विवाह सम्पन्न भएको थियो। मधेश आन्दोलनको केन्द्र र नेपालकै पुरानो सहर भएकाले प्रदेश नम्बर २ को राजधानी जनकपुर हुनु पर्ने तर्क गर्नेहरूको कमी छैन। तर, प्रादेशिक राजधानीका रूपमा अघि सारिए पनि जनकपुरको भौतिक विकास यसै प्रदेशका अन्य सहर जत्तिको छैन। व्यवस्थापकीय कमजोरी र भ्रष्टाचारले गर्दा पनि यस क्षेत्रको अपेक्षाकृत विकास हुन सकेको छैन। यद्यपी सरकारी स्तरबाट जनकपुरलाई प्रादेशिक राजधानी बनाउन भौतिक रूपमा समेत तयार पार्ने कार्य थालिएको छ।

जनकपुर ऐतिहासिक रूपमा मिथिलाको राजधानी भइसकेको सहर हो भने २ नं. प्रदेशको बीचमा पनि पर्छ। रामजानकी मन्दिरको हिसाबले विदेशी समुदायले पनि चिनेको ठाउँ हो यो। अर्कोतर्फ वीरगन्जलाई हेर्दा जनकपुरभन्दा केही हदसम्म राजधानी बन्ने योग्यता अलि बढी देखिन्छ।

सहर वर्गीकरणका दृष्टिले पनि वीरगन्ज महानगरपालिका हो भने जनकपुर उपमहानगरपालिका मात्र। २ नं. प्रदेशको एकमात्र महानगरलाई राजधानी नबनाउँदा आफैंमा नराम्रो सन्देश जाने सम्भावना समेत हुन्छ।

यतिमात्र हैन, राजधानी भएपछि विश्व समुदायले सञ्चालन गर्ने सभा/गोष्ठीलगायतका लागि पनि राम्रो बाटो, होटल, अन्तर्राष्ट्रिय विमानस्थल लगायत भौतिक सुविधा आवश्यक पर्छ, जुन जनकपुरसँग छैन।

जनकपुरमा प्रदेश २ को उच्च अदालत र नेपाल प्रहरीको संघीय इकाई पनि स्थापना भइसकेको छ। जनकपुरलाई प्रादेशिक राजधानी बनाउने उद्देश्यले यस्ता विभिन्न विकासका कार्यहरू हुन थालेसँगै वीरगन्जवासी जनकपुर नै राजधानी हुने त होईन भनेर सशंकित हुन थालेका छन्।

जनकपुर र वीरगन्ज स्थापित सहरहरू भए यी दुवै ठाउँ प्रदेश नम्बर २ को राजधानीको लागि तयार छ। तर, पश्चिम भागमा रहेको वीरगन्ज र पूर्वी भागमा रहेको जनकपुरलाई प्रादेशिक राजधानी नबनाएर बीचको भागलाई राजधानी बनाउने पर्ने भन्ने धारणा पनि बलियो हुँदै गएको छ।

**किन वीरगञ्ज ?**

देशको औद्योगिक शहर वीरगञ्ज रानधानीका लागि अर्को प्रतिस्पर्धी शहर हो। राजधानीका लागि चाहिने मानवीय, सामाजिक, आर्थिक, भौतिक लगायत सूचक वीरगन्जमा उपलब्ध छ। यो प्रदेशको एक मात्र महानगर पनि हो। यो मुलुकको आर्थिक राजधानी

बाँकी पृष्ठ ८ मा



## सम्पादकीय



# फेरि सत्ता-लालसाको खेल !

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको प्रत्यक्षतर्फको परिणाम सार्वजनिक भएको केही दिन बितिसकेको छ । तर समानुपातिकतर्फको परिणाम सार्वजनिक भएको छैन । निर्वाचन आयोगले यसको तयारी भइरहेको जनाए पनि राष्ट्रियसभा गठनसम्म पर्खने आशयका केही अभिव्यक्ति आएका छन् भने सरकार गठनका लागि पनि राष्ट्रियसभा गठन गर्नु पर्ने तर्कले अहिलेको राजनीति अड्किएको छ । त्यसो त अहिलेको सत्तारूढ दल कांग्रेसले प्रष्ट रूपमै राष्ट्रियसभा गठन नभई सरकार नछाड्ने रणनीति लिएको छ । आफ्नो पार्टी नेतृत्वको सरकारले जारी गरेर प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पुगेको राष्ट्रियसभा गठनादेशसम्बन्धी अध्यादेश राष्ट्रपतिले रोकेपछि कांग्रेस असन्तुष्ट देखिएको छ । उसले यसको जवाफ सरकार लम्ब्याएर दिने प्रयत्न गरिरहेको छ ।

अहिलेको समस्या कतिपय प्राविधिक र कतिपय नैतिकतासँग जोडिए पनि मूलतः यो राजनीतिक समस्याको रूपमा देखिएको छ । नैतिक रूपमा हेर्दा नयाँ जनादेश आएपछि चुनावी सरकारले सरकार छाड्नुपर्छ, यो प्रष्ट छ । यसमा अहिले जसरी कांग्रेसले बार्गेनिङ गर्न खोजिरहेको छ, यो सरासर गलत छ । लोकतान्त्रिक अभ्यासलाई थप बलियो बनाउन पनि कांग्रेसले नयाँ सरकार गठनका लागि मार्ग प्रशस्त गर्नुपर्छ । जहाँसम्म अहिले राष्ट्रियसभा गठनसम्बन्धी कुन प्रणाली अवलम्बन गर्ने भन्ने बहस छ, यो बढी प्राविधिक बहस हो । अहिले सरकारले एकल संक्रमणीय प्रणालीबाट राष्ट्रियसभा गठन गर्नुपर्ने प्रस्ताव राष्ट्रपतिसमक्ष पठाएको छ भने एमालेले त्यसको विरोध गरेको छ ।

यसलाई पनि दुई हिसाबले हेर्न सकिन्छ । पुरानो संसद बाँकी रहँदै राष्ट्रियसभा गठनसम्बन्धी कानून नबनाउनु दलहरूको कमजोरी थियो । यो कमजोरीलाई आफ्नो फाइदाको रूपमा प्रयोग गर्न खोज्नु अस्वाभाविक भएन । खासगरी स्थानीय तह निर्वाचनको परिणाम आएपछि कांग्रेस केही आत्तिएर एकल संक्रमणीय प्रणाली अवलम्बन गर्नुपर्ने अडानमा पुग्यो, जुन उसको राष्ट्रियसभामा आफ्नो सहभागिता बढाउने प्रयत्न पनि हो । त्यस्तै एमालेले जीतबाट हौसियर बहुमतीय प्रणालीबाटै अघि बढ्दा आफ्नो पक्षमा बढी सदस्य पार्न सकिने प्रयत्नमा लाग्नु पनि स्वाभाविक नै भयो । यो प्रतिष्ठाको लडाईले पहिले संसदबाट राष्ट्रियसभा गठनसम्बन्धी कानून बन्न सकेन भने अहिले अध्यादेशमा आएर विवाद देखिएको छ । यो हेर्दा कुन प्रणालीबाट अघि बढ्ने भन्ने प्राविधिक बहसजस्तो देखिए पनि अन्तर्यमा राजनीतिक प्रतिष्ठाकै लडाइ भएकाले यसलाई आपसी सहमतिबाटै टुंगो लगाउनु उचित हुनेछ । संक्रमणको अन्त्य तथा राजनीतिक स्थायित्वको नारा दिँदै निर्वाचनले जनतामा स्थायित्व, विकास र समृद्धिको आशा जगाएकै हो । खासगरी वाम-गठबन्धनले दिएको उपरोक्त नारालाई आममतदाताले पत्याइदिएको चुनावी नतिजाले प्रस्टसँग दर्शाएको छ । यस आधारमा अब मुलुक हाँक्ने दायित्व वाम-दलकै कुनै शीर्ष नेताको काँधमा आइपरेको यथार्थमाथि खासै बहस र विवाद गरिरहनु आवश्यक छैन । तर, देशको वागडोर सम्हाल्ने बिन्दुमा उभिएको वाम-गठबन्धनका नेताहरूको उत्ताउलोपनले चाहिँ फेरि पनि जनतामा निराशा जगाइदिएको छ भन्दा अतिरञ्जना नठहरिएला । सुन्दा आरोपजस्तो लागे पनि यो यथार्थ यही हो कि एमाले-माओवादी गठबन्धन यतिबेला आवश्यकताभन्दा ज्यादा नै हौसिएको र लोकतान्त्रिक धारको अगुवा दाबी गर्ने कांग्रेस नेतृत्व हतासिएको मानसिकतामा देखिएका छन् । पूर्ण रूपले कार्यान्वयनमा आइनसकेको वर्तमान संविधानअनुसार संघीय संसद्ले आकार पाइसकेको छैन । प्रत्यक्ष एवम् समानुपातिक विधिबाट गठन हुँदै गरेको प्रतिनिधिसभा र निर्वाचन हुन बाँकी राष्ट्रियसभाको संयुक्त रूप नै 'सघीय संसद्' हुने संविधानमा प्रस्ट उल्लेख छ । र, सोही संघीय संसद्का समस्त सदस्यहरूले विधिवत् शपथ खाएपछि तिनै सदस्यमध्येबाट चयन गरी मन्त्रिपरिषद्ले आकार पाउने विधिबारे पनि देशको विधानले बताएकै छ ।

> पूर्ण रूपले कार्यान्वयनमा आइनसकेको वर्तमान संविधानअनुसार संघीय संसद्ले आकार पाइसकेको छैन । प्रत्यक्ष एवम् समानुपातिक विधिबाट गठन हुँदै गरेको प्रतिनिधिसभा र निर्वाचन हुन बाँकी राष्ट्रियसभाको संयुक्त रूप नै 'सघीय संसद्' हुने संविधानमा प्रस्ट उल्लेख छ ।

राजनीतिक संक्रमण समाप्तिको अनौपचारिक उद्घोष गरिसकेका प्रमुख राजनीतिक दलीय नेतृत्वले गर्नुपर्ने काम असरल्ल छन् । प्रादेशिक व्यवस्थापनको चुनौती सामुन्नेमै छ । प्रदेशको राजधानी कहाँ राख्ने भन्ने विषयमा मुलुकका विभिन्न स्थानमा आन्दोलन सुरू भइसकेको छ भने भोलि राजधानीको नामबारे पनि घम्साघम्सी चल्ने देखिएको छ । नाम-धामकै लागि यसरी झैझमेला झिकिएको छ भने प्रदेशको प्राकृतिक स्रोत बाँडफाँडजस्ता विषय कति पेचिला बन्ने हुन्, कल्पना गर्न सकिन्छ । यसर्थ, फेरि पनि भन्नैपर्छ कि राजनीतिक नेतृत्वको अपरिपक्वता, अहम्ता र असहिष्णु व्यवहारले नै आमनेपालीको हृदयमा झुल्किँदै गरेको आशा र विश्वासको किरण छेकिदिने सन्त्रास बढाएको छ ।

## साताको सात बात


एउटा लामो संक्रमणकाललाई राष्ट्रिय, अन्तराष्ट्रियस्तरमै विश्वास हुने किसिमबाट सम्बोधन गर्दै शान्तिपूर्ण र लोकतान्त्रिक मुलुक निर्माण गर्न सरकार सफल भएको छ, नेपालको राजनीतिक इतिहासमा कांग्रेस नेतृत्वको सरकारले नै यस किसिमका संक्रमणलाई समाधान गर्न सफल भएको छ । **शेरबहादुर देउवा, प्रधानमन्त्री**


राजनीतिक आन्दोलनबाट प्राप्त भएको उपलब्धिलाई संस्थागत गर्दै क्रान्तिकारी ध्रुवीकरण, नेपाली क्रान्ति मौलिकतासहित नयाँ चरणमा प्रवेश गरेको छ । अब माओवादी केन्द्र र नेकपा एमालेबीच पार्टी एकता प्रक्रियाबाट नेपालमा शक्तिशाली कम्युनिष्ट पार्टी निर्माण गर्नु आजको आवश्यकता हो । **पुष्पकमल दाहाल, अध्यक्ष, माओवादी केन्द्र**


मधेशकेन्द्रित दल प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा सहभागी भएपनि संविधान संशोधनको मुद्दा छाडेका छैनन् । अब एमाले पनि त्यसमा लचक हुन्छ । संविधान संशोधनको विषयमा उपेन्द्रजी आलोचनात्मक नै रहनुभयो । मधेशी जनताको भावना र चाहना के हो अब बन्ने सरकारले राम्रोसँग सुन्नुपर्छ । राष्ट्रियता र नेपाली जनताको हितमा हुने कुनै पनि कुरालाई एमालेले स्वीकार गर्छ । **माधव नेपाल, नेता, नेकपा एमाले**


राष्ट्रपतिसमक्ष हामीले मधेशी जनतजाति र पिछडिएका वर्गको आन्दोलनलाई निर्वाचनमार्फत जनताले अनुमोदन गरेको बताएका छौं । राष्ट्रपति कार्यालयमा रोकिएको राष्ट्रिय सभा गठनसम्बन्धी अध्यादेश अगाडि बढाउन हामीले राष्ट्रपतिलाई आग्रह गरेका छौं । **राजेन्द्र महतो, अध्यक्ष मण्डलका सदस्य, राजपा नेपाल**


पार्टी र व्यक्तिगत स्वार्थभन्दा धेरै माथि उठेर वाम एकता हुन लागेको छ तर एकताको कुरालाई लिएर नयाँ सरकार गठबनको प्रक्रिया रोकिदैंन । दुवै छुट्टा छुट्टै विषय हुन् । निर्वाचनमा बामपथ्थीको जितले सबैलाई उत्साहित बनाएको छ । **नारायणकाजी श्रेष्ठ, नेता, माओवादी केन्द्र**


पार्टीबाट जिम्मेवारी पाएअनुसार जनताको पक्षमा राम्रा काम गरेर देखाउँछु । गृहमन्त्री बन्न पाए भने ६ महिनामा ५० प्रतिशत अपराध घटाइदिन्छु । राजनीतिक संरक्षणमा रहेका अपराधीहरूलाई जेल चलान गरिदिन्छु । अर्थमन्त्रीको जिम्मेवारी पाएँ भने राजस्व असुली दोब्बर बनाइदिन्छु । **लालबाबु पण्डित, नेता, नेकपा एमाले**


राजपा र फोरम नेपालका सबै विचारहरू मिल्छन्, हामीबीच अत्यन्तै राम्रो र सुमधुर सम्बन्ध छ । अहिले जनमतले पनि हामीलाई एकताको लागि दबाव दिएको छ, जनताको चाहना पनि यही हो, त्यसैले निकट भविष्यमा पार्टी एकता हुन्छ भन्नेमा हामी पूर्ण विश्वस्त छौं । **मनिष सुमन, महामन्त्री, राष्ट्रिय जनता पार्टी**

*प्रस्तुती : संगीता रेग्मी*

# नेपाली राजनीतिको कुटनीतिक असन्तुलन

## "खस" महिमा र मधेश आन्दोलन : भाग ३९४



❖ उपेन्द्र झा

नेपाली राजनीतिले केन्द्र र प्रदेश सरकार बनाउन नयाँ जनादेश पाएको छ । शीर्षाभिमुख वाम गठबन्धनले नेपाली राजनीतिको नेतृत्व गर्न स्पष्ट बहुमत पाएको छ भने सहकर्मी नेपाली कांग्रेसलाई विश्रामको अवस्थामा पुऱ्याएको छ । वाम राजनीतिको तीव्रतर बढेको प्रभाव र लोकतान्त्रिक शक्तिको क्षयीकरणले नेपाली राजनीतिमा आएको शक्ति असन्तुलनको परिस्थितिले भिन्न भिन्न कोणको विश्लेषणलाई जन्म दिएको छ ।

असहज राजनीतिको केन्द्रमा गराइएको चुनावमा वाम गठबन्धनले पाएको जनादेशले सबै विषम्ता हटाएर दिएको नेतृत्वले अब निर्बाध सरकार चलाउन बाटो खुलेको अनुभव गरिएको छ भने परिस्थितिले बाटो छेक्न छोडेको छैन । वाम गठबन्धन अब एकता प्रयासमा लागेका छन् । माओवादी केन्द्र र एमाले पार्टीको एकीकरणमा अन्धराष्ट्रवाद जहाँ प्रफुल्लित देखिएको छ भने वाम शक्तिको तीव्रतर विकास लोकतान्त्रिक शक्तिलाई खट्को छ । यसलाई रोक्ने प्रयास भइरहेकोले वाम शक्तिले पाएको राजनीति सहजता कठिन भएको छ ।

नेपाली राजनीतिमा विकसित व्यक्ति स्वार्थ वा वर्गीय स्वार्थले कति हदसम्म स्तरहीनता ल्याएको छ भने कुनै पार्टीले न बहुमता, न संयुक्त सरकार चलाउन सकेको छ । तर, तीन दलीय वर्चस्वबाट सत्तालाई बाहिर उम्किन नदिन भने सचेत छ । यदि राजनीतिक स्तरहीनताले अस्थिरता ल्याएको छ र जनअपेक्षालाई सम्बोधन गर्न चाहँदैन । लोकतन्त्रको पुनर्स्थापना पश्चात्को दिनमा पनि ठूला ठूला द्वन्द्वहरू आएकै छन् ।

दुई महाशक्ति बीचको नेपाल छिमेकी प्रभावको सन्तुलन कायम राख्न असफल रहेका कारण राजनीतिक अस्थिरता झेल्नु परेको छ । आफ्नो कनिष्टता, पराश्रित प्रवृत्ति व्यक्तिगत स्वार्थ, सत्तालोलुप्ताले आत्मनिर्भरताको धरातल नै समाप्त पारीदिएको हुनाले नेपाली राजनीतिले कुटनीतिक सन्तुलन बनाउन सक्दैन । यो कहिले भारतको प्रभावमा त कहिले चीनको प्रभावमा ढल्किन बाध्य बनेको हुन्छ । सार्वभौम सम्पन्न स्वतन्त्र राष्ट्र भनिए पनि सो अनुसारको चरित्र निर्माण भएको छैन ।

वाम गठबन्धनले नयाँ जनादेशबाट अग्रता हासिल गरेपछि उसको सरकार बनाउने अधिकार स्वतः कायम भएको छ । वैधानिक आदेशानुसार वाम गठबन्धनको सरकारलाई चुनौती दिनु राजनीतिक अपराध हो । वाम गठबन्धन एकताको सूत्रमा बाँधिदै सरकार बनाउने समीकरण मिलाउन व्यस्त देखिन्छ । नेपाली कांग्रेसको काम चलाउ सरकारले सत्तामा रहेर पनि चुनावमा अतिशय पराजय भोगेर राजनीतिको किनारमा पुगेको छ । नेपाली कांग्रेसलाई पहाडका मतदाताले (अन्धराष्ट्रवादीहरू) उदार चरित्रका कारण पत्याएन भने मधेशका मतदाताले ढुलमुले चरित्रका कारण मत दिएनन् ।

अन्धराष्ट्रवादका नाइकेको रूपमा उदाएको एमालेले विगतमा नाकाबन्दीको सामना गरेर भारत समक्ष आत्मसमर्पण नगरी चुनौती दिएका कारण उनी लोकप्रिय भए । राष्ट्रवादी शक्तिले एमालेको शक्तिलाई अजेय बनाउने उद्देश्यले मत दिएर शीर्षस्थानमा ल्याइदिएको छ । भारतसँग टक्कर लिन नै राष्ट्रवादीहरूले एमालेलाई नयाँ जनादेश दिएको छ । मधेशले एमालेलाई खासै पत्याएको देखिदैन । नेपाली कांग्रेस भारतको विरोधमा उभिन सक्दैन भनेर राष्ट्रवादीहरूले पत्याएन भने मधेश मुद्दाप्रति सहानुभूति देखाउने नेपाली कांग्रेस सम्बोधन नगर्ने एमालेसँग मिलेका कारण संदिग्ध बने । दुवै ठाउँका जनताले पत्याउन छाडेपछि नेपाली कांग्रेस बैशाखी लिएर हिंड्न बाध्य भएको छ ।

सरकार बनाउन वाम गठबन्धन अग्रणी भूमिकामा छन् भने लोकतान्त्रिक गठबन्धन माओवादी केन्द्रलाई अलग्याएर लोकतान्त्रिक गठबन्धनबाट सरकार बनाउन आमन्त्रित गरिरहेको छ । यसमा लोकतान्त्रिक शक्तिकेन्द्रको सक्रियता देखिएको छ । तर, यो प्रयास भने क्षीण देखिएको छ । प्रचण्ड वाम गठबन्धनमा नै बलियो देखिने, अलग भएपछि अस्तित्व नै समाप्त हुने विगत अनुभवले देखाएको छ । त्यसकारण एमालेबाट प्रचण्डलाई अलग्याउने प्रयास सफल नहोला जस्तो देखिएको छ । काम चलाउ सरकारको रूपमा रहेको नेपाली कांग्रेसले राष्ट्रपति समक्ष एकल संक्रमणीय निर्वाचन प्रणाली अध्यादेश पास गराउन पठाएको छ । यसलाई राष्ट्रपतिले संवैधानिक भनेर पास गर्न मानिरहेको छैन । एमालेले नेपाली कांग्रेस सत्तामा बसी रहन अध्यादेशको उड्को थापेको भनिरहेको छ । जे होस् यो राजनीति गतिरोध तत्कालै हट्ने सम्भावना कमै छ ।

वाम गठबनधन नयाँ जनादेश पाएको छ । चुनाव भन्दापूर्व बनेको वाम गठबन्धनले चुनावमा स्पष्ट बहुमत पाउँछ भन्ने आँकलन आम जनतामा थियो । लोकतान्त्रिक शक्तिले (भित्र र बाह्य) यसलाई रोक्ने प्रयास पनि गरेन । बरू वाम गठबन्धन भारतले बनाएको भनेर भारतीय बुद्धिजीबी तथा नेपाली बुद्धिजीबीको मुखबाट भन्न लगायो । यो भ्रम फैलाएर अहिले वाम गठबन्धनलाई तोड्ने फोड्ने प्रयास किन ? के नेपालको राजनीतिमा लोकतान्त्रिक शक्तिको प्रभाव हटिसकेको हो त ? भ्रम फैलाएर राजनीति गर्ने जो कोहीको प्रयास नेपाल सन्दर्भमा असफल नै हुने स्पष्ट छ ।

अहिले नेपाली राजनीतिमा लोकतान्त्रिक शक्ति (भित्रको र बाहिरको) को प्रभाव क्षीण भएका कारण राजनीतिक असन्तुलन बढेको छ । वाम गठबन्धनको बहुमतले सरकार बनाउन असहज नहुने र आएका अप्ठ्याराहरू विस्तारै हट्दै जाने विजयोत्मादमा परेकाहरूको आँकलन छ । आफ्नै आफ्नै किसिमको आँकलन भए पनि असन्तुलनको प्रभाव राजनीतिक गतिरोधको रूपमा देखिन थालेको छ । सम्बोधन बिना अनेक थरिको अन्तर्द्वन्द्वले सिर्जना गरेको विषम् परिस्थितिको पृष्ठभूमिमा गराइएको चुनावले जसको पक्षमा नतिजा देउन, गतिरोध कायम रहनेमा शंका छैन । भित्तामा पुऱ्याइएको लोकतान्त्रिक शक्तिप्रति सहानुभूति राख्ने शक्तिकेन्द्रको प्रभाव न्यून भएकोले उसको असन्तुष्टता कुनै न कुनै रूपमा फुट्ने सम्भावनालाई नकार्न सकिन्न । वाम गठबन्धनले पाएको बहुमतले पनि राजनीतिक अस्थिरतालाई हटाउन सक्दैन । वाम गठबन्धनको सरकार भारतको इशारामा बन्ने हो भने उपरोक्त कल्पना गरिएको असन्तुलन नरहने कुरा स्पष्ट छ । यदि वाम गठबन्धनको सरकार विरूद्ध राजनीतिक गतिरोध ल्याइयो भने वाम गठबन्धन भारतको इशारामा नबनेको स्पष्ट छ । त्यसपछि भारतीय बुद्धिजीवीले दावा गरेको कुरा मिथ्या साबित हुनेमा कुनै शंका छैन ।

भारतमा कांग्रेस (आई) को सरकार नहुन्जेल नेपालमा भारतको प्रभाव ( प्रत्यक्ष र अप्रत्यक्ष) स्पष्ट रूपमा देखिएको थियो । नेपालमा बढ्दो कम्युनिष्ट प्रभावलाई रोक्न भारत सरकार सधैं चिन्तित देखिन्थ्यो । नेपालको सरकारलाई (कम्युनिष्ट वा लोकतान्त्रिक) आफ्नो प्रभावमा राख्न अनेक प्रयत्नलाई आम जनताले अनुभव गर्थे । पहिलो संविधानसभामा माओवादीको ठूलो आकार (भारतीय प्रभाव बाहिर) लाई लिएर चिन्तित रहने भारत नेपालमा लोकतान्त्रिक शक्तिलाई मजबुत पार्न अनेक विधि गर्थे । पहिलेको हस्तक्षेपकारी भूमिकालाई पनि मान्यता थियो । २०७० को दोस्रो संविधानसभाको चुनावमा नेपाली कांग्रेस र एमालेले पाएको चुनावी नतिजा नेपालमा लोकतान्त्रिक शक्तिलाई मजबुत पार्ने राजनीति अन्तर्गतकै परिणाम हो ।

पहिलो संविधानसभामा मधेशको मुद्दाको विरोधमा देखिएको नेपाली कांग्रेस, एमाले मधेशमा लोकप्रिय हुनै सक्दैन्थ्यो । तर पहाडभन्दा बढी मत नेपाली कांगेसले मधेशबाट प्राप्त गऱ्यो । मधेश मुद्दाको विरोधमा रहेको नेपाली कांग्रेस र एमाले भारतको कांग्रेस ( आई.) सरकारको बरदान पाएर शीर्षस्थानमा उक्लिन सफल हुँदा यसलाई भारतीय हस्तक्षेप भनिएन । कालान्तरमा यही एमाले मोदी सरकारमा भारतको विरोधी बने ।

> दुई महाशक्ति बीचको नेपाल छिमेकी प्रभावको सन्तुलन कायम राख्न असफल रहेका कारण राजनीतिक अस्थिरता झेल्नु परेको छ । आफ्नो कनिष्टता, पराश्रित प्रवृत्ति व्यक्तिगत स्वार्थ, सत्तालोलुप्ताले आत्मनिर्भरताको धरातल नै समाप्त पारिदिएको हुनाले नेपाली राजनीतिले कुटनीतिक सन्तुलन बनाउन सक्दैन ।

मोदीको उदयपछि नेपालमा भारतीय प्रभाव न्यून हुन थाल्यो । सार्क शिखर सम्मेलनताका भारतको प्रभाव सकारात्मक रूपमा बढ्दा भनेर आशा गरिएको थियो । तर, मोदीको पदार्पण कम्युनिष्ट शिक्तकेन्द्रलाई असह्य भयो त्यसपछिका दिनमा भारतको विरोध नेपालमा सुरू भयो । भारतले पनि कुटनीतिक सम्बन्धबाहेक अनावश्यक सम्बन्ध राख्न चाहेन । फलतः नेपालमा चिनियाँ प्रभाव निर्बाध रूपमा बढ्न थाल्यो । मधेशले गरेको नाकाबन्दी आन्दोलनको आरोप अनावश्यक रूपमा भारतमाथि लाग्यो । नेपालको राजनीतिबाट भारतको प्रभाव हटिसकेको कारण नेपालमा लोकतान्त्रिक शक्ति कमजोर अवस्थाा पुगेको हो । मोदीको सरकारमा नेपाल सन्दर्भको दृष्टिकोण अस्पष्ट रहेकोले नेपाल कालान्तरमा भारत प्रभावबाट मुक्त हुनेमा कुनै शंका छैन । ***क्रमशः***

janukjha24@gmail.com

# प्रदेश राजधानीको नाममा विभाजन ल्याउन खोजिँदैछ : सांसद् कर्ण

वीरगंज । राष्ट्रिय जनता पार्टी नेपालका सहअध्यक्ष एवं सांसद लक्ष्मणलाल कर्णले प्रदेश नं. २ को राजधानी नामाकरण सम्बन्धमा काँग्रेस, एमाले र माओवादीले पुनः मधेशी जनताहरूबीच झगडा लगाउने कार्य गरिरहेको आरोप लगाएका छन् ।

प्रेस मञ्च नेपाल पर्सा शाखाले आयोजना गरेको नवनिर्वाचित सांसद एवं विधायकहरूलाई सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै संविधान पनि यिनै तीन दलले जारी गरे, संघीयताको संरचना आफ्नै मनले बनाए आज प्रदेशिक राजधानी वीरगंज हुनु पर्छ भन्ने तिनकै भातृ संगठनले आन्दोलनको नाममा नाटक गरिरहेको उनले बताए ।

'तीन दलले संविधान, संघीयतासँगै प्रदेशको राजधानी वीरगंज त्यसैबेला लेखेको भए कसले विरोध गर्थ्यो ?' कर्णले प्रश्न गरे । फोरम नेपालका केन्द्रीय सदस्य एवं सांसद



हरिनारायण रौनियारले संचारकर्मीहरूको कुनै दलमाथि आस्था र विचार हुन सक्छ तर पत्रकार भइसकेपछि सत्य र निष्पक्ष सामाचार लेख्नुपर्ने धारणा व्यक्त गर्दै अरूको उक्साहटमा वा व्यक्तिलाई खुशी पार्ने गरी कसैको चरित्र हत्या नगर्न सुझाव दिएका थिए ।

पकहामैनपुर गाउँपालिकाका प्रमुख विजय चौरसियाले मधेशी पत्रकारहरूको विकास एवं संरक्षण नभएसम्म मधेशी नेताहरूको विकास नहुने धारणा राख्दै समृद्ध मधेश निर्माणका लागि कलम चलाउने मधेशी पत्रकारलाई प्रोत्साहन गर्न आवश्यकता रहेको बताए ।

राजपा फोरम गठबन्धन पर्साबाट निर्वाचित सांसद एवं राजपा सहअध्यक्ष लक्ष्मणलाल कर्ण, फोरम नेपालका केन्द्रीय सदस्य एव सांसद हरिनारायण रौनियार, फोरम पर्साका उपाध्यक्ष एवं विधायक मन्जुर अन्सारी, युवा नेता एवं विधायक जन्नत अन्सारी, पकहा मैनपुर गाउँपालिकाका प्रमुख विजय चौरसियालाई प्रेस मन्च नेपालका केन्द्रीय अध्यक्ष सतोष पटेल, शाखा अध्यक्ष विजय ठाकुर, सचिव दिपक चौरसियाले दोसल्ला, फुल माला र टिकाबाट सम्मान एवं स्वागत गरेका थिए ।

कार्यक्रममा राजपाका महासचिव शिव पटेल, सहमहासचिव नेजामुदिन समानी, केन्द्रीय सदस्य रम्भा मिश्रा, पर्सा जिल्ला संयोजक प्रेम बाबु पटेल, अध्यक्ष मण्डलका सदस्य विरेन्द्र यादव, विरगंज महानगर उपाध्यक्ष सुरेश साह कानु लगायतकाले शुभकामना मन्तब्य व्यक्त गरेका थिए ।

कार्यक्रमको सहजीकरण प्रेस मञ्च पर्साका उपाध्यक्ष नन्दकिशोर गिरी र स्वागत मन्तब्य सचिव दिपक चौरसिया व्यक्त गरेका थिए । कार्यक्रममा प्रेस पर्सा शाखाका कोषाध्यक्ष कृष्णा यादव, जिल्ला सदस्य जाकिर हुसैन, अविनाश झाले समन्वयकारी भुमिका निर्वाह गरेका थिए ।

# मधेशका अन्य भू-भाग फर्काउन हाम्रो आन्दोलन जारी रहन्छ

संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादव सप्तरी २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन् । उनी पहिलो संविधानसभामा मोरङ र सुनसरी तथा दोस्रो संविधानसभामा सुनसरीबाट निर्वाचित भएका थिए । उनको जन्म २०१६ साल पुस २५ गते सप्तरीको भागवतपुरमा भएको हो । उनले विज्ञान विषयमा स्नातकोत्तर र कानुनमा स्नातक गरेका छन् । उनी २०३२ सालदेखि राजनीतिमा सक्रिय छन् । अध्यक्ष यादवसँग मधेशवाणीका कार्यकारी सम्पादक *रामसुकुल मण्डल*ले गरेको कुराकानीको सम्पादित अंश :



उपेन्द्र यादव

अध्यक्ष, संघीय समाजवादी फोरम नेपाल

**० प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचन पश्चात् मधेशको राजनीतिको राजनीतिक कोर्स के हो ?**

– मधेशमा अब मधेश सरकार बन्छ । मधेशको विकास निर्माण, जनताको सुरक्षा, समृद्धि अगाडि बढ्दै जान्छ । एकातिर विकास अर्कोतर्फ मधेशी जनतामाथि शताब्दियौंदेखि कायम रहेको शोषण, उत्पीडन, विभेद, असमानता र उपेक्षा जुन राज्यबाट हुँदै आएको छ, त्यसलाई अन्त्य गर्ने तिर हामी लाग्ने छौं । मधेशी जनताले पनि बराबरको अधिकार, अवसरमा समानता र न्यायका लागि, आफ्नो पहिचान र स्वाभिमानका लगि हुने जुन संघर्षको प्रयास हो त्यो निरन्तर चलिरहन्छ । त्यसकारण अधिकार प्राप्ति एकातर्फ अगाडि बढ्छ भने अर्कोतर्फ विकास, समृद्धि र निर्माणका कार्य पनि बढ्छ ।

**० मधेशको जनताले तपाईंहरूलाई मत दिएर आफ्नो जिम्मेवारी पूरा गरेर विजयी बनाएका छन्, अब तपाईहरू उनीहरूको अपेक्षालाई कसरी पूरा गर्नुहुन्छ ?**

– अपेक्षा र आवश्यकता धेरै छन् । एक त नेपाल भनेको संसारमा सबैभन्दा पछाडि परेको देश हो । त्यसमा पनि सबभन्दा पछाडि परेको प्रदेश नं. २ हो, जहाँ हाम्रो उपस्थिति राम्रो छ । यो परिस्थितिमा हामी जनताको अपेक्षा र हामीले गर्न सक्ने काम अत्यन्त महत्व र प्राथमिकताका साथ अगाडि बढाउँछौं । उपलब्ध साधन, स्रोत र शक्तिका आधारमा हामी विकास र निर्माणका जनअपेक्षा पूरा गर्ने अठोटका साथ लाग्ने छौं ।

**० तर तपाईंहरूको विगत हेर्दा भनाइ र गराइमा धेरै अन्तर छ, भरोसा र विश्वास गर्ने आधार त गुमाउनु भएको छ, होइन ?**

– पहिलो कुरा, हाम्रो भनाइ र गराइमा कहिल्यै भिन्नता थिएन र छैन पनि । दोस्रो कुरा, हालै सम्पन्न तीनै तहको निर्वाचनमा जनताले विश्वास नगरेको भए हामीले यो परिणाम पाउने नै थिएनौं ।

**० विगतका निर्वाचनहरू पछि पनि यस्तै आश्वासन बाँडनु भएको थियो, तर त्यस अनुसारको काम नगरेको आरोप त छ नि ?**

– काम गर्ने भनेको सरकारले हो । सरकारले बजेट दिन्छ, साधन स्रोत दिन्छ । बहुमत प्राप्त अन्य दलहरूले सरकार बनाउने अनि काम चाहिँ आन्दोलनकारी दलहरूले गरिदिनुपर्ने ? यस्तो त हुँदैन नि । त्यसकारणले अहिले जनताले हामीलाई बहुमत दिएको भए हामी गर्थ्यौं, अर्कालाई बहुमत दियो, उनीहरूले गरिदिएन । अब प्रदेश नं. २ मा हामीले जनमत प्राप्त गरेका छौं । त्यो मत र जनताको भावनालाई कदर गर्दै सक्दो काम गर्नेछौं ।

**० मधेशका कुन-कुन प्रदेशमा मधेशी दलको सरकार बनाउँदै हुनुहुन्छ ?**

– मधेशका प्रदेश एउटा मात्रै मधेश प्रदेश हो । त्यो हो प्रदेश नं. २ । मधेशका भूभाग अन्य प्रदेशमा पनि जबरजस्ती गाभिएका छन् । त्यसलाई फर्काएर ल्याउने प्रयास हाम्रो रहिरहन्छ ।

**० तपाईहरूले मधेशलाई २२ जिल्लाबाट ८ जिल्लामा सीमित गर्नु भएको हो ?**

– यो आरोप हामीमाथि लगाउन पाइँदैन । यो आरोप उनीहरूलाई नै लगाउनुस् जसले यस्तो गरेका छन् । हाम्रो मधेश भनेको २२ जिल्लाकै हो ।

**० प्रदेश नं. २ मा कसरी सरकार बनाउनु हुन्छ ? यसको तयारी कसरी भइरहेको छ ?**

– हामी राष्ट्रिय जनता पार्टी लगायतसँग मिलेर सरकार बनाउँछौं । यसको तयारी अहिलेसम्म थालेका छैनौं । अब यसको तयारी हुन्छ । जब गभर्नर (प्रदेश प्रमुख) को नियुक्ति हुन्छ, प्रदेशसभाका सदस्यहरूले सपथ ग्रहण गरिसकेपछि सरकारको निर्माणको थालनी गर्छौं । यहाँ त प्रदेशसभाका सदस्यहरूले सपथ ग्रहण नै गर्न नसकेपछि सरकार त बन्दैन । भनेपछि अहिले सरकार बनाउने के प्रयास गर्नु ? समयमा गरिन्छ ।

**० तर तपाईंको पार्टी र राजपासँग सरकार बनाउने बहुमत छ त ?**

– प्रदेश नं. २ मा सरकार बनाउनका लागि फोरम र राजपासँग स्पष्ट बहुमत छ । हामी सरकार बनाउँछौं । यसमा कुनै किसिमको शंका गर्ने ठाउँ छैन ।

**० प्रदेश नं. २ मा संयुक्त सरकारको मुख्यमन्त्री कसको हुने ?**

– प्रदेश नं. २ मा संयुक्त सरकारको मुख्यमन्त्री संघीय समाजवादी फोरम नेपालबाट हुन्छ । यसमा राजपा र फोरमको संयुक्त सरकार हुन्छ ।

**० फोरमबाट मुख्यमन्त्री कसलाई बनाउँदै हुनुहुन्छ ?**

– त्यस विषयमा हामी अहिले निर्णय गरिसकेका छैनौं । निर्णय गरिसकेपछि सार्वजनिक गरौंला ।

**० तपाईहरूले प्रदेश तथा प्रतिनिधिसभा चुनावमा प्रदेश नं. २ मा मात्र राजपासँग चुनावी गठबन्धन बनाउनुभयो, अन्य प्रदेशमा किन भएन ?**

– भ्याइएन । समय अभावका कारण अन्तिम समयमा प्रदेश नं. २ मा मात्र राजपासँग चुनावी गठबन्धन हुनसक्यो ।

**० अहिलेको चुनाव राजपासँगै मिलेर लडनुभयो, के यो पार्टी एकताको संकेत पनि हो ?**

– हाम्रो पार्टी भनेको समाजवादी लोकतान्त्रिक पार्टी हो । समाजवाद, लोकतन्त्र र विभेदको अन्त्य हाम्रो मुख्य एजेन्डा हो । मधेशी, आदिवासी जनजाति लगायतका जनताको पहिचान र अधिकारको सवालका लागि लडिरहेका छौं । यो नीतिसँग सहमत भएर आए राजसँग एकता हुन सक्छ ।

**० तर संघीय फोरम र राजपाबीच तीव्र वैचारिक मतभिन्नता छ नि ?**

– अलग-अलग पार्टी छन्, त्यसकारणले विचारमा मतभिन्नता त भइहाल्छ । मतभिन्नता नभएको एउटै पार्टी रहन्थ्यो नि । राजपासँग पार्टी एकताका लागि पार्टीभित्र कुनै छलफल भएको छैन । बाहिर छलफल भएको मात्रै हो ।

**० तपाईंको विचारमा राजपाको दृष्टिदोष के हो? उसका कमजोरीहरू के के हुन् ?**

– राजपाका दृष्टिदोष ती पार्टीकै नेताहरूलाई राम्रोसँग थाहा छ । मैले अर्काको दृष्टिदोष देखाइदिने होइन । तिनका कमजोरीहरू तिनीहरूलाई नै थाहा होला । तिनका कमजोरी खोज्ने मसँग फुर्सदै छैन ।

**० अब केन्द्र तिरको कुरा गरौं, हालै एमाले अध्यक्ष केपी ओलीसँग तपाईंको कुराकानी भएको छ । के कुरा भयो ?**

– हामीले देशका समसामयिक राजनीतिक, संवैधानिक हलचल, सरकार निर्माणलगायत समग्ररूपमा छलफल र चर्चा गर्‍यौं ।

**० संविधान संशोधनको विषयमा कुरा भयो ?**

– सबै विषयमा छलफल भयो ।

**० तपाईंले अब बन्ने सरकारमा जाने भन्ने बाहिर चर्चा छ, के भन्नुहुन्छ ?**

– चर्चा त छ । तर, फोरमलाई थाहा छैन ।

**० केन्द्रमा सरकारको समीकरण कस्तो हुनेछ ? के वाम शक्तिकै सरकार बन्ने छ ?**

– जसले बहुमत पायो उसैको सरकार बन्छ । वाम गठबन्धनले बहुमत पाएको छ, उनीहरूले नै सरकार बनाउने छन् । अब जनताको म्यान्डेट त उनीहरूले पाएका छन् । त्यसकारणले वाम गठबन्धनले नै सरकार बनाउँछ र चलाउँछ ।

**० एमालेसँग मिलेर संघीय समाजवादी फोरम सरकारमा जाने सम्भावना छ कि छैन?**

– त्यो कुरा एमालेमा निर्भर गर्छ । हामीलाई त सरकार बनाउनु पर्ने कुनै खाँचो छैन । एमालेसँग मिलेर सरकार बनाउने भन्ने कुरा उसको व्यवहारमा भर पर्छ ।

**० वाम शक्तिलाई हेर्ने दृष्टिकोण तपाईहरूको कस्तो छ ?**

– वाम भएपछि पो त हेर्ने । उनीहरू त वाम पनि होइन, कम्युनिष्ट पनि होइन । उनीहरू कम्युनिष्टको खोल ओढेर कमाउनिष्टहरूको जमात हुन । माओवादीहरू खाउवादी भइसके, कम्युनिष्टहरू कमाउनिष्ट भइसके । यहाँ वाम भन्ने कुरा को रह्यो र ? म त यहाँ देखेकै छैन ।

**० यदि वाम सरकार नै बन्यो भने मधेशको लागि कस्तो रहने छ ?**

– वाम गठबन्धनको सरकार बने पछि उनीरूरूले कस्तो नीति ल्याउँछ त्यसमा भर पर्नेछ ।

**० एमाले अध्यक्ष केपी ओली मधेशप्रति अनुदार मानिन्छन्, अबको प्रधानमन्त्री ओली नै हुने चर्चा छ, त्यसो भए, मधेशले के गुमाउने अथवा के पाउनेछन् ?**

– पहिलो कुरा त के छ भने ओलीको बोली र व्यवहार जिम्मेवारी पाएपछि बदल्नुपर्छ । जनताले 'रियाक्ट' दिने खालको हुनु भएन । दोस्रो कुरा, मधेशको समस्या होस् वा हिमाल-पहाडको राष्ट्रिय मुद्दाहरू होस्, तिनलाई हल गर्नेतिर लाग्नु उपयुक्त हुन्छ ।

**० विगतमा एमालेकै कारण संविधान संशोधन भएन, अहिले एमाले ठूलो शक्तिको रूपमा उदाएको छ र वाम सरकारको नेतृत्व पनि उसैले गर्नेछ । यस्तो अवस्थामा संविधान संशोधन होला जस्तो लाग्छ ?**

– पहिलो कुरा त के हो भने ओली प्रधानमन्त्री भइसकेपछि यो प्रश्न सोध्दा उपयुक्त हुने थियो । अहिले कोही प्रधानमन्त्री बनिसकेको छैन । एमालेले एक्लै सरकार बनाउन सक्ने बहुमत नै छैन । उसले अन्य दलसँग मिलेर सरकार बनाउँछ ।

**० यदि फेरि पनि एमाले संशोधनका लागि तयार भएन भने ?**

– यदि फेरि पनि एमाले संशोधनका लागि तयार भएन भने हामी संशोधनका मुद्दा उठाएर अगाडि बढ्छौं ।

**० संशोधनको नाममा आन्दोलनको धम्की मात्र हो कि यथार्थ हो ?**

– हामीले धम्की दिने मात्र होइन, धम्की नदिइकन हामी धेरै थोक गर्न सक्छौं । हामीले विगतदेखि नै आन्दोलन गर्दै आएका छौं । धम्की त उसले दिन्छ जोसँग विचार र मुद्दा हुँदैन । हामी आन्दोलन गर्छौं । परिवर्तन आउँछ र संविधान संशोधन गराउन बाध्य पार्छौं । उनीहरू पनि बाध्य भएर संविधान संशोधन गर्नैपर्छ । संविधान स्वयम् पनि अगाडि बढ्न सक्दैन । जुन कुरा अहिले पनि देखाइसक्यो । चुनाव भइसक्यो सरकारको अतोपतो छैन । भनेपछि, संविधान त त्रुटिपूर्ण छ भन्ने कुरा देखियो ।

**० तर, तेस्रो मधेश आन्दोलन कुनै टुंगोमा नपुगेर स्थगित भयो नि, फेरि उस्तै नियति हुने हो कि ?**

– तेस्रो मधेश आन्दोलन बिना निष्कर्ष टुंगियो भन्न सकिदैन । अहिले मधेशको जुन पहिचान र अस्तित्व आएको छ, त्यो त मधेश आन्दोलनकै देन हो । त्यसकारणले आन्दोलन निष्कर्षबिना टुंगिएन । आन्दोलन निरन्तर चलिरहन्छ । यो धर्तीमा जबसम्म विभेद, असमानता, उत्पीडन रहन्छ, शोषक र शासितको विभाजन रहन्छ तबसम्म आन्दोलन चलिरहन्छ । यो टुंगिने विषय होइन । आन्दोलनका स्वरूप बदलिन्छन्, तरिका बदलिन्छन्, तर आन्दोलन निरन्तर चलिरहन्छ । पक्ष विपक्षहरू बदलिएला, परिदृष्यहरू बदलिएला तर विभेद र असमानता रहुन्जेल धर्तीमा आन्दोलन त भइरहन्छ ।

**० तपाइँले संविधान संशोधन होइन, पुनर्लेखन हुनुपर्छ भन्दै आउनुभएको थियो । यो मुद्दा अहिले पनि यथावतै छ कि संशोधनको पक्षमा हुनुहुन्छ ?**

– निश्चित रूपमा संविधान पुनर्लेखनको मुद्दा यथावत छ । अब यो झन् साबित भएको छ । यो संविधान काम लाग्ने छैन भन्ने कुरा जसले संविधान बनाएर के-के नगरे जस्तो भन्दै थिए, तिनले पनि स्वीकारै गरिसक्यो । अहिले पछि देखायो कि संसदको चुनाव भइसक्यो सरकार बनाउने ठाउँ छैन । भनेपछि यो कसले गर्दा हो, यही गलत संविधानले गर्दा हो । त्यसैले संशोधन पुनर्लेखन, परिमार्जन सबैको आवश्यकता छ । आवश्यकता पर्‍यो भने नयाँ संविधान बनाउने पनि आँट गर्नुपर्छ ।

**० तत्कालीन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा हुँदा तपाईहरूले मधेश आन्दोलनमा शहीद हुने परिवारलाई ५० लाख रूपैयाँ दिने घोषणा गर्नु भएको थियो, के यो साँच्चै पूरा होला त ?**

– पहिलो कुरा त के हो भने, दिनुपर्छ हामीले भनेका थियौं । १० लाखको औचित्य के त ? कुनै औचित्य थिएन १० लाख दिनुपर्ने । अब बन्ने मधेश प्रदेश सरकारले त्यसमा विचार गर्छ ।

**० अन्तमा, प्रदेश नं. २ को राजधानी जनकपुरधाम, वीरगन्ज लगायतका ठाउँहरूबारे बहस चलिरहेको छ, कहाँ बनाउँदा उपयुक्त हुन्छ ?**

– मधेश प्रदेशको राजधानी कहाँ बनाउने भन्ने कुरा हामीले प्रदेशसभाका लागि नै छोडिदिएका छौं । प्रदेश सरकारले प्रस्ताव ल्याएर सबै जनतालाई उपयुक्त हुने ठाउँ छानेर राजधानी राख्नेछ ।



- मधेश भनेको २२ जिल्लाकै हो ।
- राष्ट्रिय जनता पार्टी लगायतसँग मिलेर सरकार बनाउँछौं ।
- राजपासँग पार्टी एकताका लागि पार्टीभित्र कुनै छलफल भएको छैन ।
- ओलीको बोली र व्यवहार जिम्मेवारी पाएपछि बदल्नुपर्छ ।
- चुनाव भइसक्यो सरकारको अतोपतो छैन । भनेपछि, संविधान त त्रुटिपूर्ण छ भन्ने कुरा देखियो ।
- यो धर्तीमा जबसम्म विभेद, असमानता, उत्पीडन रहन्छ, शोषक र शासितको विभाजन रहन्छ तबसम्म आन्दोलन चलिरहन्छ ।
- संसदको चुनाव भइसक्यो सरकार बनाउने ठाउँ छैन । भनेपछि यो कसले गर्दा हो, यही गलत संविधानले गर्दा हो ।
- अब बन्ने मधेश प्रदेश सरकारले मधेश आन्दोलनका शहीद परिवारलाई ५० लाख दिने कुरामा विचार गर्छ ।

# कांग्रेस तेस्रो स्थानमा किन झऱ्यो ?

**नेपाल बुझेका विदेशी प्राध्यापकको धारणा**

भारतीय एक जना प्राध्यापक, जो नेपालमा कम्तिमा चालिस वर्षदेखि त्रिभुवन विश्वविद्यालय अन्तर्गत धेरै क्याम्पसमा प्राध्यापन अनुभव संगालेका छन्, उनका अनुसार केही नेपाल भित्र र बाहिरका फ्याक्टर हुन् जसलाई कांग्रेसले समयमा बुझ्न सकेन वा बुझेर आफूलाई अपडेट गर्न सकेन र स्थानीय तथा संसद र प्रादेशिक निर्वाचनमा यस्तो चिन्ताजनक पोजिसन ल्याएको छ । उनका अनुसार यी केही अहं कुराहरू छन् ।

पहिलो, विश्वव्यापीरूपमा भारतमा बीजेपी र खासगरी प्रम नरेन्द्र भाई मोदीको हिन्दूत्व र उनको बढ्दो क्रेजले चारैतिर एकप्रकारको होएक्स अर्थात् हाउगुजी फैलिएको हो कि अब के होला ? यस कारणले गर्दा कहिल्यै आपसमा मिल्न नसक्ने र नसकेका इतिहासवाला चीन र युरोपियन युनियनले नेपाल मामिलामा मिले । युरोपले हिन्दू धर्म र मोदीलाई भारतमै विभिन्नरूपमा घेर्दै आईरहेकोमा तथा भारतलाई भौगोलिकरूपले पनि घेर्न नेपालमा आईएन्जिओको पैसामा बिकेको पार्टी एमाले र क्रिश्चियन मिसनको सपोर्ट पाएको माओवादीलाई उसको मिसनमा परे र मिलायो पनि । नमिलि र नाईंनास्तीको यी पार्टीहरूको गुंजाईसपनि थिएन । उता चीनले एक क्षेत्र-एक सडक (ओबर)को महत्वाकांक्षी प्रोजेक्टद्वारा विश्वमा विकासको ऋुक्ड/छली नाराले चीनीयां भाषा, संस्कृति, विकास निर्माण सामानको रेखदेख भनी आफ्ना टार्गेटेड देशको वरिपरि संसारमै सैन्य उपस्थिती, कम्युनिज्म, पूंजीलगानी विस्तारको द्रुत योजनामा छ, जहां भारत उसको आर्थिकरूपमा र विश्वमा युएनओमार्फत् आफ्नो दर्विलो उपस्थिती बनाईरहेकोसंग कडा टक्करको सामना गर्नुपरेको छ । भारतको सुरक्षा चिन्तापनि ओबरबाट छ किनकि भारतको आफ्नो राज्य सिक्किमसंग टुट्न गई नौवटा राज्यलाई चीनले टुक्राउन सक्छ तसर्थ, बरू भारतका पूर्व विदेशमन्त्री अरूण जेट्लीले भने अनुसार बरू भारत सन् २०१८ सम्म चीनसंग सदाको लागि युद्धमार्फत् टन्टा साफ गर्नेछ तर सरेंडर वा नजरअन्दाज गर्न सक्दैन । यसकारण चीनले युरोपियन देशहरूसंग केवल 'मोदी-भारत र हिन्दू' घेराउ मुद्दामा भएपनि मिले र नेपालमा यी दुई थरी देश एमाले र माओवादी केन्द्र कम्युनिस्टहरूलाई पहिला गठबन्धन र पछि पार्टी एकता नै हुने गरि रोजे । स्मरण गरौं, संसदीय निर्वाचनको बेला एमालेका ईश्वर पोखरेलहरूले काठमाडौंमै गोप्य भेला गरि 'हामीलाई चीनले एकता गराएको हो र युरोपियन युनियनको पैसा भरमार छ, मज्जाले चुनाव जितिन्छ । चुनावपछि पहिला नेपालको धर्म (हिन्दू र बौद्ध)लाई समाप्त पार्ने हो' बोलेका थिए !

दोस्रो, ग्लोबेलाईजेसनपछि सबै कुरा ठिक भयो भनेर युरोप र अमेरिकी बाहेकका देशहरूले संसारमा बुझे तर यी देशका सामन्तवादी वा बुर्जुवा वर्गले कसरी नयां तरिकाले आफ्नो वर्चस्व एशियालगायतका विश्वमा राखिराख्ने हो, त्यसलाई बुझ्ने प्रयास गरिएन । अब खुलारूपले मीडीयाको जमानामा लगानी गऱ्यो वा देशको भू-भाग अतिक्रमण गऱ्यो भने तुरून्त चायंचायं/कोलाहल भई त्यस देशविरूद्ध स्वत: विश्व जनमत बनिहाल्छ बुझेर युरोप, अमेरिका वा चाईनाले एशिया वा नेपालमा क्रिश्चियानिटीमार्फत् नयां वर्ग समाजमा उत्पन्न गरेका छन्, जसमा माओवादीहरू नराम्ररी फंसेका छन् । अर्थात्, माओवादीले धर्मनिरपेक्षताबाट नेपालमा समानता ल्याउने र गरिबको उद्धार गर्ने नभई तीनै बुर्जुवा देशका बुर्जुवा पूंजीवादको सेवामा तल्लिन छन् ! चीनले नेपालको कथित् मित्रभनी यो विश्लेषण र छिमेकीको बिल्लालगाईृ विकासको नाममा पनि खर्च गरि नेपालमा पस्ने बोनस चान्स पाएको छ ।

तेस्रो, आजको जमानामा कुनै राजनीतिक पार्टीले अस्तित्वमा रह्न वा चुनाव जित्नको लागि शक्तिको स्रोत खोज्छन् । त्यो सोर्स अफ् पावर भनेको पिपुल र ईम्पेरिएलिस्ट हुन् । मीडीया त भ्रम छर्नलाई कम्युनिष्टको भाषामा गोयबल्स शैलीका विपक्षीलाई फंसाएर जनता वा मतदातामा भ्रम छर्ने एउटा माध्यम हो, स्रोतपनि होइन । त्यसैले वामहरू मीडीयामा लगानी प्रशस्त गर्छन् र आफ्ना देशविरोधी, विकासविरोधी र अपराधहरूलाई विना प्रयोजन समाचार डेलिबेरेटली प्रसारण गरि आफूहरूले राम्रो गरिरहेको बलजफ्ति सम्प्रेषण गर्छन् । कांग्रेसका शुभचिन्तक पत्रकारहरू वामपन्थी लगानीको दैनिक पत्रिका वा टीभीमा कार्यरत्त छन् तर त्यहां उसले चाहेरपनि कम्युनिष्टको गोयबल्स शैलीको भ्रमात्मक प्रचारको समाचारलाई सच्याएर लेख्न मिल्दैन वा प्रतिक्रिया छाप्न वा काउन्टर लेख छाप्न सक्दैन । जाबो साप्ताहिकले आजको जमानामा यी आपराधिक प्रवृतीका कम्युनिष्टलाई कति भेट्छन् वा कति छिट्टो लोकतन्त्रप्रतिको आक्रमणलाई चीर्न सक्छन् ? कांग्रेस जनतामा आधारीत पार्टी हो, जनताले माया गर्छन् त्यसैले मीडीया किन खोल्ने भन्ने हिन्दूधर्म वा महात्मा गांधीवाला सोच एउटा गालामा एक झापड कसैले हिर्कायो भने अर्कोपनि थपिदेउलाई बदल्नै पर्छ । अर्थात्, दुई गाला अनुसार दुई थप्परभन्दा बढी हिर्कायो भने के गर्ने, सो बारे गान्धीजीले बोल्नुभएको छैन । त्यस अवस्थामा शायद सुभावचन्द्र बोसनै काम लाग्नेछ । अर्थात्, कांग्रेसको मीडीया हुनैपर्छ र वामहरूको आक्रमणलाई चीर्नैपर्छ किनकि जनता प्राय: असावधान हुन्छन् जसलाई सजिलै जे पायो त्यही गलत सूचना दिएर बर्गलाई (दिमाग भुटी) दिन्छन् ।

अब, पिपुल त भोटहाल्न वामपन्थीको नेपालमा थिएन (एकछिन यो तर्क गलत लाग्ला तर अगाडी पढ्नुस्) त्यसैले उनीहरूले इम्पेरिएलिस्टको शरणमा गए । इम्पेरिएलिस्टहरूले नेपालका वामहरूलाई भरमार पैसा र हामी छौं तिमिहरूसंग भनेर ताकतको एस्सयोर गरे अनि वामहरूको हराएको हिम्मत फेरी शक्तिमा ल्याई अगाडी बढीकन त्यसपैसाले नेपालको गरिबिलाई क्रिश्चियानिटी/धर्मनिरपेक्षता तथा भोट किनेर, चीनमा मेडिकल, इन्जिनियरिङ पढाईदिने प्रलोभन आदिले क्यास गरे । प्रचण्डजी र केपी ओलीजीहरूको बाध्यता बन्यो कि क्रिश्चियानिटी र आईएन्जिओबाट धार्मिक तथा लगानीको सपोर्ट माग्ने ताकि मतदाता वामपंथी रूझानमा लोभिउन् । अत: नेपालमा वामहरूलाई भोट दिएका सबै मतदाता वामपन्थी होइनन् । स्वाभाविक छ र साधुसन्तको टोलीमा पनि निकै प्रसिद्ध भनाई छ: भूखें पेट न भजहीं गोपाला, लो बाबा अपनी कंठी माला । अर्थात्, मन्दिरमा पनि कीर्तनीयां भजनमंडलीलाई महन्थले भोकभोकै राखेर केवल सीताराम-सीताराम वा राधेकृष्ण-राधेकृष्ण भजन लगाए भने सबैले झ्याली, मादल, हारमोनिया र माला आदि जिम्मे लगाएर टाप कसिदिन्छन् । यसैले भनाई छ कि जबसम्म धर्ती, सूर्य र चन्द्रमा रहनेछन्, तबसम्म कार्ल मार्क्स जिवित रह्नेछ अर्थात्, भौतिकवाद जिवित रह्नेछ किनकि भौतिक शरीररूपी पेटको भोक अध्यात्मिक प्रवचनले मेट्दैन । यहां के सारांश कम्तिमा युरोप र अमेरिकाको हकमा आयो भने क्रिश्चिय बुर्जुवाहरूले नेपालमा नयां क्लास कन्फ्लिक्ट उत्पन्न गराईसक्यो ।

चौथो, वामपन्थीहरूले भारतीय नाकाबन्दी नेपालीमाथि थोपरेको भनी आफ्ना भरमार मीडीयाद्वारा सधैं धुवांदार प्रसारण गरायो । स्वयंका पत्रकारले कांग्रेस, मधेशी र भारतमाथि एकसाथ आक्रमण गर्ने प्रश्न सोध्ने र डिफेन्स वा खण्डनमा कोहि घघरान कांग्रेसी, मधेशी वा भारतीयको कुरा त्यसतै सशक्त टीभी वा दैनिक पत्रिकामार्फत् नआउनु । त्यो एन्टी मधेशी केही सुरक्षाकर्मी र पार्टी नेताको निर्देशनमा पुलिस ब्रुटालिटि मधेशमा घरघर पसीकन गर्दाखेरि मधेशीले ज्यानप्राण, छोरी/चेलीको इज्जत जोगाउन बोर्डरपारी गएका र भारतलगायत विश्वसंगै विभिन्न च्यानेलहरूमार्फत् गुहारेकामा स्वत: नाकाबन्दी मेची-महाकाली भयो जसमा भारत, बेलायत, युरोपीयन युनियन, अमेरिकालगायतले मद्दत गरे, गरिरहेका छन् तर चीनले मधेशीको नाममा जांड खाएर सुत्यो अनि नाकाबन्दी लम्बियो जसमा भारतको नाम मुछियो भन्ने कुरो कसैले बोलेन ।

पांचौं, घरेलु केही कारणहरू छन् । जस्तै, नराम्रो पार्टी भएपनि वामपन्थीले वचनम् किं दरिद्रम् अर्थात् केही नदिएपनि वचनले किन कन्जुस्याई गर्ने भनी विकासका सपनाहरू बांडे । विदेशी नेपालीलाई स्वदेशमा रोजगार दिन्छौं भने जबकि जाबो वाम एकीकरण र सरकार गठनमा यति किचलो छन्, त्यहां । कांग्रेसले कार्य त कहिल्यै वामपन्थीको अवरोधमा गर्नै पाएन, पाएन, जति गऱ्यो, त्यो मीडीया अभावमा र समय अभावमा जनसमक्ष राख्नै सकेन । त्यस्तै, अर्को घरेलु कारणमा वामपन्थीहरूले गल्तिरूपले नै सही तर नेपाली समाजमा मतदातालाई वामपन्थी केपी ओली, प्रचण्ड, झलनाथ, माधव नेपाल, ईश्वर पोखरेल आदि जस्ता कम्तिमा करोडपति नत्र अर्बपतिहरूपनि लोअर क्लास छन् र कांग्रेसी करिब पन्चानब्बे प्रतिशत आर्थिकरूपले हरितन्नम् (केही भ्रष्टाचारी कांग्रेसी बाहेक)पनि अप्पर क्लासमा छन् भनी कान भरे जसकारणले मतदातामा सही शिक्षा नगईकन विष रोपियो र कांग्रेसको हार भयो । अर्को, वामपन्थीहरूले अलायन्स नै बनाएर निर्वाचनमा होमिइसकेको परिप्रेक्ष्यमा कांग्रेसले मधेशवादीसंगपनि अलायन्स गर्न सकेन ।



मनोज कुमार कर्ण

**कांग्रेसले यो निर्वाचनबाट के सबक सिक्ने ?**

एक, दैनिक छापा, टेलिविजन, अरू थप औनलाई मीडीया, सोसल मीडीया एक नम्बर प्राथमिकतामा राखि खोल्ने । दुई, महेन्द्रनारायण निधिले भन्नुभएको 'भूखें पेट न भजहीं गोपाला, लो बाबा अपनी कंठी माला', बीपी कोइरालाले नेपाली समाज सुहाउंदो विकासका कार्यहरू, कृषीनीति, गरिबसंग विश्वेशरलगायत मलाईपनि थाहा नभएका कुरा हिन्दूत्वको साथमा कांग्रेस अगाडी बढ्नुपर्छ । तीन, वामपन्थीहरू नयां बुर्जुवाका सेवक हुन् र लोकतन्त्रलाई मास्न उद्दत छन् भनी लोकतन्त्रको रक्षा र प्रचारसंगै गर्ने । जस्तै, सुन्नमा राम्रो एमालेले उठाएको बहुमतीय निर्वाचन प्रणालीले राष्ट्रियसभामा भोट वा हात उठाएर बहुमतको आधारमा केवल एमाले/माओवादीको उनन्साठीजना प्रतिपक्षीविहीन गरि बस्न पाउने छन् भने एकल संक्रमणीय निर्वाचन प्रणालीबाट कांग्रेस र मधेशवादी दल सबैले समावेशी र समानुपातिक ढंगले विपक्षी दलको हैसियतसहित लोकतन्त्रको मर्म अनुसार प्रवेश निर्वाचित हुनेछन् र यसबारे निर्वाचन अघि ओलीजीले सर्वदलीय बैठकमा घोंचपेचमा बिताएर समय बर्बाद गरे अनि निर्वाचन घोषणा अघि नै सरकारद्वारा पठाइएको अध्यादेश राष्ट्रपतिजीले एमालेको क्याडरको रूपमा रोकेको भनी सत्यतथ्य प्रचार गर्ने । विगतमा संविधानको दायरमा रहंदापनि माओवादीले निवर्तमान रा. डा. रामवरण यादबलाई बबरमहलमा भैंसीमाथि चढेर प्रदर्शन गरि अपमान गरे भने एमालेका होइन कि एमाले तत्कालीन सभामुख सुभास नेम्बाङले 'मधेशीको अधिकारको नाममा संविधान जारी गर्न नमान्दा म तीन मिनेटमा अन्तरीम संविधानबाट एउटा धारा झिकिदिन्छु र मैं संविधानलाई प्रमाणिकरण गरि जारी गरिदिन्छु' भनी चरम् अपमान गरेको अवस्थामा कांग्रेसले हालसम्म वर्तमान एमाले क्याडर राष्ट्रपति महोदयामाथि अपमान नगरेको भनी जनतालाई बुझाउने आदि ।

(लेखक पाटन संयुक्त क्याम्पसमा प्राध्यापनरत् छन्)

# असमझदारी बढ्दा अपराध न्यूनीकरणमा समस्या : एआईजी

**चन्दनकुमार यादव**

राजविराज । प्रदेश नं. २ का प्रहरी प्रमुख अतिरिक्त महानिरीक्षक विजयलाल कायस्थले प्रहरी र नागरिकबीच असमझदारी बढ्दा अपराध न्यूनीकरणमा समस्या हुने भन्दै प्रहरी संगठन नागरिक मैत्री भई अघि बढिरहेको बताएका छन् । सोमबार सप्तरीको कञ्चनरूप नगरपालिकामा नवनिर्मित ईलाका प्रहरी कार्यालय र ट्राफिक प्रहरी पोष्ट भवनको उद्घाटन गर्दै उनले नागरिकको सहयोग विना प्रहरीको एकल प्रयासले मात्र समाजमा शान्ति सुव्यवस्था र अपराध नियन्त्रण न्यूनिकरण सम्भव नभएकाले प्रहरी संगठनलाई नागरिक मैत्री बनाई अघि वढाइरहेको बताएका हुन् ।

उनले प्रहरीले जनतासँग सहकार्य गरेर अघि बढिरहेको अवस्थामा स्थानीयले देखाएको उदारता र सहकार्यले सेवा अझ चुस्त दुरूस्त र प्रभावकारी वनाउन ठुलो मद्दत मिलेको वताए । उनले प्रदेश नं. २ मा स्थानीय तह र त्यसपछि प्रदेश र प्रतिनिधि सभा निर्वाचन जसरी शान्तिपुर्ण रूपमा सम्पन्न भयो त्यसको श्रेय स्थानीयवासीलाई नै जाने चर्चा गर्दै जनताको सहयोग विना प्रहरी सफल हुन नसक्ने बताए ।

'प्रहरी निस्पक्ष भएर जनताको काममा खटिनु पर्छ' उनले भने-'यति मात्र होईन, जनताको गुनासो नआउने गरी प्रहरीले सेवा प्रदान गर्नुपर्छ ।' अपराध नियन्त्रणका लागि जनताले प्रहरीलाई गर्ने सहयोगको ऋण प्रहरीले आफनो ब्यवहार, आचरण र छिटोछरीतो सेवा दिएर तिर्नुपर्छ उनले भने । प्रहरी उपरिक्षक मुकेशकुमार सिंहले प्रहरी सेवा चुस्त, दुरूस्त र प्रभावकारी वनाउन नेपाल प्रहरी प्रयासरत रहेको चर्चा गर्दै जनताको साथ लिएर समाजमा शान्ति सुरक्षा कायम गर्न आफुहरू लागि परेको बताए ।

यसअघि प्रमुख अतिथी अतिरित्त महानिरिक्षक कायस्थले कञ्चनरूप नपामा शान्ति तथा पुनर्निर्माण मन्त्रालयको सहयोगमा नव निर्मित ईलाका प्रहरी कार्यालय भवन तथा स्थानीयवासी र प्रहरीको जनश्रमदानवाट निर्माण गरिएको ट्राफिक प्रहरी पोष्टको समेत उद्घाटन गरेका थिए । कार्यक्रममा नेपाल प्रहरी श्रीमती संघकी केन्द्रिय उपाध्यक्ष सविता कायस्थ, निमित्त प्रमुख जिल्ला अधिकारी अमर वहादुर खड्का, नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्ष जितेन्द्र खड्गा, कञ्चनरूप नगरपालिकाका मेयर वसन्त मिश्र, राष्ट्रिय अनुसन्धानका उप निर्देशक देवराज लिम्वु, सशस्त्र प्रहरी वल सिमा सुरक्षा कार्यालय सप्तरीका एसपी रामाधार यादव, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दास लगायतको सहभागिता थियो ।

ईप्रका कञ्चनपुरको नवनिर्मित भवनमा मुल्य अभिवृद्धि कर सहित १ करोड १८ लाख ६४ हजार ८ सय ७७ रूपैंयाको लागतमा निर्माण भएको सो अवसरमा प्रहरी निरिक्षक एवम् ईन्जिनियर निरन्जनकुमार सिंहले जानकारी दिए । १० कठ्ठा १५ धुर जग्गामा निर्माण भएको प्रहरी भवनमा कार्यालय, आवास, शौचालय, सभा कक्ष तथा महिला र पुरूषका लागि वेग्लावेग्लै हिरासत कक्ष गरी १३ कोठा छन् ।

## समवेदना प्रकट

काठमाडौं । जिल्ला वन कार्यालय सर्लाहीमा कार्यरत सहायक वन अधिकृत राजेन्द्र यादवको निधनप्रति मधेशी कर्मचारी महासंघ नेपालले समवेदना प्रकट गरेको छ । महासंघका अध्यक्ष विनोद कुमार सिंहले एक विज्ञप्ति जारी गरी समवेदन प्रकट गर्दै मृत आत्माको चीर शान्तिका लागि कामसमेत गरेका छन् । सर्लाहीको ब्रह्मपुरी गाउँपालिका १ निवासी यादवको गत बिहीबार सोल्टी इलाका वन कार्यालयको कामकाजको शिलशिलामा हृदयघात हुँदा उपचारका लागि लैजाँदै गर्दा निधन भएको थियो ।

## गोइत समूहद्वारा विस्फोट

काठमाडौं । सिरहाको सदरमुकाम सिरहा नगरपालिकामा शुक्रबार जयकृष्ण गोइत नेतत्वको सशस्त्र भूमिगत समूह जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी)ले कुकर बम विस्फोट गराएको छ । मालपोत कार्यालयमा शुक्रबार दिउँसो १ बजेर ५ मिनेटमा भएको बम विस्फोटनमा तीन जना सेवाग्राही घाइते भएका थिए । मोर्चाका अध्यक्ष गोइतले बम विस्फोटको जिम्मा लिएका हुन् ।

## मधेश अपडेट

### "संशोधनको सुनिश्चितता भए मात्र सरकारमा"



वीरगंज । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोले संविधान संशोधनको सुनिश्चितता भए मात्र सरकारमा जाने बताएका छन् । सिमरा विमानस्थलमा संचारकर्मीसँग कुराकानी गर्दै महतोले मधेशको जनताको भावनालाई कदर गर्दै निर्माण भएको फोरम राजपा गठबन्धनलाई मधेशी जनताले उच्च मनोबलका साथ मतदान गरेको हुनाले यस पवित्र गठबन्धनलाई अगामी दिनमा समेत निरन्तरता दिने बताए । मधेशको पक्षमा संविधान संशोधन भएन भने वा माग पुरा नभए पुन: आन्दोलनमा जानु पर्ने बाध्यत्मक अवस्था रहेको समेत जिकिर गरेका थिए । गृह जिल्ला सर्लाहीबाट सिमरा हुँदै काठमाडौं जाने क्रममा सोमबार सिमरा विमानस्थलमा प्रेस मञ्च नेपालका केन्द्रीय अध्यक्ष संतोष पटेलले धनुषा जिल्लाबाट नवनिर्वाचित सांसद एवं राजपा अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोलाई दोसल्ला र फुलमालाबाट सम्मान एवं स्वागत गरेका थिए ।

### प्रेस स्वतन्त्रता सेनानीको निधन

नेपालगन्ज । वरिष्ठ पत्रकार तथा प्रेस स्वतन्त्रता सेनानी रामगोपाल बैष्यको ७४ वर्षको उमेरमा निधन भएको छ । केही समय यता प्रोस्टेट गल्याण्डको क्यान्सरबाट पीडित रहेका वरिष्ठ पत्रकार बैश्यको गत शुक्रबार राति ११ बजे आफ्नै निवासमा निधन भएको हो । २०२६ सालदेखि बर्दियाबाट पत्रकारिता थालेका स्व. वैष्यले र ाष्ट्रपुकार, चेतना साप्ताहिक, बिबिसिमा समेत काम गरेका थिए । शंखनाद सास्ताहिकका प्रकाशक सम्पादक समेत रहेका उनको त्रिभुवन चोक बोल्दछ भन्ने स्तम्भ निक्कै चर्चित छ । ६ छोरा एक छोरी र श्रीमतीसहित रानीतलाउ नजिकैको आफ्नो निवासमा बस्दै आएका स्व. बैष्यको हिन्दू परम्परा अनुसार शनिबार बुलबुलियामा अन्तिम संस्कार गरिएको परिवारजनले जनाएको छ ।

### राजधानी कपिलवस्तु : खनाल

दिलिप कुमार यादव, कपिलवस्तु । कपिलवस्तुको मायादेवी गाउँपालिकामा आज एक कार्यक्रमका विच कपिलवस्तु निर्वाचन क्षेत्र नं. १ काम संसाद चक्रपाणि खनालले कपिलवस्तु राजधानी हुनु पर्ने बताएका छन् । केही दिन पहिला बाम गठबन्धन देखि दांगबाट संसाद जितेका माओबादी केन्द्रका नेता कृष्णबहादुर महराले दांग राजधानी भएन भने आर्को प्रदेश गराएर दांगलाई राजधानी बनाउछु । तथा रूपन्देही देखि जितेका संसाद विष्णु पौडेलले बुटवाल राजधानी भएन भने अन्दोलनको अधिँबेरी ल्याउने उद्घोषलाई उदृत गर्दै दुईटैको विचको भाग कपिलवस्तु परेको हुनले कपिलवस्तुलाई राजधानी बनाउन सजिलो रहेको बताएका छन् । विगतका दिनमा शुद्धोधानको शाक्तिशाली गणराज्य रहेको कपिलवस्तु फेरी पनि राजधानी हुन्छ । दुई जिल्लाको बिचको भागमा पर्ने कपिलवस्तु सबैको साझा राजधानी बनाए लाग्नु पर्ने बताएका छन । धार्मिक, पर्याटकिय हिसाबले कपिलवस्तुको नाममा अहिले पनि विदेशबाट पैसा ल्याउने अनि राजधानीको लागि अर्कै जिल्ला हुना दिदैनौं उहाँले भन्नु भयो । मायादेवी गाउँपालिकाले अयोजना गरेको नव निर्वाचित प्रतिनिधि सभा १ का प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यहरूको स्वागत तथा सम्मान कार्यक्रममा उहाँले यास्तो बताएका हुन् ।

### "कांग्रेसमा गम्भीर आत्मसमीक्षाको आवश्यकता"

चन्द्रकान्त खनाल, रूपन्देही । नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा युवा नेता विश्वप्रकाश शर्माले कांग्रेसलाइ राष्ट्रव्यापी रूपमा बलियो बनाउन सहि उपचार जरूरी रहेको बताएका छन् । कांग्रेस बुटवल नगर समितिले आज बुटवलमा आयोजना गरेको कार्यकता भेटघाट तथा प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै शर्माले यस पटकको निर्वाचनमा कांग्रेस मात्र हारेको तर कांग्रेसको विचारले जितेको दावी गरे । कांग्रेस घाटमा नपुगेको भन्दै थला मात्र परेको उनको भनाइ छ ।अब गम्भीर आत्मसमीक्षा नगरी अघि बढेमा कांग्रेस इतिहास पुस्तकमा खोज्नुपर्ने अवस्था आउने उनको चेतावनी छ ।कांग्रेसका युवा नेता समेत रहेका शर्माले पार्टीको कपालको रौं देखि खुट्टाको बुढी औंलासम्म कमजोरी रहेकोले राष्ट्रव्यारी रूपमा कांग्रेस बदल्न आवश्यक रहेको औंल्याए ।

### १२ जनालाई कारबाहीको सिफारिश

पर्सा । नेपाली कांग्रेस पर्सा क्षेत्र नं. ४ ले पूर्वमन्त्री सुरेन्द्र चौधरीसहित १२ जनालाई कारबाही गर्न सिफारिश गरेको छ । पूर्वमन्त्री चौधरीले स्थानीय तहको निर्वाचनमा कांग्रेसका आधिकारिक उम्मेदवारसविरूद्ध बागी उम्मेदवार खडा गरेको आरोप छ । क्षेत्र नं ४ का क्षेत्रीय सभापति मृत्युञ्जयकुमार श्रीवास्तवले शनिबार वीरगञ्जमा पत्रकार सम्मेलनको आयोजना गरी पार्टी पर्साका पूर्व जिल्ला सभापतिसमेत रहेका चौधरीसहित १२ जनालाई १५ वर्षका लागि पार्टीबाट निष्काशन गर्न सिफारिश गरेको जानकारी दिए । पूर्वमन्त्रीसमेत रहेका चौधरी र पूर्व जिल्ला सभापति जनार्दनसिंह क्षेत्रीसहित १२ जनालाई १५ वर्षसम्म पार्टीको साधारण सदस्यता समेतबाट निलम्वन गर्न क्षेत्रीय समितिको बैठकबाट सर्वसहमत निर्णय गरेर पार्टी केन्द्रीय कार्यालयलाई सिफारिश गरिएको बताए ।

### विकास निर्माणका कार्य गर्नुपर्छ : पोखरेल

विराटनगर । नेकपा (माओवादी केन्द्र) का नेता गिरिराजमणि पोखरेलले मधेशको समृद्धिका लागि ठोसरूपमा विकास निर्माणका कार्यहरू गर्नुपर्ने बताएका छन् । उनले मधेशलाई द्वन्द्वबाट बाहिर निकाल्नका लागि अब आर्थिक विकास लगायतका मुद्दाहरूबारे गहन छलफल गरी समृद्धितर्फ लानुपर्ने बताए । विना विभागीमन्त्रीसमेत रहेका पोखरेलले सामाजिक न्याय, समानता, समृद्धि र समाजवादका नयाँ नीतिका साथ मुलुकको विकासमा आउँदो सरकारले कार्य गर्ने दाबी गरे । उनले जनताले सुविधा र सुरक्षा, स्थिरतासमेत खोजेकाले वाम गठबन्धनको प्रगतिशील एजेण्डालाई कार्यान्वयन गर्न जनादेश दिएको बताए । निर्वाचन परिणाम आइसकेकाले प्रधानमन्त्री शेरबहादुर देउवाले राजीनामा दिएर नयाँ सरकार निर्माणको बाटो खोल्नुपर्ने उनको भनाइ छ ।

### भारतीय सहयोग नरोकिने

चितवन । भारतीय महावाणिज्य दूतावास, वीरगञ्जका महावाणिज्यदूत सिवी प्रधानले नेपालको राजनीतिक परिवर्तनले भारतको सहयोग नरोकिने बताएका छन् । चितवनमा भएको विकाससम्बन्धी अन्तर्क्रिया कार्यक्रममा उनले नेपालमा भएको राजनीतिक परिवर्तनका कारण भारतबाट विकास निर्माणका लागि हुने सहयोग नरोकिने स्पष्ट पाऱ्नुभयो । नेपाल र भारतबीचको सम्बन्धलाई दिगो बनाउनका लागि आफ्नो कार्यकालमा कुनै कसर बाँकी नराख्ने उनले बताए । केही समयअघि चिसिएको सम्बन्धलाई सुधार गर्दै अझै बलियो सम्बन्ध बनाउन आवश्यक रहेको उनको भनाइ थियो । कार्यक्रममा प्रदेश सांसद विजय सुवेदीले चितवनको विकासका लागि भारत सरकारले चासोका साथ काम गर्नु आवश्यक रहेको बताए ।

### सुदूरपश्चिम महोत्सव सम्पन्न

कैलाली । 'दिगो शान्तिका लागि आर्थिक समृद्धि' भन्ने नाराका साथ गत मंसिर २९ गतेदेखि शुरू भएको सुदूरपश्चिम महोत्सव सम्पन्न भएको छ । दुई सय ५० व्यापारिक स्टल राखिएको महोत्सवको १२ दिनको अवधिमा झण्डै रू १६ करोडको कारोवार भएको आयोजकले जनाएको छ । सुदूरपश्चिमको पर्यटन, कृषि, उद्योग, व्यापार व्यवसायको विकास तथा प्रवर्द्धन गर्ने उद्देश्यले कैलाली उद्योग वाणिज्य सङ्घले यहाँ हरेक वर्ष सुदूरपश्चिम महोत्सवको आयोजना गर्दै आएको छ । सुदूरपश्चिम महोत्सवमा बिक्री भएको प्रत्येक टिकटबाट केही रकम जिल्ला दैविप्रकोप उद्धार कोष र शिवपुरी धामको विकासका लागि छुट्टयाइएको छ । बिक्री भएको प्रत्येक टिकटबाट एक रूपैंया जिल्ला दैविप्रकोप उद्धार कोषमा र एक रूपैंया शिवपुरी धामको विकासका लागि छुटचाउने निर्णय महासंघले गरेको छ ।

# १९५० को सन्धि नेपालको अहितमा छैन

## नेपाल-भारत सम्बन्ध सम्वाद

**० नेपालले अन्तर्राष्ट्रिय क्षेत्रसँग सम्बन्ध विस्तारमा राम्ररी काम गर्न नसकेको आरोप लाग्दै आएको छ। यो कुरा सही हो ?**

– यो आरोप भन्दा तथ्यगत र तर्कसंगत विश्लेषण हो। अन्तर्राष्ट्रिय राजनीतिको परिवर्तित स्थितिलाई हाम्रो संस्थापन नबुझेको हो। अन्तर्राष्ट्रिय र कूटनीतिक सम्बन्धका मामिलालाई आन्तरिक राजनीतिको विषय बनाएर दलीय लाभका लागि उपयोग गर्ने नीति र रणनीति हामीले बनाउँदै आएका छौं। त्यो वास्तवमा नेपाल र नेपालीका लागि हितकारक छैन। यस्तो नीतिले गम्भीर परिणामहरू देखाउनसमेत सुरू गरिसकेको छ। खासगरी हाम्रो दुवै छिमेकी मुलुकसँगको विश्वसनीयता घट्दै गएको छ।

**० नेपालको भारत र चीनसँगको सम्बन्ध कस्तो रहेको छ ?**

– भारतसँग हाम्रो अपरिहार्य र अनिवार्य मित्रताको सम्बन्ध हो। यो वस्तुगत यथार्थ हो। भारतसँग हाम्रो सम्बन्ध २०१५ देखि २०४९ सम्म केही हदसम्म उपयोगवादी रह्यो। बाहिर बाहिर राम्रो छ भन्नुपर्ने बाध्यात्मक स्थिति रह्यो। सही अर्थमा भन्ने हो भने कहिल्यै पनि विश्वसनीय र भरोसा योग्य सम्बन्ध रहेन। भारतसँग हाम्रो अन्तरघुलन सम्बन्ध छ, तर चीनसँग छैन। भारतसँग हाम्रो जनस्तरदेखि नै सम्बन्ध छ भने चीनसँग जनस्तरदेखि सरकारीस्तरसम्म त्यस्तो सम्बन्ध छैन। चीनले पहिलादेखि नै सतर्कतापूर्ण तरिकाले नेपाललाई हेरिरहेको छ। दुवै अवस्थाले हाम्रा लागि कल्याण गर्दैन।

**० सम्बन्ध राम्रो नहुनुको कारण के हो त ?**

– यसको लामो ऐतिहासिक पृष्ठभूमि छ। भारतको नेहरूकालीन एउटा अवस्था छ। इन्दराकालीन एउटा अवस्था छ। त्यसपछिको अवस्था अर्को छ। र, अहिलेको भाजपाको सरकार हुँदाको अवस्था अर्को छ। एक हातले ताली बज्दैन भने जस्तै दुवै पक्षले गम्भीर रूपमा सोच्नुपर्छ।

**० नेपालको भारत र चीनसँग समदूरीको सम्बन्ध बनाउनुपर्ने पनि भनिन्छ। यो सम्भव छ ?**

– हाम्रो विदेश नीतिका आधार सिद्धान्तमै आमूल परिवर्तन गर्नुपर्छ। सिद्धान्तमा आमूल परिवर्तन नगरेसम्म विकासका साथै राजनीतिक परिवर्तनमा स्थायित्व प्राप्न गर्न सक्दैनौं। विगतमा हामीले पञ्चशीलमा आधारित समदूरीको विदेश नीति भनेर हामीले भनेका थियौं। यो सिद्धान्त पूर्ण रूपमा असफल भइसक्यो। असान्दर्भिक भइसक्यो। अब हामीले दुई तहको विदेश नीति अवलम्बन गर्नुपर्छ। पहिलो प्राथमिकतामा भारत र चीनलाई राख्नुपर्छ। र, बाँकी देशहरूलाई दोश्रो प्राथमिकतामा राख्नुपर्छ। भारत र चीनको अन्तर्राष्ट्रिय राजनीति र रणनीतिक इच्छासित कन्सर्नट्रेशन गर्ने गरी हामीले अन्तर्राष्ट्रिय नीति तय गर्नु हुँदैन। केही समय अघि मात्र भारतसँग हाम्रो कटु सम्बन्ध थियो। तर, त्यसको पनि पूर्ण रूपमा सिथिलीकरण हुन सकेको छैन। चीनले नेपालमा संयुक्त चेकपोष्ट राख्ने प्रस्ताव गर्न लागेको खबर पनि मैले पढेको थिएँ। यसले गर्दा हामीले के बुझेका छौं भने हाम्रो परराष्ट्र नीतिले छिमेकीहरूलाई आश्वस्त पार्न सकेको छैन। त्यसकारण हामीले गल्ती गरिरहेका छौं। हामी आन्तरिक र अन्तर्राष्ट्रिय नीति गलत बनाइरहेका छौं। यसमा हामीले पुनरावलोकन गर्नुपर्छ। यसमा हामीले छिमेकीलाई आश्वस्त पार्नुपर्छ। जहाँसम्म भारत र चीनसँगको समदूरीको कुरा गरिन्छ। यसलाई दुई तरिकाबाट हेर्न सकिन्छ। युरोपियन युनियनहरूले फ्री भाषाको कल्पना नगरेको बेला नै नेपाल र भारतबीच फ्री भाषा व्यवहारमा आएको हो। सामाजिक अन्तरघुलन र सांस्कृतिक अन्तरघुलन भारतसँग छ। त्यसकारण सामाजिकस्तरको सम्बन्ध स्वभाविक रूपले भारतसँग बढी छ। आर्थिकसम्बन्ध पनि भारतसँग बढी छ। चीन र भारतबीच कटु सम्बन्ध रहँदै आएको छ। यस्तो अवस्थामा नेपालले चीनसँग मात्र वा भारतसँग मात्र सम्बन्ध कायम गरेर पनि हुँदैन। हो, यस्तो अवस्थामा समदूरीको सम्बन्ध कायम गर्नुपर्छ। लेखेर, बोलेर त समदूरीको सम्बन्ध कायम हुने होइन। एउटा चिनियाँभन्दा त धेरै नै बढीसम्बन्ध निश्चय पनि भारतीयसँग छ। त्यसकारण नागरिक र सांस्कृतिक सम्बन्ध निश्चिय पनि भारतसँग बढी छ। तर, भारत र चीनबीच टकराब हुने विषयमा कुनै एउटाको पक्षमा लागेर धान्न सक्ने अवस्था नेपालसँग छैन। यो कुरा हाम्रा दुवै छिमेकी मुलुकले बुझेका पनि छन्। यसमा हामीलाई ठूलो दबाब हुन्छ भन्ने पनि लाग्दैन।

**० नेपालमा हुने राजनीति मुद्दाहरूको विषयमा भारतमाथि आरोप लगाउने गरिन्छ। पछिल्लो समय मधेशकेन्द्रित दल संविधान संशोधनको प्रस्ताव ल्याउँदा भारतले नै ल्याएको भन्ने आरोप लगाइएको थियो। यस्तो सोचलाई कुन रूपमा लिनुहुन्छ ?**

– नेपालको आन्तरिक राजनीतिलाई लिएर भारतको कुरा गरिएको यो पहिलो घटना होइन। नेपालको डर्टी माइन्डले यसरी खेल खेल्ने काम गर्दै आएको छ। नेपाली बोल्न नजान्ने र श्याम वर्णका मानिस देख्ने बित्तिकै बिहारी सोच्ने डर्टी माइन्डले काम गरेको देखिन्छ। यो सोच खतरनाक छ। यसको विरूद्ध मैले पटक पटक बोलेको पनि छु। मधेशकेन्द्रित दलका कुरा सुनिएन भने भोलि बिपत्तको सामना गर्नुपर्ने हुन्छ। मधेशका नेताले केही कुरा गर्दा भारतसँग जोड्ने र केपी ओलीले केही कुरा गर्दा चीनसँग जोड्ने काम खतरनाक छ। यो नियतवश सुरू गरिएको हो। नेपाललाई द्वन्दमा फसाउने षड्यन्त्र हो। यस्ता कुरालाई हामी सबै मिलेर निरूत्साहित गर्नुपर्छ।

**० नेपाल र भारतबीच सन् १९५० मा भएको सन्धि पुनरावलोकन गर्ने कुराहरू पनि उठ्ने गरेका छन्। यसमा तपाईंको धारणा के छ ?**

सन् १९५० को सन्धिका १० वटै बुँदाको मैले गहन अध्ययन गरेको छु। यो सन्धिमा नेपालको अहितमा रहेका र पुनरावलोकन गर्नु पर्ने विषय मैले देखिनँ। खासगरी यो सन्धि नेपालका लागि भन्दा पनि भारतका लागि टोउकाको तरबार हो। त्यसकारण मैले अहिलेसम्म बुझ्न सकेको छैन कि १० बुँदामा कुन बुँदा परिवर्तन गर्नुपर्छ ? यदि यो सन्धिमा केही अवाञ्छित विषय थिए भने पहिल्यैदेखि किन परिवर्तन गरिएन ? यो सन्धिको १० औं बुँदामा एक वर्षको सूचना



**अरूणकुमार सुवेदी**
**विश्लेषक तथा अन्तर्राष्ट्रिय सम्बन्धका जानकार**

दिएर यो सन्धि नै खारेज गर्न सकिने भनिएको छ। कुनै राजा महेन्द्रले राष्ट्रवादीको परिचय बनाएका थिए। त्यसैबेला यो सन्धि खारेज गर्न सकिन्थ्यो। मरिचमान सिंहले खारेज गर्न सक्थेँ। अहिलेका सरकारले पनि खारेज गर्न सक्छ। यो कुनै ठूलो कुरो नै होइन। अब यही विषय मिलाउन प्रबुद्धलगायतका समूहहरू बनाइए पनि कसैले त्यति हेरबिचार गर्नु पर्ने कुरै छैन। चित्त बुझेको छैन भने भारतलाई एक वर्षको समय दिएर खारेज गरिदिने। धेरै सजिलो छ।

**० भनेपछि सन् १९५० सन्धि नेपालका लागि हितकर छैन भनेर गलत प्रचार गरियो ?**

– हो। नेताहरूले भने भन्दैमा सही हुन्छ ? पहिला यो सन्धिका १० बुँदा पढ्नुपर्‍यो नि। पहिला १० वटै बुँदा पढ्नुपर्‍यो नि। एउटा त्यसमा फ्री भिषाको कुरा गरिएको छ। यदि यो टाउको दुखाइ छ भने त्यो सन्धिमा सीमा व्यवस्थापन नगर भनेर पनि भनिएको छैन। यो सन्धिमा एक अर्का देशमा जाँदा भिषा नचाहिने भनेर मात्र भनिएको हो। सीमा व्यवस्थापन गरे भइहाल्छ। त्यो १९५० को सन्धिको दोष होइन नि। त्यो त वर्तमान प्रशासनको दोष हो। अहिलेको राज्यसत्ताको दोष हो।

# ‘अन्तरिम मधेश/तराई संसद्’ गठन गर्न सीके राउतको अपील

## राजनीतिक दस्तावेज

आदरणीय मधेशरतराईका सम्पूर्ण जनताहरू,
मधेश/तराई/थरूहट/कोचिलामा आन्दोलित सम्पूर्ण पार्टी, संघ-संगठन तथा सरोकारवालाहरू, झन्डै एक महीनादेखि मधेशरतराईमा चलिरहेको आन्दोलनमा यहाँका जनता, नेता, कार्यकर्ता, पार्टी र मोर्चाहरू तथा विभिन्न सरोकारवाला समूहहरूले देखाएको प्रतिबद्धता र योगदान निकै नै सराहनीय छ। यस क्रममा शहादत प्राप्त गर्नुहुने सबैमा हाम्रो तर्फबाट उच्चतम सम्मान अर्पण गर्दै आन्दोलनको नेतृत्व गर्नु हुने तथा सहभागी भएर आन्दोलन सशक्त बनाउने सबैलाई हामी धन्यवाद पनि दिन चाहन्छौं।

आज हामी मधेशरतराईको ऐतिहासिक तथा निकै नै संवेदनशील मोडमा खड़ा छौं र हामी सबैले एकपटक गम्भीर भएर सोच्नैपर्छ। शांतिपूर्ण तरीकाले अधिकार माग्दा जुन तरीकाले नेपाली सेना र सशस्त्र प्रहरी लगाएर सिंगो मधेशरतराईलाई दमन गरिँदैछ, उचित मागलाई वेवास्ता गर्दै मधेशरतराईको जनताको नरसंहार र विस्थापित गर्ने अपरेशन चलाइदैछ, त्यसले ’स्वतन्त्र मधेशरतराई’ बाहेक अरू कुनै पनि कुराले हाम्रो अस्तित्व बचाउन न सक्ने कुरा आम(जनतालाई समेत झन् छर्लंग भएको छ। जुन देशमा शांतिपूर्ण तरीकाले बोल्न समेत दिइरहेको छैन, सभा( सम्मेलन र बैठक समेत गर्न दिइरहेको छैन, र अधिकार माग्दा नेपाली सेना र सशस्त्र प्रहरी लगाएर गोली बर्साउने काम हुन्छ भने त्यो देशमा संघीयता आउँदैमा वा स्वायत्त मधेशरतराई प्रदेश बन्दैमा के फरक पर्छ ?

के प्रदेशहरू बने पछि, वा २२ बूँदे वा ८ बूँदे सम्झौता कार्यान्वयन हुँदैमा, यी अति नै महत्वपूर्ण तथा आधारभूत कुराहरू पूरा हुनेछन् ?

१. के नेपाली फिरंगी सेना मधेशरतराईबाट फर्केर जानेछन्? र त्यसको ठाउँमा मधेशरतराईकै सेना हुनेछ ? होइन भने, मधेशरतराईमा जतिखेर पनि नेपाली सेना लगाएर हरेक संविधान, नियम, कानूनलाई खारिज गर्न सकिनेछ। मधेशरतराईमा नेपाली सेना रहेसम्म कुनै संविधान, नियम, कानून केहीले कुनै मायना नै राख्दैन, त्यसमा केही लेखाउनु(नलेखाउनुले कुनै अर्थ नै राख्दैन। त्यही भएर ‘आत्मनिर्णय सहितको स्वायत्त मधेशरतराई’को कुरा संविधानमा लेखाउने कुरा होस् कि साधारण शांतिपूर्ण रूपमा बोल्न र भेला हुन पाउने अधिकार – नेपालको संविधानमा केही लेखाउनाले मधेशरतराईको जनताको लागि फरक पर्दैन। किनकि सेना जसको हुन्छ, संविधान पनि उसकै हुन्छ। नेपालको संविधान सभामा मार्शल (सेना) लगाएर प्रकिया पूरा गरिनुदेखि लिएर अहिले नेपाली सेना परिचालित गरेर मधेशरतराईका जनताहरूको सबै अधिकार खोस्दै मुख समेत बन्द गरिनु यसको प्रत्यक्ष प्रमाण हो।

२. के मधेशरतराईको जनताको लागि अति नै महत्वपूर्ण नागरिकता नीति, विदेश नीति र सुरक्षा नीति मधेशरतराई प्रदेश कै हातमा हुनेछ ? होइन भने, जतिखेर पनि नेपाली शासकले मधेशरतराईको लाखौं जनताको नागरिकता समेत खारेज गर्न सक्नेछ, कसलाई नागरिकता दिने कसको खारिज गर्ने नेपाली शासकले आफ्नो मनोमानि गरिराख्नेछ, जतिखेर पनि खुला सीमाना बंद गर्न सक्छ, जति मन लाग्यो त्यति सेना र सशस्त्र कैम्प मधेशरतराईमा खड़ा गरी यहाँका जनतालाई दमन गर्न सक्छ।

३. के मधेशरतराईमा पहाडीहरू आएर बस्ने र कब्जा गर्ने क्रम रोकिनेछ ? नभए बिगत ५० वर्षमा मधेशरतराईमा पहाडीहरू ६५ बाट बढेर ३३५ भइसके भने अर्को २०(२५ वर्षमा के हुने हो ? यहाँका बांकी जिल्लाहरूको हालत पनि झापा, चितवन र कंचनपुर जस्तै हुनेछ, र मधेशरतराईका जनताहरू विस्थापित भएर शरणार्थी बन्न पुग्नेछन्, बचेकाहरू दास बन्न पुग्नेछन्।

४. मधेशरतराईको जागिर मधेशरतराईकै जनतालाई नै दिइने ग्यारेन्टी हुन्छ ? कुनै पनि हालतमा हुँदैन, किनकि पहाडबाट जुनसुकै ठाउँका मान्छे आएर मधेशरतराई को जागिर गर्न सक्नेछन्, सबै सिडिओरएसपी, प्रशासक र कर्मचारीहरू पहाडी नै हुन सक्नेछन् र हुनेछन्। यहाँसम्म कि ओखलढुंगा वा जुम्लाका पहाडीहरू मधेशरतराई प्रदेशको मुख्यमंत्री बन्न सक्नेछन्।

५. मधेशरतराईको जल, जमीन, जंगल, खानी, राजस्व, वैदेशिक सहयोग लगायतका साधन( स्रोतमाथि मधेशरतराई प्रदेश कै नियन्त्रण हुनेछ ? यहाँ त प्रदेशहरूलाई एउटा जिल्ला विकास समिति जत्तिको पनि अधिकार न दिइने व्यवस्था हुन गइरहेको छ।

अहिले नै त नेपाली सेनाले संविधानबाट ‘लोकतान्त्रिक’ र ‘समावेशी’ शब्द हटाइ सक्यो, प्रहरी होस् कि अदालत कि लोकसेवा आयोग, प्रदेशलाई केही नदिने व्यवस्था हुँदैछ भने त्यस्तो प्रदेशहरूबाट के आशा गर्ने ?

आज यदि नेपाली शासक दुई(तिहाई बहुमतले संविधान बनाइरहेका छन् र त्यसलाई हामीले निकै बलिदानी दिएर आन्दोलन मार्फत् रोक्न आज सफल भए पनि, मधेश शांत भएपछि फेरि दुई(तिहाई बहुमतले संविधानका धाराहरू परिवर्तन गर्न नेपाली शासकलाई कति दिन लाग्ला? एक दिन पनि लाग्दैन। त्यसैले कति पटक हामीले महिनौं सम्म आन्दोलन गरिराख्ने र बलिदानी दिइराख्ने ? एउटा जाबो नागरिकताकै लागि १०० वर्ष अगाडि पनि बलिदानी दियौं, अहिले पनि त्यही नागरिकताको अधिकारको लागि बलिदानी दिइराखेका छौं, र यही बाटो रोजिराख्ने हो भने अर्को १०० वर्ष पछाडी पनि त्यही नेपाली नागरिकताको लागि मधेशरतराईका जनताहरूले बलिदानी दिनु पर्ने हुन्छ।भनेपछि, त्यही दासताको बाटोमा सदियौं हिंडिराख्नु कतिको उचित छ ?

र आन्दोलन गरेर, बलिदानी दिएर अधिकार आखिर सुनिश्चित गर्ने कहाँ हो, लेखाउने कहाँ हो? त्यही नेपालको संविधानमा न हो ? तर नेपालको संविधानमा मधेशरतराईको जनता अनुकुल केही कुरा लेख्दै वा न लेख्दैमा के फरक पर्छ ? अहिले नेपालको संविधानमा धारा १३८ मा अधिकारसम्पन्न स्वायत्त प्रदेशको कुरा त लेखिएकै थियो, फेरि त्यही कुराको लागि किन बलिदानी दिनु परेको छ त, किन आन्दोलन गर्नु परेको छ त? त्यस्तै नेपालको संविधानमा मधेशरतराईका जनतालाई सेनामा न राख्ने वा नागरिकता न दिने भनेर त लेखेको छैन। तैपनि नेपाली सेनामा कति ५ मधेशरतराईका जनता छन्? तैपनि किन मधेशरतराईका दसौं लाख जनता नागरिकताविहिन छन् ? त्यसैले नेपालको संविधानमा केही लेखे पनि, न लेखे पनि मधेशरतराईको जनताको लागि केही फरक पर्दैन, त्यो नेपालको संविधान हो, मधेशरतराईको होइन।

स्वायत्त मधेशरतराई र समानुपातिक समावेशी कुनै आजको माग होइन, २००८ सालमा नै ‘तराई कांग्रेस’ले सशक्त रूपमा प्रमुख मागको रूपमा उठाएको थियो। अर्थात् विगत ६५ वर्षदेखि त्यही कुराको लागि मधेशरतराईका जनताले बलिदानी दिए, आन्दोलन गरे, तर के पाए ? नेपालमा मधेशरतराई गाभिएको २०० वर्ष भइसक्दा त यहाँका जनताले साधारण नागरिकताको अधिकार पाउन सकेका छैनन् भने नेपाली साम्राज्यबाट मधेशरतराईका जनताले अरू के नै पाउने आशा गर्न सक्छन् ?

त्यही भएर नेपाली साम्राज्यबाट अधिकार पाउने नाममा अझ पर्खनु सर्वथा अनुचित र आत्मघाती हुनेछ, अझ पर्खनुले हाम्रो अस्तित्व नै मेटिने खतरा हुन्छ। ६५ वर्ष अगाडि स्वायत्त मधेशरतराईको माग उठदा मधेशरतराईमा केवल ६५ मात्रै पहाडी थिए, तर अधिकारको नाममा पर्खदा(पर्खदा आज मधेशरतराईका आदिवासीहरूलाई विस्थापि गर्दै पहाडीहरू ३३५ भन्दा बढी हुन पुगे। अधिकारको नाममा पर्खदा सीधै गोली हान्ने अधिकार सहित आंगन(आंगनमा नेपाल सशस्त्र प्रहरी पुगिसके, गाउँ(गाउँमा बन्दुक बोकर नेपाली सेना छिरिसके, भने अझै पर्खे के हुने हो ? अहिले नै दसौं हजारको संख्यामा झापा र कैलालीका आदिवासीहरू विस्थापित हुँदै शरणार्थी बनिरहेका छन्, भने अझै पर्खे मधेशरतराईमा कति मूलवासीहरू बांकी रहला र?

आज एउटा सीमांकन सच्चाउनका लागि त यति ठूलो आन्दोलन गर्नु परेको छ, यति धेरै बलिदानी दिनु परेको छ भने अन्य अधिकार पाउनका लागि कति चोटि आन्दोलन गरिराख्नु पर्ला ? र अघि नै भनि सकिएको छ, यदि आन्दोलनको राप पश्चात् संविधानमा अहिले सच्चाई हाले पनि पुनस् जनता शान्त भएपछि त्यो कुरा दुई(तिहाईले फेरि उल्टाउन नेपाली शासकलाई एक दिन पनि लाग्नेछैन्। अनि त्यस्तो क्षणिक उपलब्धिका लागि मधेशरतराईका जनताले बारम्बार महिनौं आन्दोलन गरिराख्नु र मरिराख्नु कसरी उचित हो ?

आज हरेक गाउँ(गाउँमा, अधिकांश जुलुस र सभाहरूमा ‘स्वतन्त्र मधेशरतराई’ को नारा गुञ्जिनु जनता स्वयं ‘स्वतन्त्र मधेशरतराई’को पक्षमा रहेको भन्ने कुरा प्रष्ट हुन्छ, तर अहिलेसम्म नेतृत्ववर्गबाट नै जनताको त्यस आकांक्षालाई अन्यत्र मोडने काम भइरहेको हुँदा



**डा.सीके राउत**

त्यसलाई सच्चयाई आन्दोलनलाई ‘स्वतन्त्र मधेशरतराई’ को गन्तव्यतिर डोर्‍याउनु हामी सबैको उत्तरदायित्व भएको कुरा यस्तो गम्भीर मोडमा हामी सबैले बुझ्नै पर्ने हुन्छ।

तसर्थ मधेशरतराईका जनतालाई अझै पनि कुनै हालतमा भ्रममा राखिनुहुन्न र मधेशरतराईमा आन्दोलनरत तथा सरोकारवाला समस्त पक्षहरू ‘स्वतन्त्र मधेशरतराई’को निर्णायक आन्दोलनको लागि संयुक्त रूपमा लाग्रून ‘स्वतन्त्र मधेश गठबन्धन’ उनीहरूसँग विनम्र अपील गर्दछ। सोको लागि गठबन्धन हरेक किसिमले पहल गर्न र सहकार्य गर्न तैयार रहेको कुरा पनि समस्त जनतालाई साक्षी राखी अवगत गराउन चाहन्छ। आन्दोलनको शुरूवातको लागि मधेशरतराईका सभासद्हरूले औचित्यहीन नेपालको संविधानसभाबाट राजीनामा दिएर मधेशरतराईको नागरिक समाज समेत मिलाई ‘अन्तरिम मधेश/तराई संसद्’ गठन गरेर मधेशरतराई देशको स्वतन्त्रताको उद्घोष गर्दै अन्तर्राष्ट्रिय मान्यताका लागि अविलम्ब सार्वजनिक अपील गरिनुपर्छ भनेर हाम्रो मान्यता रहेको छ।

डा. सी. के. राउत
संयोजक, स्वतन्त्र मधेश गठबन्धन (AIM)

बोधार्थ:

१. श्री उपेन्द्र यादव
२. श्री महन्थ ठाकुर
३. श्री राजेन्द्र महतो
४. श्री महेन्द्र राय यादव
५. श्री अनिल कुमार झा
६. श्री मातृका यादव
७. श्री जय प्रकाश गुप्ता
८. श्री विजय कुमार गच्छदार
९. श्री राजकिशोर यादव
१०. श्री शरत्सिंह भण्डारी
११. श्री धनीराम चौधरी
१२. श्री समिम अंसारी
१३. श्री भरत राजवंशी
१४. डा. डम्बर नारायण यादव
१५. श्री गणेश कुमार मण्डल

*(२०७२ भाद्र २५ गते डा. राउतले जारी गरेको अपील)*

## संक्षिप्त समाचार

### जनकपुरधाममा पर्यटक वृद्धि

जनकपुरधाम। चिसो बढेसँगै जनकपुर आउने भारतीय पर्यटकको संख्यामा वृद्धि भएको छ। भारतका गुजरात, महाराष्ट्र, हरियणा, दिल्ली, विहार, उत्तर प्रदेश, उत्तराखण्डलगायत क्षेत्रबाट जनकपुरमा दैनिक सयौंको संख्यामा पर्यटकहरू आउने गरेका छन्। विश्व प्रसिद्ध जानकी मन्दिर, राम मन्दिर, लक्ष्मण मन्दिर, धनुष मन्दिरको दर्शन गर्न भारतीय धार्मिक पर्यटकहरू पुसदेखि फागुनसम्म बढी आउने गरेको गोपाल धर्मशालाका प्रबन्धक राजकुमार झाले बताए। अंग्रेजी नयाँ वर्षको अवसरमा घुमघाम गर्ने मानसिकता रहेको हुँदा भारतीय पर्यटकको संख्या बढेको उनले बताए। अहिले जनकपुरका अधिकांश होटल तथा लजहरू भारतीय पर्यटकले भरिभराउ देखिन्छन्।

### सचिवालयको भूमिका विषयक अन्तरक्रिया

धनगढी। नयाँ संरचनाअनुसार प्रदेश र प्रतिनिधिसभा गठनको प्रक्रियामा रहेका बेला बन्न लागेका प्रादेशिक ऐन कानून केन्द्र र स्थानीय तहसँग नबाँझिने गरी बनाउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन्। व्यवस्थापिका-संसद् सचिवालयले आयोजना गरेको ‘शान्ति प्रक्रिया र संविधान कार्यान्वयनमा प्रदेशसभा र प्रदेश संसद् सचिवालयको भूमिका’ विषयक अन्तरक्रियामा उनीहरूले प्रदेशसभाको हकमा संसदीय अभ्यास पहिलो पटक हुन लागेको परिप्रेक्ष्यमा विभिन्न खालका जटिलता आउन सक्ने भएकाले यसप्रति गम्भीर हुनु जरूरी रहेको बताए।

### चिसो बढेपछि जनजीवन कष्टकर

नेपालगञ्ज। शीतलहर र बाक्लो कुहिरोले यस क्षेत्रका जनजीवन कष्टकर बन्दै गएको छ। चिसोसँगै बहने सिरोटोले पनि यस क्षेत्रका नागरिकमध्ये कमजोर घरसंरचना भएका परिवार अधिक प्रभावित भएको पाइएको छ। अत्यधिक चिसोका कारण अत्यावश्यक कामबाहेक नागरिक घरदेखि बाहिर निस्केको पाइँदैन भने कार्यालयमा सेवाग्राहीको उपस्थिति पनि पातलिएको छ। स्थानीय अस्पतालमा कोल्ड डायरिया, रूघाखोकी, टायफाइड, निमोनिया रोगका बिरामीको पनि चाप बढेको जनाइएको छ।

### मुसहर समुदाय प्रभावित

जनकपुरधाम। केही दिनदेखि बढेको शीतलहर र चिसोका कारण मुसहर समुदाय बढी प्रभावित भएका छन्। मुसहर बस्तीका वृद्धवृद्धा र बालबालिका निकै प्रभावित भएका छन्। न्यानो लुगाको अभावमा दिनभरि घुर तापेर बस्न बाध्य छन्। पैसा नहुँदा एकसरो लुगामा पुस गुजार्नुपरेको एक स्थानीय बताउँछन्। यता, जिल्ला विपत् व्यवस्थापन समितिले स्थानीय तहसँग मिलेर सहयोग सम्बन्धमा छलफल गरिरहेको जनाइएको छ।

### अर्बुद रोग निवारणको नयाँ कार्यसमिति

सिरहा। नेपाल अर्बुद रोग निवारण संस्थामा नयाँ कार्यसमिति चयन भएको छ। शनिबार सिरहाको लहानमा सम्पन्न २७औँ केन्द्रीय सभाले पुनः लोकेन्द्रकुमार श्रेष्ठ (ईश्वर) को अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो। तीनवर्षे कार्यकालका लागि चयन गरिएको कार्यसमितिको सदस्यमा महेश श्रेष्ठ, कृष्णबहादुर बस्नेत, डा राजेन्द्रप्रसाद बराल, बिमल होडा, अनन्तप्रसाद धौभडेल, बद्रीनाथ पोखरेल, प्रकाश खतिवडा, उत्तमकुमार बस्नेत, राधा कार्की, नारायणकुमार कोइराला, डा प्रदीप वैद्य, उमेशचन्द्र यादव र दिनेशशंकर पालिखेलाई सर्वसम्मत चयन गरिएको छ।

### एसिड प्रहार गर्ने पक्राउ

रूपन्देही। बुटवल उपमहानगरपालिका-११ प्रगतिनगर बस्ने २६ वर्षीय प्रेम सुनारलाई प्रहरीले एसिड प्रहार गरेको अभियोगमा पक्राउ गरेको छ। सोही स्थान बस्ने ३० बर्षीय सुमन के.सीसँग झगडा हुँदा सुनारले के.सी.माथी शनिबार एसिड फ्याकेका थिए। सो घटनामा के.सी. संगै रहेका सोही स्थान बस्ने ३१ वर्षीय श्याम गुरूङ समेत घाइते भएकाले दुबैजनालाई उपचारार्थ लुम्बिनी अञ्चल अस्पताल लगिएको छ।

### मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु

रूपन्देही। मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ। सिद्धार्थनगर नगरपालिका-२ मेउडिहवा चोकमा लु.२६प ५०४२ नम्बरको मोटरसाइकल आइतबार राति अनियन्त्रित भई दुर्घटना भएको थियो। मोटरसाइकलमा सवार चालक देबदह नगरपालिका-६ खैरेनी बस्ने २२ वर्षीय अमृत पौडेल र कास्कीको पोखरा लेखनाथ महानगरपालिका-१७ बस्ने २२ बर्षीय मनोज पौडेल घाइते भएकोले उपचारको लागी मेडिकल कलेज भैरहवा लैजाने क्रममा चालक अमृत पौडेलको बाटोमै मृत्यु भएको छ।

### टेम्पो पल्टिँदा वृद्धाको मृत्यु

धनुषा। टेम्पो अनियन्त्रित भई पल्टिँदा एक वृद्धाको मृत्यु भएको छ। क्षिरेश्वरनाथ नगरपालिका-४ स्थित ढल्केवर-जनकपुर सडकखण्डमा रम्दैयाबाट महेन्द्रनगरतर्फ जादैं गरेको ज.१ह ३०१० नम्बरको टेम्पो आइतबार अनियन्त्रीत भई पल्टेको थियो। टेम्पोमा सवार सोही स्थान बस्ने ७० बर्षीया सुधामा देवी यादव घाईते भई उपचारार्थ राम जानकी अस्पताल जनकपुर लगिएकोमा उपचारको क्रममा मृत्यु भएको छ। टेम्पो र चालकलाई प्रहरीले नियन्त्रणमा लिई आवश्यक अनुसन्धान गरिरहेको छ।

### आगलागीबाट ३६ लाखको क्षति

मोरङ। बेलबारी नगरपालिका-४ बरपिपल चोक बस्ने मनोज राईको घरमा सोमबार आगलागी हुँदा नगद २० हजार रूपैयाँ, सुन ४ तोला, ५० हजार रूपैयाँ बराबरका रिचार्ज कार्ड लगायतको सामान जलेर करीब १० लाख रूपैयाँ बराबरको धनमाल क्षति भएको छ। यसैगरी मोरङकै सुनवर्षी नगरपालिका-८ कुडैली बस्ने मोहमद मुस्ताक आलमको घरमा सोमबार आगलागी हुँदा आलम लगायत ५ जनाको घर र बाँसको टाटी जलेर करीब १६ लाख २९ हजार रूपैयाँ बराबरको धनमाल क्षति भएको छ।

### बिजुलीको मिटरबक्स सर्ट भई आगलागी

बाँके। राप्ती सोनारी गाउँपालिका-८ ओभेरी बस्ने ३८ वर्षीय अमरबहादुर मगरको कुखुरा फर्ममा सोमबार बिजुलीको मिटरबक्स सर्ट भई आगलागी हुँदा करीब ३ लाख रूपैयाँ बराबरको धनमाल जलेर क्षति भएको छ। स्थानिय बासिन्दा र दमकलको सहयोगमा आगलागी नियन्त्रण गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### भारतीय रूपैयाँसहित पक्राउ

मोरङ। कटहरी गाउँपालिका-३ बस्ने ३८ बर्षीय कोजुम मियालाई प्रहरीले स्रोत खुल्न नसकेको भारतीय रूपैयाँ १ लाख सहित पक्राउ गरेको छ। बिराटनगर महानगरपालिका-१५ स्थित भंसार कार्यालयको २ नम्बर ढाटमा मंगलबार इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ आउदै गरेका मियालाई शंका लागि चेक गर्दा स्रोत नखुलेको ५ सय र २ हजार दरका उक्त भारतीय रूपैयाँ बरामद भएको थियो।

### सडकहरूको स्तरोन्नति तथा मर्मत

कैलाली। जिल्लाका ग्रामीण कृषि सडकहरूको स्तरोन्नति तथा मर्मत कार्य चलिरहेको छ। राष्ट्रिय ग्रामीण यातायात पूर्वाधार सुदृढिकरण कार्यक्रम अन्तर्गत यस वर्ष एउटा कृषि सडकको कालोपत्रे, ६ वटा सडकको मर्मत सम्भार तथा स्तरोन्नति र ७ वटा पुल निर्माण भइरहेको छ। स्थानीय विकास मन्त्रालयको यस कार्यक्रमलाई कैलालीमा जिल्ला प्राविधिक कार्यालयले सञ्चालन गरिरहेको छ।

### मोटरसाइकल दुर्घटनामा घाइतेको निधन

सिरहा। मोटरसाइकल दुर्घटनामा घाइते भएका एक युवाको बुधबार निधन भएको छ। अर्नमा गाउँपालिका-५ स्थित भित्रि सडकखण्डमा आइतबार स.८प १५४ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा गम्भीर घाइते भएका चालक सोही ठाउँ बस्ने २५ बर्षीय सन्तोष यादवको सप्तऋषी अस्पताल लहानमा उपचारको क्रममा बुधबार मृत्यु भएको छ।

### लागूऔषधसहित पक्राउ

रौतहट। गौर नगरपालिका-१ स्थित भन्सार सुरक्षा गार्ड कार्यालय अगाडि जाँच गर्ने क्रममा महोत्तरीको मनरा बस्ने नितेश सिंहले चलाई ल्याएको ‘अनटेष्ट’ लेखेको मोटरसाइकलबाट नुफिन ४१ एम्पुल, फेनारगन ४९ एम्पुल, डाइजेपाम ५२ एम्पुल र नाइट्रोभेट ट्यावलेट ७२ थान बरामद गरी मोटरसाइकल सहित सिंहलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ।

# काशीप्रसाद श्रीवास्तव र लोकतान्त्रिक आन्दोलन–११



डा. जगतप्रसाद पराजुली

**चेतना अभिवृद्धि :**
नेपाल अधिराज्यको समुच्च मधेश क्षेत्रमा जनजागरण तीव्र गतिमा विस्तारित भैरहेको थियो । त्यसको प्रभाव पहाडी प्रदेशको बजार उन्मुख इलाका, आवागमनको सहज स्थल, व्यापारिक केन्द्र, पहाडी जिल्लाका सदरमुकामहरू, शिक्षित मानिसहरूको बसोबास भएका विभिन्न ठाउँहरू, चनतशिल र परिवर्तनगामी अभियन्ताहरू भएका इलाकाहरूमा पनि जागरण विस्तारित भैरहेको थियो । पूर्वतर्फका इलाम, पाँचथर, ओखलढुङ्गा, धनकुटा, भोजपुर जस्ता पर्वतीय क्षेत्रमा चेतनाको विकास राम्ररी फस्टाउँदै थियो । त्यसैगरी पोखरा, पाल्पा, प्यूठान, दाङ, डोटी, जाजरकोट जस्ता पश्तिमतर्फका पहाडी इलाकामा पनि मानिसहरू परिवर्तनका लागि आन्दोलित बन्दै थिए । हिमाली क्षेत्र ज्यादै विकट र आवागमनको लागि सहज ठाउँ नभएकोले त्यस क्षेत्रमा चेतनाको स्तर अपेक्षा गरेअनुरूप फस्टाउँन सकिरहेको थिएन । उपत्यकाभित्र भने राणाशासन विरूद्ध भुसको आगोभैं आवाजहरू संगठितरूपमा विकसित भैसकेको थियो । उपत्यकाभित्र चर्खा प्रचार, धर्म प्रचारिणी सभा, पुस्तकालय वाचनालय स्थापना, धर्मोदय सभा, नेपाली नागरिक अधिकार समिति, प्रचण्ड गोरखा, प्रजापरिषद, नेपाली कांग्रेस, नेपाल कम्यूनिष्ट पार्टी जस्ता थुप्रै संघ-संस्थाहरूले संगठित किसिमले आवाज उठाइरहेका थिए । कतिपय संगठित आवाजलाई राणाहरूले निर्ममतापूर्वक दबाइरहेका थिए । कतिपय चेतनाका स्वरहरू गोपनीय ढंगबाट आन्तारिक तवरमा प्रभावकारी हुँदै थिए । यसरी मुलुकभित्र राणाविरोधी जनआवाज दिनानुदिन बढोत्तरी हुँदै जादा तराई र पहाडी क्षेत्रका अधिकांश ठाउँहरूमा राणा शासन समाप्तीका लागि संगठित अभियान जुरूक्क उठ्ने स्थितिमा पुगेको थियो ।

**विराटनगर मजदूर आन्दोलन :**
नेपालको पूर्वी तराईमा पर्ने विराटनगर राजनैतिक हिसाबले निकै महत्वपूर्ण थियो । विश्वेश्वर प्रसाद कोइराला, मनमोहन अधिकारी, गिरिजाप्रसाद कोइराला आदी राजनीतिज्ञहरूको गृह जिल्ला भएकोले उक्त ठाउँको प्रभाव देशैभरी पर्ने गर्दथ्यो । राणा प्राइमिनिस्टरहरू मध्ये जुद्धशमशेर राणा केही भिन्न दृष्टिकोण भएका शासक थिए । उनले विजय शमशेरको नेतृत्वमा देशमा आर्थिक विकास गर्न अपनाउनु पर्ने महत्वपूर्ण विषयहरूको खाका तयार पार्न लगाएका थिए । उनले पनि मुलुकको आर्थिक, सामाजिक एवं शैक्षिक क्षेत्रमा अल्पकालिक तथा दीर्घकालीन योजनाहरू तर्जूमा गरेका थिए । विशेषत: उनले विराटनगर, काठमाडौँ, वीरगंज तथा नेपालगञ्जमा उद्योग धन्दा, व्यापार-व्यवसाय, सडक, यातायात एवं रेलमार्ग निर्माण गर्ने कार्यक्रम सार्वजनिक गरे । विराटनगरलाई औद्योगिक केन्द्र, वीरगंजलाई व्यापारिक केन्द्र, जनकपुर तथा नेपालगञ्जलाई पनि व्यवसायिक एवं सांस्कृतिक शहरको रूपमा विकसित गर्न सुझाए ।

विजयशमशेरले जुद्धशमशेरको भावना अनुरूप आर्थिक नीति निर्माण गर्नुका साथै यातायातको निमित्त पूर्व-पश्चिम हाइवेको खाका समेत तयार पारेका थिए । उनले नेपालमा एउटा विश्वविद्यालय खोल्नुपर्छ भनेर दशबुँदे नीति तथा कार्यक्रम अन्तर्गत उक्त विषयलाई समेत समेटेका थिए । उनले तयार पारेको आर्थिक विकासको खाकालाई जुद्धशमशेर राणाले कार्यान्वयन गर्ने शिलशिलामा विराटनगरलाई औद्योगिक केन्द्र, विरगञ्जलाई व्यापारिक केन्द्र, काठमाडौ उपत्यकालाई उद्योग र व्यापार क्षेत्रमा समानान्तर किसिमले अगाडी बढाउने प्रयास गरे । जनकपुर र नेपालगञ्जमा समेत उद्योग र व्यापारको दुवै क्षेत्रमा प्रगति गराउन पहल गरेका थिए ।

विराटनगर तथा वीरगञ्जमा २५-३० वटा उद्योगहरू खोलिए । त्यसमा १०-१५०० मानिसहरू मजदूरको रूपमा कार्यरत थिए । उद्योगमा लगानी भारतीय र नेपाली व्यापारीहरूको थियो । राणा परिवारका सदस्यहरूले पनि त्यसमा हिस्सेदारी ग्रहण गरेका थिए । विराटनगरमा कार्यरत मजदूरहरू भारतीय कुलका श्रमिकहरू पनि थिए । केही प्राविधिज्ञहरूसमेत भारतबाट नै झिकाइएको थियो । ती भारतीय मूलका मजदूरहरू पढेलेखेका थिए । गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी, मनोहरी बराल, कालीप्रसाद गुप्ता, तारणीप्रसाद कोइराला लगायतका चेतनशील युवाहरू पनि विभिन्न कारखानामा काम गर्दथे । भारतीय समाजवादी चिन्तनका अनुयायीहरू विभिन्न कार्यालयमा कार्यरत रहेर आफ्नो देशले भरखरै स्वतन्त्रता प्राप्त गरेको सन्दर्भलाई अनेकौं कोणबाट व्याख्या गर्दथे । नेपालका श्रमिकहरूलाई संगठित भएर आफ्ना हकहितका सवालमा सचेत रहन आग्रह पनि गर्दथे । मनमोहन अधिकारीले कम्यूनिष्ट विचारधाराका मजदूरहरूलाई संगठित गरेर संघर्षको रूपरेखा श्रृजना गर्दै थिए भने गिरिजा प्रसाद कोइरालाको अगुवाईमा प्रजातन्त्रवादी श्रमिकहरू आपसमा गोलबन्द भैरहेका थिए । भारतीय मुलका श्रमिकहरू पनि पेशागत हकहित र अधिकारका लागि सघाउन सहयोगात्मक भावना अगाडी बढाउन तमतयार थिए । यस्तो परिवेशमा विश्वेश्वर प्रसाद कोइरालाको निर्देशनानुसार वि.सं. २००३ साल मार्च महिनादेखि विराटनगर मजदूर आन्दोलन प्रारम्भ गर्ने निधो भयो ।

विराटनगर मजदूर आन्दोलन विशुद्ध पेशागत मागहरू राखेर प्रारम्भ भएको थियो । मिल मालिक र मजदूरहरूको सम्बन्ध सुदृढ गर्न, तलब-भत्ता र सुविधा वृद्धि गर्न, मजदूर आवास बढाउन, मजदूरका छोरा-छोरीहरूलाई सहज-सुलभ हुने स्थानमा शिक्षाको प्रवन्ध गराए, श्रमिकहरूको पोशाक निर्धारण गर्न, घाइते मजदूरहरूको उपचार तथा स्वास्थोपचारका लागि प्रबन्ध मिलाउदै जान सरकारलाई घच्घच्याउने अभिप्रायले उक्त मजदूर हड्ताल शुरू गरिएको थियो ।

विश्वेश्वर प्रसाद कोइरालाले जोगवनी नाका समिप केही श्रमिक र मजदूरका अगुवाहरूलाई मजदूर हड्तालका बारेमा सारगर्भित सम्बोधन गरे । आन्दोलनलाई शान्तिपूर्वक र हिंसारहित बनाएर अधिकाधिक श्रमिकहरूलाई यस अभियानमा शरीक गराउन प्रोत्साहित गरे । कारखानाका मजदूरहरूले उक्त आन्दोलनमा साहसिक सहभागिता जनाए । आफ्ना आवश्यक र स्वभाविक किसिमका सबै मागहरू बिना शर्त पूरा गर्न र मजदूरहरूको हकहितका निमित्त संघ-संस्था खोल्न पाउने अधिकार समेत सुरक्षित गर्न उनीहरूले आवाज उठाए । श्रमिकहरूले आ-आफ्नो कारखानाहरूमा काम ठप्प पारे । स्थानीय जनताहरूलाई आफ्नो समर्थनमा लिन कोशिस गरे । जनताले पनि मजदूरहरूको मौजुदा परिस्थिति ज्यादै नाजुक, असुरक्षित तथा अस्वस्थकर भएको सन्दर्भलाई मनन गर्ने मौका पाए । उनीहरूले भोगेका कठिनाई, असुविधा र न्यून पारिश्रमिकका बारेमा गहन चासो व्यक्त गरे । मजदूरहरूको सम्पूर्ण मागहरू पुरा गराउन राणा सरकारलाई यथेष्ट दबाब पुग्न सकोस भनेर स्थानीय नागरिकहरूले पनि सो आन्दोलनमा सहभागिता जनाए । मजदूर आन्दोलन क्रमिक रूपमा नागरिक आन्दोलनको रूपमा विकसित हुने चरणमा प्रवेश गर्यो । विराटनगरको मजदूर हड्ताललाई प्रभावकारी र प्रभावशाली बनाउन त्यहाँका जनताले खेलेको भूमिका, पुर्याएको योगदान महत्वपूर्ण थियो ।

विराटनगर मजदूर हड्तालको कार्यक्रमलार्य सशक्त ढंगले अघि बढाउन वीरगंज, नेपालगञ्ज, जनकपुर, झापा लगायत काठमाडौं उपत्यकाबाट समेत अगुवा श्रमिकहरू पैदल यात्रा गरेर विराटनगर पुगेका थिए । यसले गर्दा यो आन्दोलन विराटनगरमा मात्र सीमित नभएर देशै भरका मजदूरहरूलाई गोलबन्द गर्ने प्रक्रियाबाट अगाडी बढेको थियो । मजदूर आन्दोलनले नेपाली जनतालाई जागरित गर्न, चेतना अभिवृद्धि गर्न र भयरहित भएर भविष्यमा प्रजातान्त्रिक हक अधिकारहरू प्राप्त गर्न उत्साहित गर्यो । मजदूरहरूले अभावग्रस्त अवस्थामा समेत यसरी आन्दोलित हुन सक्छन भने भावी दिनमा जनपक्षीय हिसाबले पनि संघर्ष चर्काउन सकिन्छ भन्ने मार्गनिर्देशन यसै हड्तालबाट प्रचार र प्रसार भएको थियो ।

विराटनगर मजदूर आन्दोलन सशक्त रूपमा अगाडि बढ्यो । जनलहरकै रूपमा यो संघर्ष फैलियो । जुलुशले बजार परिक्रमा नै गर्यो । मागहरू गगनभेदी नाराका रूपमा प्रचरित भए । जनताको सहभागिता पनि बढ्यो । सम्पूर्ण देशको भूभागमा यो संघर्षले चेतना फैलाउने काम गर्यो । जनतामा उत्साह जगाउन यसले महत्वपूर्ण भूमिका खेल्यो । मानिसहरूको अन्तरमनमा रहेको भय, त्रास र डरहरूलाई त्याग्न यसले जनमानसमा सजगता प्रदान गर्यो । समग्रमा विराटनगर मजदूर आन्दोलन २००७ सालको प्रजातान्त्रिक आन्दोलनको पृष्ठभूमिको रूपमा यसले स्थान ग्रहण गरेको थियो भनेर मुल्यांकन गर्दा उपयुक्त नै रहन्छ ।

**राणा सरकारको दमनचक्र :**
उक्त मजदूर हड्ताललाई तत्कालिन वडाहाकिमले केन्द्रको थप मद्दत लिएर निर्ममतापूर्वक दबाए । केही मजदूरहरू हताहत भए । धेरै श्रमिकहरू घाइते हुन पुगे । श्रमिकहरूका अगुवा नेताहरूलाई धरपकड गरे । गिरिजा प्रसाद कोइराला, बालचन्द्र शर्मा, शैलजा आचार्य, मनोहरी बराल, तारणी प्रसाद कोइराला, आदी नेताहरूलाई बन्दी बनाएर धरान, सागुरी, धारापानी, तमर हुँदै धनकुटा, भोजपुरसमेत पुर्याएर कैयौं दिन पैदल हिडाएर काठमाडौं पुर्याए । केही नेता र महिला नेतृहरूलाई धनकुटाको जेलमा बन्दी बनाए ।

मजदूर नेता र अगुवाहरूलाई विभिन्न ठाउँमा पैदल यात्रा गराउदा मार्गमा भेटेका जनताले राणा सरकारबाट जनताले पाएको सास्ती, कठिनाई, अन्याय र अमानवीय व्यवहारको बारेमा चासो राख्न थाले । यस कार्यले जनतामा दूरगामी परिणाम र आकर्षण प्रभाव पार्यो मुलुकका चेतनशील इलाकाका साहसिक युवाहरूलाई शक्ति संचय गरेर आगामी दिनमा राणा विरोधी आन्दोलन चर्काउन आँट र भरोसाको जर्गेना गर्न यस आन्दोलनले फलदायी योगदान पुर्याएको थियो । राजनैतिक अधिकार नियन्त्रण गर्न, स्वतन्त्रता अपहरण गर्न, प्रजातान्त्रिक हकमाथि नियन्त्रण गर्न निरंकुश राणा सरकारले कुनै कसुर बाँकी राखेन । उसले चलाएको दमनचक्र अत्यन्त अमानुषिक किसिमको थियो जसले गर्दा जनतामा राणा विरूद्ध व्यापक असन्तुष्टि पैदा हुन गयो ।

विराटनगर मजदूर हड्ताल सत्तापक्षबाट निर्ममतापूर्वक दबाइए पनि यसले जनतामा व्यापक छाप छोड्न सफल भयो । भविष्यमा राणाहरूको शासन जरैबाट समाप्त गर्नका लागि जस्तासुकै कदम पनि चाल्न सकिने परिदृश्य प्रष्टरूपमा यस आन्दोलनले प्रदर्शन गर्यो । मजदूर आन्दोलनमा महिला वर्गले पनि सघाएका थिए । यसबाट पनि भविष्यको लागि राम्रो सन्देश गएको थियो । प्रत्येक आन्दोलनहरूमा महिला सहभागिता अपरिहार्य छ भन्ने सन्दर्भलाई यस संघर्षले मार्ग प्रसस्त गरेको थियो ।

**चेतना अभिवृद्धिको आधार स्तम्भ :**
विराटनगर मजदूर आन्दोलन मधेश क्षेत्रमा विस्तारित चेतनाको लहरबाट मिश्रित अभियान बन्यो । समूच्च तराईको फाँटमा किसान आन्दोलन सुसप्त अवस्थामा व्यापक हुँदै अगाडि बढेको थियो । त्यति आन्दोलनबाट मजदूरहरूले प्रेरणा लिएका थिए । तसर्थ विराटनगरको मजदूर संघर्षको प्रेरणाको स्रोत मधेशको किसान जागरण नै थियो । पछिल्ला दिनमा मधेश क्षेत्रबाट २००७ सालको जनक्रान्तिमा जुन साहसिक भूमिका रह्यो । त्यसैले जोडबलबाट नेपालमा प्रजातन्त्र स्थापना हुन सम्भव भएको थियो । तसर्थ प्रजान्त्रिक आन्दोलनको जग तराई तर्फको किसान आन्दोलन थियो भने दोस्रो तहमा विराटनगर मजदूर आन्दोलन अझ सशक्त रूपमा अगाडि बढेको थियो । मजदूर आन्दोलनले नेपाल अधिराज्यभरि जनचेतना अभिवृद्धि गर्न सघाएको थियो । यस अर्थमा प्रजातान्त्रिक आन्दोलनको आधार स्तम्भको रूपमा यसले आफ्नो छाप छोडेको थियो । विगतका आन्दोलनकै जगमा भावि संघर्षको रूपरेखा तय हुने हुनाले २००७ सालको प्रजातानित्रक आन्दोलनको खाका यसैबाट तयार भएको थियो । त्यसैले मजदूर हड्तालको आन्दोलनको कार्यक्रमले प्रजातान्त्रिक आन्दोलनको पृष्ठभूमि तयार गर्यो र उक्त आन्दोलन अस्वभाविक बनाइ दियो ।

**राणा शासन समाप्तीतर्फ :**
मजदूर आन्दोलनले राणा शासनको भविष्य किटान गरिदियो । विगतमा पनि राणा विरोधी अभियानहरू छिटपुट रूपमा नभएका होइनन् ती अभियानहरूले जनमत प्रजातन्त्रप्रति आकर्षित गरेकै हो । अनेकौं संघ-संस्थाको गहन पनि भएकै थिए । तिनीहरूको नेतृत्वमा कार्यक्रमहरू चलेकै थिए । ती मध्ये पनि विराटनगरको मजदूर आन्दोलन निश्चित रूपमा निकै प्रभावशाली बन्न सफल भएको थियो । नेपाली जनताहरूमा नबिन किसिमको उर्जा, उत्साह, जाँगर र संगठनात्मक बल प्रदान गर्न यसको ठूलो उपादेयता रहन गयो । जनताले चाहे भने जस्तोसुकै अभियान संचालन गर्न सक्छन् र परिवर्तनका निमित्त जनबलको उल्साह ज्यादै उपयोगी हुन्छ भन्ने कुरा यसबाट सावित भयो । मजदूर आन्दोलनले तयार गरेको पृष्ठभूमिबाटै माथि उठेर प्रजातान्त्रिक आन्दोलनले सफलताको खुड्किलो पार गरेको हो । यस अर्थमा उक्त आन्दोलनले राणा शासनको समय सीमा निर्धारण गरिदियो । भविष्य पनि किटान गरिदियो । फलत: उक्त निरंकुश सत्ता समाप्तीतर्फ उन्मुख भयो ।

*क्रमश........*

# पुन: मतगणनाको माग गर्दै सर्वोच्चमा मुद्दा दायर



काठमाडौं । वाम गठबन्धनबाट सुनसरी क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्यकी उम्मेदवार नेकपा (एमाले) का भगवती चौधरीले पुन: मतगणनाको माग गर्दै सर्वोच्च अदालतमा मुद्दा दायर गरेकी छन् । चौधरीले नेपाली कांग्रेसका तर्फबाट विजयी भएका विजयकुमार गच्छदारले निर्वाचन आचारसंहिता विपरीत कर्मचारीलाई लतपत्तिएको र बदर मत समेत रूख चिन्ह्मा गणना गर्न लगाएको हुँदा पुन: मतगणना गर्नुपर्ने माग मुद्दामा उल्लेख गरेकी छन् ।

चौधरीले मंसिर २१ गतेको मतगणनाको १९ औं लटमा निर्वाचनको मतगणना क्रममा नौ वटा अर्धकट्टीसहितको मतपत्र पाइएको तर निर्वाचन अधिकृतले सिरियल नम्बर हेर्न समेत नदिएको मुद्दामा उल्लेख गरिएको छ । त्यस्तै, पाँच वटा मतदान केन्द्रमा रूख चिह्नमा स्वस्तिक छाप फरक रहेको मतपत्र भेटिएको र त्यसलाई पनि सदर गरिएको तथा सूर्य चिह्नमा लागेको स्वस्तिक छापको घेरा स्पष्ट रहँदा रहँदै बदरमा गणना गरिएको सो मुद्दामा उल्लेख छ ।

सुनसरी ३ बाट गच्छदारले ३८ हजार ९७२ मत प्राप्त गरी विजयी भएका थिए भने चौधरीले ३८ हजार ६५१ मत प्राप्त गरेकी थिइन् ।

## प्रचण्डले हचुवाको तालमा उद्घोष गरे : मियाँ

वीरगञ्ज । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पर्साको ठोरी गाउँपालिकालाई प्रदेश नं ३ मा गाभ्ने गरेको उद्घोषको आफ्नै पार्टीका नेताहरूले विरोध गरेका छन् । वीरगञ्जमा बुधबार आयोजित पत्रकार सम्मेलनमा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवं जगरनाथपुर गाउँपालिकाका अध्यक्ष जालिम मियाँले अध्यक्ष प्रचण्डले हचुवाको तालमा त्यस्तो उद्घोष गरेको बताए ।

पार्टी बाहिरबाट मात्रै नभएर पार्टी भित्रकै नेताहरूले पनि प्रचण्डको उद्घोष गलत भएको भन्दै सार्वजनिक रूपमै विरोध जनाएका छन् । उनले ठोरी गाउँपालिका पर्साको भएका कारण त्यसको एक इन्च पनि प्रदेश नं ३ मा गाभ्न नमिल्ने भन्दै जर्बजस्ती गाभ्न खोजे 'कत्लेआम' (जनसंहार, सार्वजनिक हत्या' गर्न पनि पछि नपर्ने चेतावनी दिए । दुई दिन अघि ठोरी पुगेका माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले ठोरीलाई प्रदेश नं ३ मा गाभ्ने उदघोष गरेका थिए ।

# आगलागीका घाइतेलाई सहयोग

वीरगन्ज । वीरगन्जको सुपर उद्योग ग्यास उद्योगमा गत बुधबार भएको आगलागीमा परि घाइते भएकामध्ये उद्योगका सुरक्षागार्ड अम्बिका पटेललाई पर्सा क्षेत्र नम्बर १ का सांसद एंव संघीय समाजवादी फोरम नेपाल पर्साका अध्यक्ष प्रदीप यादवले नगद ५० हजार रूपैयाँ सहयोग गरेका छन् । वीरगन्जको वीरगन्ज हेल्थ केयर हस्पिटलमा उपचार गराइरहेका पटेललाइ मंगलबार अस्पतालमै पुगेर सांसद यादवले नगद ५० हजार रूपैयाँ प्रदान गरेका हुन् । ग्याँस उद्योगममा आगलगी भएकै दिन सांसद यादवले मृतकहरूलाई जनही एक एक लाख र घाइतेहरूलाई जनही ५०/५० हजार रूपैयाँ सहयोग गर्ने घोषणा गरेका थिए । त्यहीं घोषणा अनुसार सांसद यादवले मंगलबार घाइते मध्येका पटेललाई ५० हजार रूपैयाँ प्रदान गरेका हुन् । अर्का घाइते वारूण यन्त्रका चालक सुरेश महत्तोको काठमाडौंको ट्रमा सेन्टरमा उपचार भइरहेकाले उनलाई आफू काठमाडौंमै गएर ५० हजार रूपैयाँ प्रदान गर्ने सांसद यादवले बताए । आगलागीमा परि ज्यान गुमाएका वारूण यन्त्रका कर्मचारीहरू तनहुँको डुम्रेका मधुसुदन मिश्रा, सर्लाहीको लालबन्दीका यादव प्रसाद अधिकारी र विराटनगरका सन्जिव नेपालको परिवार अहिले किरीयामा बसेकाले किरीया सकेपछि तीन जनै मृतकका परिवारलाइ एक एक लाख रूपैयाँ आफूले प्रदान गर्ने सांसद यादवले बताए । अस्पालमा घाइतेलाइ नगद हस्तान्तरण गर्न गएको टोलीमा सांसद यादवसंगै पर्सा क्षेत्र नम्बर ३ का सांसद हरिनारायण रौनियार, पर्साका विधायकहरू लालबाबु राउत गद्दी, जन्नत अन्सारी र मन्जुर अन्सारीको पनि उपस्थिति रहेको थियो ।

## प्रचण्ड र भारतीय महावाणिज्यदूतबीच भेटवार्ता

चितवन । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र भारतीय महावाणिज्यदूत वीरगन्जका बीसी प्रधानबीच भेटवार्ता भएको छ । भरतपुरकी मेयर रेणु दाहालको निवासमा प्रचण्ड र प्रधानबीच भेटवार्ता भएको हो । सो क्रममा प्रचण्डलाई चुनाव जितेकोमा प्रधानले बधाई दिएका छन् । स्रोतका अनुसार भेटमा महावाणिज्यदूत प्रधानले नयाँ सरकारसँग मिलेर काम गर्न भारत ईच्छुक रहेको बताएका थिए ।

# "मिथिला पर्यटन क्षेत्र" घोषणा गर्न माग

सप्तरी । राजविराजमा १५औं अन्तर्राष्ट्रिय मैथिली सम्मेलन सम्पन्न भएको छ । सो सम्मेलनले १३ बुँदे घोषणापत्रसमेत सार्वजनिक गरेको हो । घोषणापत्रमा झापादेखि वीरगन्जसम्म 'मिथिला पर्यटन क्षेत्र' घोषणा गर्नुपर्ने माग गरिएको छ । साथै प्रदेश नं २ मा सरकारी कामकाजको भाषा मैथिली हुनुपर्ने, प्रदेश नं १ मा समेत मातृभाषाका रूपमा मैथिली बोल्नेहरूको संख्या अत्यधिक रहेको भन्दै प्रादेशिक सरकारी कामकाजको भाषा मैथिली घोषणा गर्नुपर्ने, मिथिलाञ्चलकका धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थल संरक्षण एवं संवर्द्धन माग गरिएको हो ।

मूल आयोजक समितिद्वारा आयोजित पत्रकार सम्मेलनमार्फत सो घोषणापत्र सार्वजनिक गरेको हो । मैथिली भाषामा निर्माण हुने ठूलो र सानो पर्दाको चलचित्रलाई करमुक्त गरिनुपर्ने, मैथिली भाषाको फिल्म निर्माण एवं सञ्चार माध्यमलाई सशक्त बनाउन सरकारी अनुदानको व्यवस्था गर्नुपर्ने माग घोषणापत्रमा राखिएको छ ।

नेपालको राष्ट्रिय अभिलेखालयमा संरक्षित मैथिलीको प्राचीन पाण्डुलिपिहरूको अध्ययन एवं अनुसन्धानका लागि शोध-वृत्तिको घोषणा गरी केन्द्र, प्रदेश एवं स्थानीय तह राज्य प्रदत्त समूचित कोषको स्थापना गर्नुपर्ने, संगही मैथिली भाषाभाषीद्वारा जनस्तरीय अक्षयकोषको स्थापना गर्न तीनै तहको सरकार सहयोगी भूमिका निर्वाह गर्नुपर्ने, मिथिलाक्षर (तिरहुता लिपि) लोपोन्मुख अवस्थामा रहेकाले पुरातन लिपिक संरक्षणका लागि तीनै तहमा आवश्यक नीतिगत निर्णय र कार्यान्वयन गर्नुपर्ने घोषणापत्रमा उल्लेख छ । आगामी १६औं अन्तर्राष्ट्रिय मैथिली सम्मेलन धनुषाको जनकपुरमा हुने निर्णय गरिएको जनाइएको छ ।

# प्रहरीलाई जनअपेक्षाअनुसार काम गर्न निर्देशन

**राम नारायण पंडित, सिरहा ।** प्रहरी अतिरिक्त महानिरीक्षक विजयलाल कायस्थले शान्ति सुरक्षा कायम गर्नका लागि जनअपेक्षा अनुसार काम गर्न मातहतका प्रहरीहरूलाई निर्देशन दिएका हुन् । ईलाका प्रहरी कार्यालय बन्दिपुरको नवनिर्मित भवनको आइतबार उद्घाटन गर्दै अतिरिक्त महानिरीक्षक कायस्थले नेपाल प्रहरीले पब्लिकसँग सहकार्य गरि अगाडि बढिरहेको कममा सिरहाबासीले देखाएको उदारता र सहकार्यताले सेवा अझै प्रभाबकारी भएको बताए । बन्दिपुर ईलाका प्रहरी कार्यालय परिसरमा आयोजित कार्यकममा २ नम्बर प्रदेश प्रहरी प्रमुख समेत रहेका कायस्थले राम्रो, प्रभावकारी र प्रविधिले युक्त नेपाल प्रहरी बनाउने तर्फ प्रयास जारी रहेको जनाए ।

उनले नागरिक समाजले शान्ति सुरक्षाको बारेमा चर्चा र सरोकार मात्रै राखेर नहुने भन्दै शान्ति सुरक्षा कायम गर्ने सबालमा नागरिक समाजको सहभागिता आवश्यक रहेको स्पष्ट गरे । नागरिकको सक्रिय सहभागिता विना प्रहरीलाई शान्ति सुरक्षा कायम गर्न कठिन रहेको समेत उनले बताए । अतिरिक्त महानिरीक्षक कायस्थले आजै सिरहाको सुखिपुरमा नवनिर्मित ईलाका प्रहरी कार्यालयको भवनको समेत उद्घाटन गरेका हुन् । कार्यक्रममा भवन निर्माणमा सहयोग गर्ने विभिन्न व्यक्तिहरूलाई सम्मान गरिएको थियो । अतिरिक्त महानिरीक्षक कायस्थको प्रमुख आतिथ्यमा भएको उदघाटन कार्यकममा नेपाल प्रहरी श्रीमति संघका उपाध्यक्ष सविता कायस्थ, संघिय प्रहरी ईकाई कार्यालय राजविराजका प्रहरी बरिष्ठ उपरिक्षक हरिभक्त प्रजापति, सिरहाका निमित प्रमुख जिल्ला अधिकारी सोमप्रसाद भट्टराई, नयाँ गोरख गणका गणपति प्रमुख सेनानी मनोज भण्डारी, राष्ट्रिय अनुसंधान कार्यालय सिरहाका उप-निर्देशक रिबेन गच्छदार, सशस्त्र प्रहरी बल सिमा सुरक्षा कार्यालय सिरहाका प्रहरी उपरिक्षक गोपाल गुरूंग, जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरिक्षक शेखर कोईराला, ईलाका प्रहरी कार्यालय मिर्चैयाका प्रहरी नायब उपरिक्षक गजुसिद्ध बज्राचार्य, कर्जन्हा नगरपालिकाका मेयर गंगा पासमान लगायतका सहभागिता रहेका थिए ।

**शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले,**

- न्यानो कपडाको जोहो समयमै गरौं ।
- शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा सिरक, कम्बलजस्ता न्यानो ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरूपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं ।
- शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं, छाती र टाउकोलाई चिसोबाट जोगाउने कार्य गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो खाने कुराहरू खाने बानीको विकास गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# विश्व समुदाय...

## सि.पि.इ.सी. सुरक्षा र मुख्य योजनाहरूले गर्दा अवरोध

**-मंजूर अहमद**

चीनको उच्च महत्वाकांक्षी चीन-पाकिस्तान इकोनोमिक कोरीडोर (सि.पि.इ.सी.) अमेरीकी डलर ४५ बिलियनको योजना तीनवटा आलोच्य बूँदाहरू- सुरक्षा, सडक र बाँध योजनाहरूले गर्दा अहिले अवरोधित हुन थालेको छ। पाकिस्तानी नेतृत्वप्रति सम्भावित आतंकवादी आक्रमणले गर्दा बेजिङ्गको घट्दो विश्वासका कारण त्यस ठूलो योजनाको विभिन्न योजनाहरूमा कार्यरत रहेका आफ्ना कार्यकर्ता तथा कम्पनीहरूका लागि आवश्यक सुरक्षालाई ध्यानमा राखी चीनले सबभन्दा पछिल्लो पटक दिईएको चेतावनी सबभन्दा गम्भीर प्रकृतिको रहेको छ। केही दिन पूर्व नै त्यस योजनाको क्रममा सामना गर्नु परेको समस्याका कारण सुरक्षा सर्तकता अपनाउनु त्यस योजनाको क्रममा सबभन्दा पछिल्लो गम्भीर अवरोध रहेको समेत जनाईएको छ। केही साता पूर्व भ्रष्ट गतिविधि र क्रियाकलाप देखेर चीनले त्यस योजना अन्तर्गत निर्माण गरिने तीनवटा सडक आयोजनाहरूको आर्थिक सहयोग बन्द गरी दिएको थियो। तीन प्रभावित सडक आयोजनाहरूमध्ये - २१० कि.मी. को देरा इस्मेल खान - झोब रोड, ११० कि.मी. को खुजदार - बसीमा रोड र १३६ कि.मी. को काराकोरम हाइवेमा पर्ने राइकोट देखि थाकोट सम्मका आयोजनाहरू रहेका छन्। तर संचार माध्यमहरूको प्रतिवेदनहरूले चीनको निर्णय अनुसार चीनले सहयोग गर्ने आयोजनाहरू क्षेत्र बढी व्यापक हुने शर्तहरूबारे उल्लेख गरेको छ।

पाकिस्तानको आफ्नो निर्णय अनुसार पहिला देखि नै त्यस योजनासँग सम्बद्ध अन्य समान महत्वका अवरोधहरू पनि रहेका छन्। अहिले सम्ममा पाकिस्तान, म्यानमार र नेपाल समेतका तीनवटै देशहरूले त्यस राजमार्गमा रहेको अनुमानित अमेरीकी २० बिलियन राशिको तीनवटा बाँधहरू समेत परित्याग गर्ने निर्णय गरेका छन्। पाकिस्तानले चीनद्वारा प्रस्तावित अमेरीकी १४ बिलियनको 'डैमर - भाषा' आयोजना कडा आथिएक शर्तहरूका कारण रद्द गरिदिएको थियो, त्यस्तै नेपालले अमेरीकी २.५ बिलियन भएको एक जलविद्युत आयोजनाको सम्झौतालाई चिनियाँ कम्पनीको आर्थिक अनियमितताको आरोप लगाएर संचालन नगर्ने निर्णय गरेको छ भने म्यानमारले ३ वर्ष अघि अमेरीकी ३.६ बिलियनको ठूलो जलविद्युत आयोजनामा आफ्नो रूचि नभएको भनेर यस वर्षको नोभेम्बरमा बन्द गरी दिएकोछ खादार व्यापारीक क्षेत्र अन्तर्गतको योजना संचालन गर्न 'युआन' को प्रयोग गर्ने चीनको मागलाई नोभेम्बरमा पाकिस्तानले अस्वीकार गरेको निर्णयलार्य कम महत्वपूर्ण मान्न सकिन्न। सार्वजनिक गरिएको त्यस निर्णयले पाकिस्तानी विशेषज्ञहरू तथा संचारमाध्यमसँग सम्बन्धित रहेकोले त्यसो गर्नुको कारण त्यस योजनाले पाकिस्तानलाई प्रतिफल नदिने खुलासा गरिएको छ।

हालै जब संघीय जहाजरानी तथा बन्दरगाह मन्त्री मीर हासिल बिजेन्जोले सीनेटरहरूलाई ग्वादार बन्दरगाहबाट प्राप्त हुने राजश्वको ९१ प्रतिशत राशि आगामी ४० वर्षसम्म चीनले प्राप्त गर्ने र ९ प्रतिशत मात्र ग्वादार बन्दरगाह प्राधिकरणले पाउने बताए पछि सबै दुःखित भएका थिए र त्यसैले गर्दा पाकिस्तानमाथि चीनको त्यस्तो निर्णयलाई अस्वीकार गरेको महत्वपूर्ण र उल्लेखनीय निर्णय बारे समेत सबैलाई अवगत गराएका थिए। ठीक त्यस्तै प्रकारको वक्तव्य रेल्वे मन्त्री ख्वाजा साद रफीकले नोभेम्बरमा रेल्वे सम्वन्धी सिनेट स्टैण्डिंग समिति समक्ष प्रस्तुत गर्दै चीनले पहिला रेल्वेहरूका लागि सहज ऋण प्रदान गर्ने बाचा गरे पनि पछि अनुकुल सर्तमा रेल्वेका लागि ऋण प्रदान नगर्ने प्रतिक्रिया दिए पछि त्यस योजना अन्तर्गत पाकिस्तानी रेल्वेका लागि चीनले दिने अमेरीकी डलर ८ बिलियनको ऋण कर्जालाई अस्वीकार गरेको समाचार पाकिस्तानी एक स्थानीय समाचार पत्रले सार्वजनिक गरेको थियो। सि.पि.इ.सी. योजना अन्तर्गतका आयोजनाहरूको संचालन क्रममा व्यापक स्तरमा कमी-कमजोरीहरूसँगै पाकिस्तानको आर्थिक अवस्थामा प्रतिकूल पार्ने खालका प्रावधानहरू रहेको सम्बन्धमा हालै पाकिस्तानको स्टेट बैंकले गरेको एक अध्ययन प्रतिवेदनमा चीनमा निर्यात हुने मार्बल र त्यसैलाई पुन : अर्ध प्रशोधित रूपमा पाकिस्तानमा चीनले निर्यात गर्ने कार्यले पाकिस्तानको मार्बल उद्योग धराशायी हुने स्थिति सार्वजनिक गरिएको छ।

त्यस प्रतिवेदन सम्बन्धमा सिंगापुरको नान्याङ्ग टेक्नेसोजिकल विश्वविद्यालयको अन्तराष्ट्रिय अध्ययन संकायसम्म राजरत्नमका एक वरिष्ठ अधिकारी जेम्स दोर्सेले यस प्रकार टिप्पणी गरेका छन् :- "दीर्घकालीन सि.पि.इ.सी. योजना सम्बन्धी बाहिरिएका पाकिस्तानी मार्बल उद्योगका सम्पूर्ण सुझावहरू हेर्दा आर्थिक प्रभुत्व जमाउने, राज्यलाई आफ्नो नियन्त्रणमा राख्ने, पाकिस्तानका संचारमाध्यमहरूमाथि चीनको वर्चश्व हुने र यस क्षेत्रका देशहरू - श्रीलंका, म्यानमार र बलोचिस्तानमा जस्तै पाकिस्तामाथि समेत चीनको प्रभुत्व जमाउने दृष्टिकोण रहेको छ।" हालैको एक बृहत लेखमा श्री दोर्सेले चीनले आफ्नो वित्तीय शर्तहरूमा लगानीको प्रतिफलमा अधिकतम् लाभ उपभोग गर्ने शर्तलाई एक चिनियाँ विशेषज्ञले समेत आफ्नो तर्क मार्फत सघाएको उल्लेख गरेका छन्। संघाई अन्तर्राष्ट्रिय अध्ययन संस्थानका एक दक्षिण एशिआई विशेषज्ञ झाओ गान्चेउले सि.पि.इ.सी. योजना अन्तर्गतका केही महत्वपूर्ण आयोजनाहरूलाई हालै पाकिस्तान, म्यानमार र नेपाल द्वारा अस्वीकार गरेकोलाई सान्दर्भिक भन्दै - "चीनले वैदेशिक क्षेत्रका भावी योजनाहरूमा त्यस्तै समस्याहरू देखिएमा त्यसलाई ठूलो आश्चर्य मान्नु पर्दैन" आफ्नो अभिमत व्यक्त गरको छन्? – *एजेन्सी*

## पाकिस्तानले अमेरिकालाई बेवास्ता गर्न आफ्नो खेललाई निरन्तरता दिएको छ ?

-अल्लाबक्श

मुम्बईमाथि सन् २००८ मा आतंकी आक्रमणको योजनाकार तथा संचालक एवं लश्कर-ए-तैयबा आतंकवादी संस्थापक हफिज सईदको प्रशंसा, पाकिस्तानका एक पूर्व राष्ट्रपति तथा सेना प्रमुखले खुल्लेआम रूपमा गरेबाट पाकिस्तानले निजलाई स्वतन्त्र रूपमा राख्दै आउनु नियोजित रहेको कुरो खुल्न आएको छ। त्यस बाट एकातिर यो पनि खुल्न आएको छ कि अमेरिकाले पाकिस्तानको इस्लामाबादबाट गरिने आतंकवादी गतिविधिहरूका लागि पाकिस्तानमाथि त्यसका लागि जुन दबाब दिएको छ त्यसले गर्दा अमेरिकाप्रति पाकिस्तानमा आक्रोश र घृणा नै व्याप्त रहेको छ भने अर्कोतिर अफगानिस्तान र भारत तथा भारतीय चासोको विरूद्ध पाकिस्तानले गर्दै आएको क्रियाकलापहरू प्रति विश्वव्यापी स्तरमा अमेरिकाको प्रत्यक्ष चासो रहेको समेत खुल्न आएको छ। पूर्व राष्ट्रपति परवेज मुर्शरफले खासगरिकन कश्मीरमा हपिलज सईदद्वारा गरिएका काम-कारबाहिहरूको सार्वजनिक रूपमा नै शुरूदेखि अन्तसम्म प्रशंसा गरेका थिए। यसबाट स्पष्ट हुन्छ कि पाकिस्तानले २००८ मा मुम्बई आक्रमणका संचालकलाई सईदलाई घरमा समेत नजरबन्द नगरी स्वतन्त्र छाडी दिएको छ। अमेरिकाले त्यस विरूद्ध कडा अभिव्यक्ति दिए पनि पाकिस्तानले उसविरूद्ध केही गर्ला भन्ने सम्बन्धमा आश्वश्त हुन सकिदैन ? किनकि 'फाइनान्सिएल एक्शन टास्क फोर्स' ले अन्तर्राष्ट्रिय वित्तीय सम्बन्ध भएको र घोर घातक कामकारबाहिहरू संचालित गर्दै आएको हफिज सईद विरूद्ध पाकिस्तानलाई चेतावनी दिएपछि मात्र पाकिस्तानले २०१७ को शुरूमा उसलाई नजरबन्द मात्र गरेको थियो ? पाकिस्तानले सईदमाथि कहिले पनि कुनै अपराधका लागि दोषि नठानी बडो चालाकीसाथ आन्तरिक आतंकवादविरूद्ध कानून अनुरूप हफिज सईदलाई घरमा मात्र नजरबन्द गरेको थियो ?

सईदलाई पाकिस्तानले स्वतन्त्र छाड्नुको वास्तविक कारण बारे यसबाट पनि महशूस गर्न सकिन्छ कि सन् २०१८ को निर्वाचनमा सईद र उससँग सम्बन्धित 'जमात-उद-दावा' आतंकवादी संगठन समेत सहभागी हुने चाहना राखेको छ। लाहौरको स्थानीय निर्वाचन २०१८ मा त्यसको केही संकेत पूर्ण रूपमा देखिई सकिएको छ कि पाकिस्तानका 'डिप स्टेट' भनिने आतंकवादी संगटनहरूलाई २०१८ को निर्वाचनमा सहभागी हुने धार्मिक अधिकार निश्चित प्राय: रहेको छ। यस सन्दर्भमा एउटा उदाहरणको रूपमा पंजाबको सत्तसीन 'पाकिस्तान मुस्लिम लीग एन' लाई कमजोर पार्न सेनाले नै सही अर्थमा खादिम हुसैन रिन्वी नेतृत्वको सुन्नी वरेल्भी संगठन 'तहरीक लाबैंक या रशूल अल्लाह' ( टी.एल.वाई.आर.)' लाई फैसलाबादमा निर्वाचन विद्येयक, २०१७ को विरूद्ध संचालन गर्न उक्साएको थियो। यसबाट नै कल्पना गर्न सकिन्छ कि ८ हजार प्रहरी विरूद्ध २ हजार जनतालाई ३ सातासम्म उक्साएको थियो र त्यस क्रममा गिरफ्तार गरिएकाहरूलाई छाडिएको अन्तिम दिनमा मध्यस्थकर्ता लगायत प्रदर्शनकारी सबैलाई सेनाले नै दैनिक पाकिस्तानी रू. ५ हजारका दरले भुक्तानी दिएको थियो। पाकिस्तानी सेना आफूले गर्ने काम सम्बन्धमा स्पष्ट रहेको छ। जब नागरिक सरकारका प्रधानमन्त्री अब्बासीले रावलपिण्डी र इस्लामाबाद सडकको मुख्य स्थानहरूमा प्रदर्शनकारीहरूलाई हटाउन निमित्त सेनासँग सहयोग मागेका थिए तब सेनाले पूरै अस्वीकार गरी दिएको थियो ? यो नियोजित स्पष्ट संकेत नै थियो किनकी पाकिस्तानी सेनाका एक कार्यरत मेजर जनरलले नै सरकार र टी.एल.वाई.आर. संगठन बीचको अभियान संचालन गर्ने योजनामा दस्तखत गरेको थियो ? यसबाट यो पनि स्पष्ट हुन आउँछ कि त्यस टी.एल.वाई.आर. संगठनद्वारा गरिएको प्रदर्शनकारीहरूमध्ये घाइते भएकाहरूको जिम्मेवारी कसको रहेको थियो ? सेनाले चाहेको बखत पाकिस्तानको निर्वाचित सरकारलाई सत्ताच्यूत गर्न सक्छ र अहिले त्यस्तो नगरेकोमा सबैले धन्यवाद दिनै पर्छ।

हालका लागि सेनाको लक्ष्य नवाज शरीफको पार्टी रहेको भए पनि सेनाले यदि नवाज शरीफ २०१८ को निर्वाचन जीते पछि उनलाई बलियो बनाउने सोच पनि राखेको छ। यो स्पष्ट प्राय: नै छ कि नवाजको अंगलाई न्यायिक मार्ग चुन्न सेनाले रोजेको भए पनि पंजाबमा उनलाई कमजोर पनि टी.एल.वाई.आर. लाई सघाएको छ ? सेनाको अर्को उद्देश्य पूर्व आन्तरिक मामिला मन्त्री चौधरी निसार अली खानको निर्वाचन क्षेत्रलाई अवरोधित पारेर पाकिस्तान मुस्लिम लीग-एन का लागि अवरोध पैदा गर्नु रहेको छ ? हामीले यसलाई सामना गनु पर्छ किनकि जबसम्म चीनले इस्लामाबादलाई सघाउँछ अमेरिकाले पाकिस्तानलाई केही मात्र गर्न सक्छ। संयुक्त राष्ट्रले मसूद अजहरलाई आतंकवादी घोषित गर्ने क्रममा चीनले पाकिस्तानलाई सघाउँदै आएे छ र त्यसैले पाकिस्तानी सेनाको प्रमुख जेनरल जुबैर हयातले हालै भारतले चीन-पाकिस्तान इकोनोमिक कोरीडोर (सि.पी.ई.सी.) मा अमेरीकी डलर ५०० मिलियन डलरको लगानीलाई अवरोधित पार्न एक विशेष ईकाई स्थापना गरेको आरोप लगाएपछि चिनीयाँहरू पाकिस्तानी सेनाको एक वरिष्ठ सैनिक अधिकारीसँगको मतान्तरको आश्चर्यजनक प्रसंग केही समय अगाडी देखिन आएको थियो ?

हुन त, त्यस सम्बन्धी कुनै स्पष्ट आधार नभएकोले गर्दा भारतको मौनता पश्चात् चिनियाँ परराष्ट्र मन्त्रालयले स्वयं उल्लेख गरेको थियो कि "तिनीहरू सँग त्यस्तो कुनै स्पष्ट प्रतिवेदनहरू छैन।" जनरल हयातद्वारा भारतमाथि लगाईएको पाकिस्तानको त्यस आरोप बारे संचारमाध्यमहरूद्वारा सोधिएको प्रश्नको प्रत्युत्तरमा चिनिया परराष्ट्र मन्त्रालयका प्रवक्ता लुकांगले समेत यस्तो प्रतिक्रिया दिएका थिए - हामीसँग त्यस्तो कुनै स्पष्ट प्रतिवेदनहरूवा आधारहरू छैन । यो स्पष्टता काफी छ तर के चिनियाहरूले यस प्रश्नको उत्तर दिन सक्छन कि किन तिनीहरूले आफ्ना सदावहार मित्रले मुम्बईमाथि आक्रमण गर्ने योजनाका मुख्य संचालक हफिज सईदलाई पूर्ण स्वतन्त्रता प्रदान गर्दै आएको छ? जबकी अमेरिकाले खुलश्त रूपमा पाकिस्तानलाई उसमाथि कारबाहि गर्न भनी सकेको छ ? यो बिलियन डलरको प्रश्न हो जसको उत्तर दिनु जरूरी छ ?

आधारभूत मान्यता यहाँ यो रहेको छ कि पाकिस्तानका आतंकवादी संगठनहरू, जसलाई डीप स्टेट भनिन्छ र त्यसले राजनीतिक उद्देश्यहरूका लागि धार्मिक अधिकारलाई पाकिस्तानमा बढवा दिँदै आएको छ ? त्यो सबभन्दा खतरनाक कुरो हो, जो पाकिस्तानमा अबघटित हुन सक्छ। कसैले पनि आश्चर्या मान्न सक्छ कि यदि पाकिस्तानका संस्थापकहरूले सँधै कल्पना गरेका थिए कि उनको सेनाले वास्तवमा तिनीहरूलाई आफ्नो नियन्त्रणमा र निर्देशनमा राख्नेछ जे भए पनि पाकिस्तान सेना, अल्लाह र अमेरिकाबाट नियन्त्रीत रहेको छ। अन्तमा, सबैले यो अवधारण लिन सक्छ कि अमेरिकात आफ्नो बाटोमा रहेको छ जबकि अन्य दुई (सेना र अल्लाह) पाकिस्तानमा निकट भविष्यम अझ बलियो र शक्तिशाली बन्न जानेछ र त्यसको प्रतिफल पाकिस्तान र पाकिस्तानी जनताले भोग्नु पर्नेछ। – *एजेन्सी*

# पत्रपत्रिकाबाट...

## मोदीद्वारा नेपाली नेताहरूसँग फोन संवाद



काठमाडौं। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले तीन ठूला दलका शीर्ष नेताहरूसँग एक्कै दिन छुट्टाछुट्टै फोन संवाद गरेका छन्। भारतीय प्रधानमन्त्री मोदीले नेपाली शीर्ष नेतृत्वलाई फोन गरेर नेपालमा प्रतिनिधिसभा र प्रदेशसभा चुनाव शान्तिपूर्ण रूपमा सम्पन्न गरेकोमा बधाई ज्ञापन गरेका छन्। मोदीले अब नेपालमा स्थायित्व र आर्थिक विकास हुने विश्वास व्यक्त गरे। प्रधानमन्त्री मोदीले प्रधानमन्त्री एवम् कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई भिन्नाभिन्नै टेलिफोन संवाद गरी नेपालमा अब राजनीतिक स्थायित्व भई आर्थिक विकास हुने बताएका हुन्। 'नेपालमा ऐतिहासिक चुनाव निष्पक्ष र स्वतन्त्र रूपमा सम्पन्न गर्न सकेकोमा मोदीले प्रधानमन्त्री देउवालाई बधाइ दिए। एमाले अध्यक्ष ओलीसँग भएको टेलिफोन संवादमा मोदीले चुनावमा प्राप्त गरेको सफलताप्रति वाम गठबन्धनलाई बधाई दिएका थिए। नयाँ सरकार बनेलगत्तै भारत भ्रमण गर्न मोदीले ओलीलाई नियन्त्रणमा दिएका छन्। माओवादी केन्द्रका अध्यक्ष दाहालसँगको टेलिफोन संवादमा मोदीले निर्वाचनमा वाम गठबन्धनले प्राप्त गरेको सफलताप्रति बधाई दिएका थिए।

## चौधरीलाई लाइफटाइम अवार्ड



काठमाडौं। आथित्य सत्कारमा पुऱ्याएको योगदानलाई कदर गर्दै भारतको आईटीपी मिडिया ग्रुपले नेपालका उद्योगपति विनोद चौधरीलाई 'होटलियर इण्डिया लाइफटाइम एचिभमेन्ट अवार्ड'बाट सम्मानित गरेको छ। आतिथ्य सत्कारसम्बन्धी सेवा प्रदानमा ख्याति कमाएका विशेष व्यक्तिहरूलाई हरेक वर्ष यस अवार्डबाट सम्मानित गरिँदै आएको छ। चौधरी यो अवार्डबाट सम्मानित हुने नवौं व्यक्ति हुन्। चौधरी ग्रुपले विश्वविख्यात होटल ब्राण्ड ताजसँग साझेदारी गर्दै आएको छ। हस्पिटालिटी क्षेत्रका विज्ञ सम्मिलित २० सदस्यीय छनोट समितिले आतिथ्य सत्कार उद्योगमा लाइफटाइम एचिभमेन्ट अवार्ड दिन चौधरीको नाम सिफारिस गरेको थियो।

## बिम्स्टेकलाई समृद्धिको केन्द्रमा राख्न सुझाव

काठमाडौं। बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक)ले अगाडि सारेको आर्थिक विकास र समृद्धिलाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा कूटनीतिक क्षेत्रका जानकार तथा विज्ञले जोड दिएमा छन्। आर्थिक समृद्धि, गरिबीको अन्त्य र सम्पर्क सञ्जालको विस्तार गर्ने लक्ष्यका साथ स्थापना गरिएको बिम्स्टेक लक्ष्यअनुसार अगाडि बढ्न नसक्नुको कारणको खोजी गर्दै आगामी दिनमा त्यसलाई सबल, सक्षम बनाउनुपर्ने उनीहरूको धारणा छ। परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानले काठमाडौंमा आयोजना गरेको 'बिम्स्टेक : स्पष्ट प्रक्षेपण' विषयक गोष्ठीमा बोल्दै कूटनीतिक क्षेत्रका जानकारले लक्ष्यअनुसार नै अन्तर्राष्ट्रिय फोरमलाई प्रयोग गर्दै त्यसबाट लाभ लिनुपर्ने विचार व्यक्त गरे।

# जिल्ला समाचार

## आन्दोलनमा उत्रन आग्रह

रूपन्देही। एमालेका उपमहासचिब एवं प्रभावशाली नेता विष्णु प्रसाद पौडेलले पायक र पूर्वाधारले पूर्ण भएकाले बुटवललाई नै प्रदेशको राजधानी बनाउनु पर्ने बताएका छन्। भिजन लुम्बिनीले बुटवलमा आयोजना गरेको सम्मान कार्यक्रममा बोल्दै उनले बहुसंख्यक नागरिक र प्रदेश सभा सदस्यको माग समेत बुटवललाई नै राजधानी बनाउने भएको दावी गरे। अन्यत्र राजधानी बनाउने घोषणा भएमा प्रदेश टुक्राउने निर्णयको विरूद्धमा उत्रिए जस्तै विरूद्धमा उत्रन पनि आग्रह गरे। अर्को सन्दर्भमा सांसद पौडेलले अबको समय समामुहीक विकास र लगानीको भएको बताउँदै यसका लागि सबैले सहकार्य गर्न आग्रह गरे। सामूहिक लगानी र सामूहिक विकासको बृहत उद्देश्य लिएको भिजन लुम्बिनीले विशेष कार्यक्रमको आयोजना गरी रूपन्देहीका ३ तहकै जनप्रतिनिधिलाई सम्मान गरेको हो। सम्मानित हुनेमा रूपन्देही २ का प्रतिनिधिसभा सदस्य विष्णुप्रसाद पौडेल, क्षेत्र नं.२ प्रदेश सभा क का सदस्य लिला गिरी, ख का सदस्य भोज प्रसाद श्रेष्ठ, निर्वाचन क्षेत्र नं.१का प्रदेशसभा सदस्य दधिराम न्यौपाने, बुटवल नगर प्रमुख निर्वाचन क्षेत्र नं.१का प्रदेशसभा सदस्य दधिराम न्यौपाने थिए। त्यसैगरी स्थानीय तहमा निर्वाचित बुटवल उपमहानगरपालिका प्रमुख शिवराज सुवेदी, सैनामैना नगरपालिकाका नगरप्रमुख चित्रबहादुर केसी, बुटवल उपमहानगरपालिका उपप्रमुख गुमादेवी आचार्य र बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष खिमबहादुर हमाल पनि सम्मानित भएका छन्।

## पूर्ण सरसफाई अभियान सुरू

राकेश यादव, रौतहट। रौतहट जिल्लाको राजदेवी नगरपालिकाले स्वच्छ सफा क्लीन राजदेवी, ग्रीन राजदेवी बनाउने अभियान अन्तर्गत सफा राखौं स्वास्थ्य रहौं मूल नाराका साथ पूर्ण सरसफाई अभियान संचालन गरेका छन्। २०७४ साल माघ ५ गतेसम्म नगरपालिकालाई सुन्दर स्वच्छ सफा हरियो नगरपालिका बनाउने उद्देश्यले नगरभरि अभियान सञ्चालन गरिएको हो। रौतहट जिल्लालाई खुल्ला दिशामुक्त घोषणा गर्ने अभियानको सफल बनाउनका लागि खुल्ला दिशामुक्त घोषणा अभियानसँगै पोस्ट ओडीएफको अवधारणा ल्याइएकोमा राजदेवी नगरपालिकामा पूर्ण सरसफाई योजना अघि बढ़ाइएको नगर प्रमुख धीरेन्द्र कुमार सिंहले बताएका छन्। नगर क्षेत्र भित्रका सम्पूर्ण वडाहरूमा बाटो घाटो, घर आँगन, चौतरा, नाला, पार्क मठ मंदिर, मस्जिद, चौक सफा गर्नका लागि नगरबासीबीच जनचेतना जगाउने कार्य भैरहेको प्रमुख सिंहले बताए। सरसफाईको कमीले विभिन्न खालको रोगको संक्रमण बढने खतरा रहेको हुँदा स्वास्थ्य जीवन, वातावरणका लागि सरसफाई आवश्यक रहेको धारणा राख्दै यो अभियानमा सक्रियता पूर्वक लाग्न नगरवासीलाई आग्रह समेत गरे।

## दही एण्ड स्वीट्सका संस्थापकद्वारा वृक्षरोपण

वीरगंज। वीरगंजकै बहुचर्चित, पुरानो र प्रतिष्ठित दही पसलको नामले प्रसिद्धि कमाएको भरत दही एण्ड स्वीट्सले वातावरणीय सन्तुलन कायम राख्ने तथा प्राकृतिक रूपमा वीरगंजलाई हराभरा बनाउने उद्देश्यले माइस्थानमा वृक्षारोपण गरेको छ। भरत दही एण्ड स्वीट्स एवम प्रकृति सेवा प्रतिष्ठानको संयुक्त आयोजनामा माइस्थानस्थित ॐ स्वीट्स कर्नर अगाडी भरत दही एण्ड स्वीट्सका संचालक भरत साह कानुले वृक्षारोपण गरेका छन्। वृक्षरोपणले माइस्थान मन्दिर अगाडिको सौन्दर्यता बढाउने मात्र नभई आगन्तुकलाई छहारीको साथै अ'क्सिजनको आपूर्ति समेत गर्न मद्दत पुग्ने भएकोले वृक्षरोपण गरिएको भरत दही एण्ड स्वीट्सका संचालक भरत साह कानुले बताए। उनले वातावरणीय शुद्धताका लागि माइस्थान लगायत सबै क्षेत्रमा वृक्षरोपण गर्नुपर्ने कुरामा जोड़ दिए। सो कार्यक्रममा प्रकृति सेवा प्रतिष्ठान, नेपालका जसपाल सिंह, हरिकान्त पटेल, लायन्स क्लब का अम्बेसडर अ'फ गवर्नर उमेश साह कानु, लायन्स क्लवका सीनियर मेम्बर आर.एस. खेतानलगायतको उपस्थिति थियो। भरत दही एण्ड स्वीट्सले ५५ वर्षदेखि वीरगंज र पर्साका दही पारखीहरूलाई शुद्ध दही, घ्यू, मिठाई लगायतका सामग्री उपलब्ध गराएर प्रसिद्धि कमाएको छ।

## कामदारबीच अभिमुखीकरण

राजविराज। सुरिक्षत वैदेशिक रोजगार सम्बन्धी रामपुरमा एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ। शंभुनाथ नपा वडा नम्वर १० रामपुरजमुवामा रिटर्नी तथा सम्भाबित आप्रवासी कामदारबीच अभिमुखीकरण तालिम आयोजना गरेको छ। वैदेशिक रोजगारमा जाने युवाहरूलाई बैदेशिक रोजगार सम्बन्धी सहि सूचनाको जानकारी लिएर गएमा सुरिक्षत हुने तथा ठगीबाट जोगिन सकिने बताइएको छ। सबल नेपालको आयोजनामा तथा सामी परियोजनाको सहयोगमा आयोजित कार्यक्रममा बिदेश जाने युवाहरूलाई सहि सुचना लिएर र सीप सिकेर जान तथा एक प्रति कागजपत्र घरमा छोडेर जान युवाहरूलाई जानकारी गराएको सबल नेपालका कार्यक्रम अधिकृत चन्दनकुमार यादबले बताए। प्रदेश जाने युवाहरू हतार हतारमा केही नबुझेर जादा, सम्बन्धीत कामको सीप नसिकी जादाँ, तथा जादाँ तथा पुगे पछी अपनाउनु पर्ने कामको वारेमा जानकारी नहुदा धेरै युवाहरू ठगीने गरेको वडा अध्यक्ष पतिराम सदाले भने।

## रौतहटमा रोकिएन तस्करी

राकेश यादव, रौतहट। रौतहटमा अवैध कारोबार तस्करी नियन्त्रण गरिनुको साथै झन् तीव्र रूपमा बढ्दै गएका छन्। प्रदेश र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भए लगतै अवैध रूपमा हुने कारोबार तस्करी तथा रक्सी भट्टी खुलेयाम संचालनमा आएका छन्। सीमावर्ती बाजार बैरगनियाबाट मुख्य नाका भएर प्रहरीको संरक्षणमा खुलेयाम सामानहरू नेपालमा भित्रयाइने कार्य भइरहेको हो। भन्सार कार्यालयको मुख्य गेटमा खटिने नेपाल प्रहरी र सशस्त्र प्रहरीका जवान र भन्सार कार्यालयका कर्मचारीहरूले लाइन दिएपछि नेपाल भारत सीमामा निर्माण भएका पक्की पुलको दक्षिण तथा भारतीय कस्टम देखि उत्तर विच ठाउमा ल्याई राखिएको सामान गौर बाजारमा ल्याउने गरिन्छ।


# क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ। यो सरूवा रोग होइन।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु।
- मुसा, कोठीमा परिवर्तन आउनु।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने।
- कुनै घाउ वा सुजन निको नहुने।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ।

**जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं, टेकू**

# विद्युत् खरिद सम्झौता नवीकरण



काठमाडौं । भारतबाट ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारणलाइन हुँदै आउने बिजुलीको विद्युत खरिद सम्झौता नवीकरण भएको छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ नेतृत्वको टोलीले चैतसम्मका लागि अधिकतम् १६० मेगावाट परिमाणमै बिजुली ल्याइराख्ने गरी भारतसँग सम्झौता गरेको छ । यसअघिकै सम्झौतालाई निरन्तरता दिन भारत सहमत भएको हो । सम्झौतापत्रमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र भारतीय नोडल एजेन्सी विद्युत् व्यापार निगम (एनभीभीएन)का प्रमुख कार्यकारी अधिकृत अरूणकुमार गर्गले हस्ताक्षर गरेका हुन् । प्राधिकरणले स्वदेशी उत्पादनले धान्ने अवस्था नभएसम्म भारतबाट आवश्यक परिमाणमा बिजुली ल्याउने योजना बनाएको छ । त्यसैअनुसार विद्युत् खरिद सम्झौता नवीकरणका विषयमा छलफल गर्न नेपाल प्राधिकरणको उच्चस्तरीय टोली भारतको राजधानी नयाँ दिल्ली पुगेको थियो ।

## इन्डो-नेपाल व्यापार मेला हुने

काठमाडौं । भारतको देहरादूनमा माघ १९ देखि २५ गतेसम्म दोस्रो इन्डो नेपाल ब्यापार मेला तथा पर्यटन महोत्सव हुने भएको छ । काठमाडौमा बुधबार पत्रकार सम्मेलन गर्दै मेला आयोजक कन्चनपुर उद्योग बाणिज्य संघले भारत उत्तराखण्डको राजधानी देहरादूनमा मेला हुन लागेको जानकारी गराएको छ । आयोजकका अनुसार देहरादूनको परेड ग्राउण्डमा एक सातासम्म चल्ने मेलामा १५० वटा स्टल रहने छन् त्यसमा नेपाली उत्पादनका मात्र ५० वटा स्टलहरू रहने छन् । मेलामा नेपाली हस्तकला, काष्ठकला, पस्मिना तथा ढाका, काँशका भाँडा तथा धातुका मुर्तिहरूका पेभेलियन मुख्य आकर्षण रहने छन् ।

## आर्थिक समाचार

### सहयोग गर्न भारत सरकार इच्छुक

चितवन । नेपालका लागि भारतीय महावाणिज्यदूत बीसी प्रधानले चितवनको कालिकानगरपालिका क्षेत्रमा बाल अस्पताल निर्माण गर्नको लागि आवश्यक सहयोग गर्न आफू र भारत सरकार इच्छुक रहेको बताएका छन् । महावाणिज्यदूत प्रधानले सोमबार कालिका नगरपालिकाको कार्यालयमा आयोजित भेटघाट कार्यक्रममा बोल्दै नेपालकै मध्यभागमा रहेको यस क्षेत्रमा बाल अस्पताल सञ्चालन गर्नसके नेपालका धेरै जनताले सेवा लिन पाउने समेत उनले बलाए ।

### जनकपुरमा टाटा मोटर्स्को नयाँ सोरूम

जनकपुर । भारतीय अटोमोबाइल कम्पनी टाटा मोटर्स्को आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङ प्रालिले जनकपुरमा नयाँ सोरूम सञ्चालनमा ल्याएको छ । सिप्रदी ट्रेडिङ प्रालिको जनकपुरका लागि आधिकारीक वितरक गिरिजा अटोमोबाइल इन्टरप्राइजेजको सहकार्यमा सोरूम सञ्चालनमा ल्याएको हो । टाटा कम्पनीका उत्पादन बिक्रिवितरणका लागि जनकपुरमा नयाँ सोरूम सञ्चालनमा ल्याएको कम्पनीले जनाएको छ । जनकपुरको मुजेलीयामा मंगलबार उद्घाटित नयाँ सोरूम ३८०० वर्गफिट क्षेत्रफलमा फैलिएको छ, जुन जनकपुरमै सबैभन्दा ठूलो रहेको कम्पनीले दाबी गरेको छ ।

### मनमैजुमा प्रभु बैंकको शाखा

काठमाडौं । प्रभु बैंकले मनमैजुमा पनि शाखा विस्तार गरेको छ । बैंकले मंगलबार काठमाडौं जिल्ला तारकेश्वर नगरपालिकाको मनमैजुमा बैंकको नयाँ शाखा कार्यालय स्थापना गरी सञ्चालनमा ल्याइएको हो । शाखाको उद्घाटन तारकेश्वर नगरपालिकाका मेयर रामेश्वर बोहोराले गरेका हुन् ।


चुनाव पूर्व बनेको गठबन्धनले झण्डै दुइ तिहाई बहुमत ल्याउँदा पनि स्थीर सरकार बन्नेबारे व्यापक आशंका उठ्न थालेको स्थितिमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीको अन्तत: अनिवार्यता देखियो है । **डा. बाबुराम भट्टराई**


ओली भनेकै नेपाल, नेपाल भनेकै ओली" को नारा घन्किइ रहेको वेलामा कांग्रेस सभापति तथा प्रधानमन्त्री देउवा राष्ट्रिय सभा गठनमा अल्झिनु ब्यर्थ छ । अहिलेको विवाद संवैधानिक होइन । एकाधिकारवादको हो । **किशोर नेपाल**


पत्रकारिताको आचारसंहिता र स्थापित मान्यता अनुसार पत्रकारले समाचारको गोप्य स्रोत खोल्नु हुँदैन । अदालतले पनि स्रोत खोल्न वाध्य पार्न सक्दैन । प्रहरीले समाचारको स्रोत खुलाउन र कागजपत्रसमेत दिनु भनेर मिडियालाई पत्राचार गर्नु प्रेसमाथि दबाब हो । यो प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप हो । **महेन्द्र विष्ट**


नेपालको संविधानले स्थानीय तहलाई स्थानीय सरकारको हैसियत प्रदान गरेको छ । म आफु पनि स्थानीय तहको पुनर्संरचना धेरै खुशी थिए यो अर्थमा कि टोल-टोलमा विकास हुन्छ जनताले राहत पाउँछन् भनेर । तर, अहिले अधिकांश स्थानीय तहमा विकास शुन्य छ, रकमको चरम दुरूपयोग भई रहेको छ , जनतालाई ठग्ने काम हुँदैछ । **सुनील रञ्जन सिंह**


वामपन्थी गठबन्धन कुनै पनि घनले तोडिदैन, केन्द्रीय सरकारमा मधेशवादी पनि सहभागी हुने सम्भावना चाहिँ देखियो । ओलीले देश र मधेश जोड्न खोज्नुलाई माओवादीको विकल्प खोजेको अर्थमा बुझियो भने धेरै अधैर्य भइन्छ । **मात्रिका पौडेल**


दार्जिलिङको लडाई स्वाभिमानको, मधेशीको लडाई राष्ट्रवाद विरूद्धको । किनकि, दार्जिलिङका भारतीय नेपाली बोल्छन्, हाम्रा मधेशीको लवज भारतीयको जस्तो छ । कस्तो कुरा । **सरोजराज अधिकारी**


मधेशसँग सद्भाव सदैव थियो, छ, मधेशको वास्तविक माग पुरा हुनुपर्छ, पहिचानको मुद्दा, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र र आरक्षण, यी मागको लागि यो ऊ नभनी सबै समुदाय नै लाग्नुपर्छ । अनि किन नहोला माग पुरा अब पनि आन्दोलन कैं पक्षमा चाहिँ म छैन । दवाव सबैले दिनुपर्छ । **सोभा शर्मा**


केही व्यक्तिको कमिसनका निम्ति गाडीको नं.प्लेट बाट नेपाली भाषा हटाउने अभियान शुरू भएको छ । अंग्रेजी अक्षर र अंकका नं.प्लेटका गाडी सडकमा देखिन थालेका छन् । नेपाली भाषालाई देशव्यापी आम-प्रचलनबाट विस्थापित गर्ने यत्रो घटना हुँदा पनि धेरैको "राष्ट्रवाद" भने सुषुप्त नै छ । **राजेन्द्र दाहाल**


केहि भुईं-फुट्टाहरूले मिथिला-भोजपुरा भनेर विवाद सिर्जना गर्न खोज्दैछन् । मिथिला-भोजपुरा ले त यो राज्यको दासत्व २५० बर्ष देखि स्विकारी सकेको थियो र शासित हुँदै थियो । यो नश्लीय राज्यलाई कसैले चुनौती दिन सक्छ भने त्यो 'मधेश' हो, अरू केहि हैन । **अंशुमन**


मधेशीले अहिलेसम्म कसैको सल्लाह नमानी निरन्तर देशकै संविधानभित्र आफ्ना अधिकार र स्वाभिमान खोजिरह्यो । नेपालले अझैपनि मधेशको सेन्टिमेन्ट बुझेन भने आफ्नै संविधान त के, आफ्नै देश बनाउने सामर्थ छ मधेशीमा । **आशिष झा**


हाम्रो मुख्य समस्या भनेकै छिटो सरकार परिर्वतन भइराख्ने र अघिल्लो सरकारले गरेको काम पछिल्लाले उल्टाउने हो । ओली र प्रचण्ड आलोपालो सरकार चलाउने कुरा ठूलो होइन । ठूलो त अघिल्लो सरकारले गरिरहेको कामको स्वामित्व पछिल्लो सरकारले लिन्छन् कि लिँदैनन् भन्ने हो । **रन्जित तामाङ**

## नृत्य र संगीतको प्रतिस्पर्धा

काठमाडौं । भारतीय भूमिमा चर्चित नृत्यहरू नेपाली भूमिमा देखाइएको छ । स्थापनाका हिसाबले भारतीय मानिने चर्चित भरत नाट्यम, ओडेसी, कत्थक, लोकनृत्यसँगै आधुनिक, परम्परागत, अर्ध सांस्कृतिक नृत्यहरू काठमाडौंस्थित सर्वनाम थिएटरमा देखाइएका हुन् । भारतीय भूमिका अधिकांश स्कुले बालबालिकाले ती नृत्यहरू प्रस्तुत गरेका थिए । भारतका विभिन्न राज्यका बालबालिका र अभिभावक महोत्सवमा सहभागी हुन आएका थिए । महोत्सव सकेलगत्तै टोलीले काठमाडौंस्थित विभिन्न पर्यटकीय स्थलको भ्रमण गरेको थियो ।

## प्रदेश २ को राजधानी...

पनि हो, आधारभूत सबैजसो संरचना यहाँ उपलब्ध छन्, त्यसैले प्रादेशिक राजधानीको लागि वीरगन्ज उपयुक्त हुन्छ भन्नेहरू पनि छन् ।

वीरगन्ज प्रदेश २ का आठ जिल्लाको मुख्य व्यापारिक केन्द्र मात्र नभई समग्र मुलुकको आर्थिक एवम् औद्योगिक राजधानीका रूपमा पनि परिचित छ । नेपालबाट भारत तथा तेस्रो मुलुकसँग हुने आयात-निर्यातको अधिकांश कारोबार वीरगन्जबाटै हुँदै आएको छ । मुलुकको कुल वैदेशिक व्यापारको झन्डै ६० प्रतिशत कारोबार र औद्योगिक लगानीको ७० प्रतिशत हिस्सा वीरगन्जले नै ओगटेको छ । यो नाकाले मुलुकको कुल राजस्वमा ५४ प्रतिशत योगदान दिँदै आएको छ । तेस्रो मुलुकबाट आयातीत मालसामान मुलुकका प्रमुख सहरमा यहीँबाटै आपूर्ति हुँदै आएको छ । सीमावर्ती भारतीय नाका रक्सौलबाट राजधानी पुग्ने सबैभन्दा छोटो दूरीको वीरगन्जमा देशकै एक मात्र रेल्वे सुविधासहितको सुक्खा बन्दरगाहा, देशलाई सबैभन्दा बढी राजस्व दिने भन्सार कार्यालय, भारत सरकारको लगानीमा निर्माण भइरहेको एकीकृत भन्सार जाँच चौकी (आईसीपी), मुलुककै सबैभन्दा ठूलो औद्योगिक क्षेत्र वीरगन्ज-पथलैया औद्योगिक कोरिडोर छन् यस्ता विविध कारणहरूले गर्दा वीरगन्ज प्रदेश नम्बर २ को प्रादेशिक राजधानी हुनका तयारी अवस्थामा छ भन्दा फरक पर्दैन ।

पहिलो त राजधानीका लागि आर्थिक स्रोत एवम भौतिक पूर्वाधारको अपरिहार्यता आवश्यक हुन्छ । जुन जनकपुरभन्दा वीरगन्जसँग बढी छ । वीरगन्ज आर्थिक नगरी मात्र होइन, मुलुककै प्रवेशद्वार पनि हो । मुलुककै अपरिहार्यताको ७० प्रतिशत आयात वीरगन्जबाट नै हुने भएकाले मुलुकलाई आर्थिक योगदान दिने, राष्ट्रले वा विदेशले चिन्ने सवालमा यो सहर अगाडि छ ।

संघीयताको सवाल मधेश आन्दोलनबाटै उठान भएको हो जुन मधेश आन्दोलनको केन्द्रविन्दु पनि वीरगन्ज नै हो । मधेश आन्दोलनमात्र होइन, २०६२/६३ को आन्दोलनमा पनि वीरगन्ज क्षेत्रले ठूलो संख्यामा सहादत दिएको थियो भने आन्दोलनको राप बढाउन कार्यमा पनि उत्तिकै योगदान गरेको थियो । अझ पछिल्लो पटक भएको ६ महिनाको मधेश आन्दोलनलाई थेग्ने एकमात्र ठाउँ वीरगन्ज नै हुनुले पनि यसको महत्व उजागर हुन्थ्यो ।

यत्रो योगदान दिएको र राज्यको विभेदको सामना गरेको वीरगन्जलाई राजधानीसम्मको अवसर दिइएन भने यस क्षेत्रका बासिन्दाको मनोबल घट्न सक्छ । जसले गर्दा अगामी संघर्षमा ऊर्जा पनि कम प्राप्त हुन सक्छ ।

तर वीरगन्जको एउटा मुख्य कमजोरी के छ भने दलहरूको निर्णायक भूमिकामा यहाँका कुनै नेता छैनन् । यो क्षेत्रको निर्णायक शीर्षस्थ नेता नभएका कारणमात्र योग्य सहरलाई राजधानी नबनाउँदा अन्याय नै हुन सक्छ । कतिपय मधेशी दलले आफ्नो दलको केन्द्रीय कार्यालय पनि वीरगन्जमा नै राखेका छन् ।

**मधेशी दलको भूमिका**

राजपा र फोरम नेपालको गठबन्धनले प्रदेश नम्बर २ मा बहुमत ल्याएको छ । अन्य सबै प्रदेशमा सम्भवत: बामगठबन्धनको सरकार बन्दै गर्दा प्रदेश नम्बर २ मा मधेशी दलको सरकार बन्ने सम्भावना रहेको छ । मधेश आन्दोलनको केन्द्र प्रदेश नम्बर दुईमा कृषिलाई मात्र आधुनिकीकरण गरेर अगाडि बढ्ने हो भन्ने यो प्रदेश अन्य प्रदेशको तुलनामा छिट्टै विकास हुन सक्छ । सम्भावना भएर पनि सधैं राजनीतिको लागि प्रयोग हुँदै आएको प्रदेश नम्बर २ लाई मधेश केन्द्रित दलहरूले अबको दिनमा अवसरको रूपमा प्रयोग गर्न सक्नुपर्छ ।

मधेशी दलले आठवटै जिल्लामा अन्तरक्रिया, सम्वाद, सहमति र मेलमिलापको माध्यमबाट प्रदेशको राजधानी र नाम टुंगो लगाउनु उत्तम हुन्छ । यसले विवाद निम्त्याउँदैन भने सबैको सहमति र सहकार्यलाई समेट्न सक्छ ।

आ-आफ्नै ठाउँमा आन्दोलन गरेर, सामाजिक सञ्जालमा लेखेर, टिकाटिप्पणी गरेर विवाद गर्नु भन्दा एकअर्काको भावना बुझेर सहकार्य र सहमतिमा राजधानी र नामांकन टुंग्याउन उत्तम हो । तसर्थ, दलहरूले राजधानी र नामांकनको मुद्दालाई राजनीतिक सहमतिमै टुंग्याउनु पर्छ ।






# मिथिला दर्शन टी.भी.
## कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल : ९८४३१४६४८८**

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं